● वर्ष १४ ● अंक ४२ ● काठमाडौं, शुक्रबार, फागुन ३०, २०६५ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, March 13, 2009 ● पृष्ठ २४ ● मूल्य रु. ८/-




# फुटपाथमा नीलो चलचित्रको बजार

जितेन्द्र साह

भुइँमा बोराबाट ओसारिएको आलुझैं सिडी र डिभिडीका चक्काहरूको थुप्रो। वरिपरि हरेक उमेरका मानिसको भीड। विक्रेतालाई ग्राहकसँग ठीकसँग कुरा गर्ने फुर्सद पनि हुँदैन। राजधानीको रत्नपार्क, भोटाहिटी, जमल, ठमेल, बागबजार, दरबारमार्ग, कोटेश्वर चोक, असन आदि व्यस्त स्थानमा साँझपख यस्तै दृश्य देखिन्छ। व्यस्त सहरी जीवनमा अतिरिक्त आनन्दका लागि समय निकाल्न नसक्नेका लागि त्यो दृश्य कौतूहलको विषय हुनसक्छ। तपाईं त्यो दृश्य देखेर मनोसंवाद गर्दै हुनुहोला– 'कस्ता मूर्खहरू, घरछेउकै सडक र गल्लीमा सिडी एवं डिभीडी पसल हुँदाहुँदै फुटपाथमा किन्न पुगेका ?'

तर, आम सोचविपरीत फुटपाथका यी पसलले राजधानीमा 'नीलो चलचित्र' को सबैभन्दा ठूलो वितरकका रूपमा काम गरिरहेका छन्। प्रहरी छापाको डरले यस्ता चलचित्रको व्यापार गर्न नसकेका न्यूरोड, ठमेल र दरबारमार्गका ठूला कारोबारीहरूले फुटपाथमार्फत यसको सञ्जाल विस्तार गरेको बताइन्छ। यस्तो स्थलमा सुरक्षा निकायको पनि खासै ध्यान जाँदैन।

'हामी यहाँबाट दिन सक्दैनौं, तपाईंले खोजेको नेपाली किशोरीको चलचित्र साँझतिर जमल मोडको फुटपाथमा भेट्टाउनुहुन्छ,' न्युरोडका एक व्यवसायीले भने– 'हाम्रै पसल हो, नक्कली चक्का पर्दैन।' ती व्यवसायीले भनेझैं अलि अँध्यारो हुँदै जाँदा त्यो फुटपाथको पसलमा त्यस्तै चलचित्रको ग्राहक देखिए। ग्राहकमा सामान्य रिक्सावाला, ठेलावाला, श्रमिकदेखि सम्भ्रान्तहरू पनि थिए। ग्राहकको भीडमा किशोरी एवं युवती पनि देखिए।

अधिकांश ग्राहकले विक्रेतासँग सुस्तरी 'नेपाली छैन, नेपाली छैन' भनेको सुनिन्छ। ती विक्रेताका अनुसार नीलो नेपाली चलचित्रको माग धेरै छ, तर उनका अनुसार तीन वर्षयता नेपालमै बनेका यस्ता नयाँ चलचित्र बजारमा आएका छैनन्। 'पुरानै नेपाली चलचित्रलाई एउटै डिभिडीमा राखेर बिक्री गर्छौं,' उनले भने– 'नेपालीसँग अनुहार मिल्ने जापानी, ताइवानी, चिनियाँ र आसामी युवतीको नीलो चलचित्रले स्थानीय ग्राहकको मागलाई पूरा गरिरहेको छ।'ती मुलुकका चलचित्रलाई नेपालीमा डबिङ गरेर बिक्री गरिने हुनाले बजार ह्वात्तै बढेको छ। 'नीलो चलचित्रको एउटा ठूलो माफिया नै छ। ती चलचित्र नेपालीमा डबिङ

बाँकी पृष्ठ ३ मा



साप्ताहिक

मध्यपृष्ठमा

## पूजा लामा


## ● क्यासेट ●

### आगो




गायिका सीता केसीका पप गीतहरूको संग्रह 'आगो' बजारमा आएको छ। सम्भना अडियोको यो संग्रहमा नौवटा गीत संग्रहित छन्। बिजु बज्र, विजयसिंह मुनाल, प्रमोद उपाध्याय, सुरज मोक्तान तथा गायिका सीता केसीद्वारा संगीतबद्ध यो संग्रहका गीतहरू भूपेन्द्र खड्का, राजकुमार बगर, जनक दीप, नरेश भट्टराई, केदारनाथ ढकाल, सुरज मोक्तान तथा गायिका केसीले रचना गरेका छन्।

### स्याउदाइ




नेपाल भाषाका गीतहरूको संग्रह 'स्याउदाइ' श्रोतामाझ आएको छ। संग्रहका १२ वटा गीतमा स्वरूप राज आचार्य, विनु मानन्धर, दीपक स्वप्निल, मदनकृष्ण श्रेष्ठ, रत्नशोभा महर्जन, रोमियो प्रधान, आभा आचार्य, सरस्वती मानन्धर, प्रयत्न श्रेष्ठ, रोशन चाकुबजी तथा नलिना चित्रकारले स्वर प्रदान गरेका छन्।

### सजेसन




गायक भुवन सुप्तिहाङ राईको स्वरमा सजिएका आधुनिक गीतहरूको संग्रह 'सजेसन' बजारमा आएको छ। पञ्चरत्न म्युजिक एन्ड मेलोडीको यो संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। चन्द्रकुमार दोङ, शिव प्रधान, बडिराज राई, आलोकश्री, दिनेश वान्तवा तथा रामकृष्णद्वारा संगीतबद्ध संग्रहका गीतहरू बुद्धवीर लामा, मित्रजित राई, आनन्द अधिकारी, विरेश राई, नहकुल कान्छा, प्रशुमा कँडेल आदिले रचना गरेका हुन्।

## ● ग्यालरी ●

● वीरगन्जको घण्टाघर र घडीअर्वा पोखरी तथा अन्य विषयवस्तुलाई समेटेर शुक्रबारदेखि वीरगन्जमा सुरु गरिएको चित्रकला प्रदर्शनीले वीरगन्जका कलापारखीहरूलाई लोभ्याएको छ। रोटरी क्लब र रोट्राक्ट क्लब अफ वीरगन्जले संयुक्त रूपमा स्थानीय भिष्वा होटलमा आयोजना गरेको कला प्रदर्शनीमा निर्वाण आर्ट ग्यालरीमा आबद्ध चित्रकारहरूको तेल, पानी, चारकोल, सेरामिक निर्मित तस्विरहरू रखिएका छन्। कपडा र कागजले बनाइएका चित्रहरू तराई, हिमाल र पहाड तथा राजधानीवासीको जनजीवन, संस्कृति, रहनसहन, वेशभूषा आदिको भल्भल्को दिन्छ। प्रदर्शनीमा नरेन्द्र भट्टराई, डी. राम पाल्पाली, केशवराज खनाल, शन्त हिताङ, आलोक गुरुङ, पी ओनेम, प्रगेश बलामी, लीलाधर केसी, प्रदीप श्रेष्ठ, ए जब्बार, नरेश थापा, फयु भियतनामी तथा स्थानीय महिला चित्रकारहरू कविता केडिया, पल्लवी कावरा र स्मिता श्रीवास्तवका चित्रहरू राखिएका छन्।

● काठमण्डप आर्ट स्टुडियोको १५ औं वार्षिकोत्सवको अवसर पारेर राजधानीमा सामूहिक चित्रकला प्रदर्शनीको आयोजित गरिएको छ। बबरमहल रिभिजिटेडस्थित सिद्धार्थ आर्ट ग्यालरीमा सञ्चालन भैरहेको उक्त प्रदर्शनीमा काष्ठमण्डप आर्ट समूहका आशा डंगोल, भाइराज महर्जन, विनोद प्रधान, एरिना ताम्राकार, प्रदीप बज्राचार्य, प्रमिला बज्राचार्य तथा सुनिला बज्राचार्यले तयार पारेका चित्रहरू प्रदर्शित छन्। दुई सातासम्म जारी रहने उक्त प्रदर्शनीलाई 'सेलिब्रेसन-काष्ठमण्डप-२००९' शीर्षक दिइएको छ।

● कलाकार सञ्जु शाहीको 'फिदर फ्रेन्ड्स' शीर्षकका चित्रहरूको प्रदर्शनी लाजिम्पाटस्थित काठमाडौं ग्यालरीमा प्रारम्भ भएको छ। प्रदर्शनीमा चराहरूको जीवनका विभिन्न चरणका बारेमा बनाएका चित्रहरू राखिएका छन्। डाँफे, स्वर्गचरी, लाटोकोसेरो, कालिज, बुलबुल, गौंथली, हरियो लामपुच्छ्रे आदि चरालाई कलाकार शाहीले आफ्ना चित्रमा उतारेका छन्। यसअघि केही संयुक्त प्रदर्शनीमा सहभागिता जनाइसकेका कलाकार शाहीको यो पहिलो एकल प्रदर्शनी हो।

● धरानको छाताचोकमा एकदिने वातावरणीय चित्रकला सडक प्रदर्शनी सम्पन्न भएको छ। हाम्रो भविष्यका लागि हामी बसिरहेको पृथ्वीलाई सुन्दर अनि राम्रो राखौं भन्ने नाराका साथ सिमएनको सहयोगमा आयोजक स्वयं आर्ट्स ग्यालरी धरानले एकदिने चित्रकला प्रदर्शन गरेको हो। उक्त चित्रकला प्रदर्शनीमा सिनियर ग्रुप र जुनियर ग्रुप दुई भागमा गरेर धरान नगरभित्र रहेका स्कुलका विद्यार्थीहरूले बनाएका चित्र प्रदर्शन गरिएका थिए।


## ● पुस्तक ●

### नेपाली टेलिभिजन : अभ्यास, अनुभूति र विश्लेषण

नेपालमा टेलिभिजनको स्थापना र विस्तारका विषयमा तयार गरिएको पुस्तक 'नेपाली टेलिभिजन : अभ्यास, अनुभूति र विश्लेषण' का सम्पादक दीपा गौतम र शेखर पराजुली हुन्। मार्टिन चौतारीले प्रकाशन गरेको यो पुस्तक विभिन्न उप-शीर्षकसहित पाँच खण्डमा विभाजित छ। १ सय ५० रुपैयाँको यो पुस्तक ३ सय ९ पृष्ठमा फैलिएको छ। टेलिभिजन विषयमा रुचि राख्ने वा यो विषयलाई आफ्नो कार्यक्षेत्र बनाउन चाहने जो-कसैका लागि पनि यो पुस्तक पठनीय छ।

## ● चलचित्र ●

### जय वीरु



आज शुक्रबारदेखि सार्वजनिक प्रदर्शन हुने बलिउडको चलचित्र 'जय वीरु' मा फरदीन खान, कुनाल खेमु, दिया मिर्जा, अञ्जना सुखानी, अरबाज खान, राजेश खत्तर आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। पुनीत सिराद्वारा निर्देशित यो चलचित्रको निर्माण श्याम बजाजले गरेका हुन्। लामो समयपछि संगीतकार बप्पी लहरीको संगीत सुन्न पाइने यो चलचित्रका गीतहरू जावेद अली, मिका सिंह, मौली दवे आदि गायक-गायिकाले गाएका छन्। पुरानोचलचित्र 'शोले' का दुई मुख्य पात्र जय तथा वीरुको नामबाट शीर्षक जुराइएको यो चलचित्र पनि दुई जना मिल्ने साथीको कथामा आधारित छ। यो चलचित्रमा फरदीन खानले जयको भूमिका निर्वाह गरेका छन् भने कुणाल खेमू वीरुको रूपमा प्रस्तुत भएका छन्। चलचित्रको कथा अनुसार उनीहरू दुवै जना राम्रा साथी हुन्, तर अहिले उनीहरूको मित्रता शत्रुतामा परिवर्तन भएको छ। दुवै जना एक-अर्कालाई घृणा गर्छन्। उनीहरू दुवैलाई घृणा गर्ने अर्का पात्र पनि छन्, तेजपाल (अरबाज खान)। तेजपाल दुवैलाई समाप्त पार्न चाहन्छन्। चलचित्रको कथा अघि बढ्दै जाँदा जय र वीरु एकै साथ भाग्नुपर्ने स्थिति सिर्जना हुन्छ। उनीहरूले एक-अर्काको हत्या नगरे मात्र उनीहरू बाँच्ने अवस्था आउँछ। के उनी बच्न सफल होलान् ? के उनीहरूको शत्रुता मित्रतामा परिवर्तन होला ? भन्ने कुरा थाहा पाउन चलचित्र नै हेर्नुपर्नेछ।

### मिस मार्च

हलिउडमा यो शुक्रबारदेखि प्रदर्शन हुने 'मिस मार्च' हास्यप्रधान चलचित्र हो। १ घण्टा २९ मिनेट लामो यो चलचित्रको निर्देशन ज्याक केगर तथा ट्रेभर मुरले संयुक्त रूपमा गरेका हुन्। ट्वान्टिथ सेन्चुरी फक्सले वितरण गर्न लागेको यो चलचित्रमा ज्याक केगर, रकिल एलिसी, मोल्ली स्टेन्टन, होली हिन्डस्मान तथा केग रोबिन्सनले मुख्य भूमिका निर्वाह गरेका छन्। टम जाकोब्सनले निर्माण गरेको यो चलचित्रमा केही कामुक दृश्य समावेश गरिएकाले यसलाई बालबालिकाका लागि वर्जित गरिएको छ। चलचित्रमा एउटा लोकप्रिय पुरुष पत्रिकाको आवरण तस्विरका बारेमा आधारित छ। नायक चार वर्ष लामो कोमाबाट ब्यूँभिएपछि प्रारम्भ हुने यो चलचित्रको प्रारम्भदेखि अन्त्यसम्म हास्य दृश्य समेटिएका छन्। स्कुले जीवनकी आफ्नी प्रेमिका एउटा लोकप्रिय पुरुष पत्रिकाको आवरणमा प्रकाशित भएको सुन्नका लागि नै उनी कोमाबाट ब्यूँभिएका हुन्छन्। पत्रिकाको आवरणमा आफ्नी प्रेमिकाको तस्विर प्रकाशित भएपछि उनलाई पुनः आफ्नो जीवनमा फिर्ता ल्याउन नायकले गरेको संघर्षको कथाले यो चलचित्रलाई मनोरञ्जक बनाएको छ।



## ● रंगमञ्च ●

● गुरुकुलमा मञ्चन भैरहेको छायो नाटक 'गुर्डिल' मा उत्तरी युरोपको संस्कृति प्रस्तुत गरिएको छ। पुरानो युरोपेली परिकथामा आधारित यो नाटकमा रानीका रूपमा एउटी युवतीको ज्ञान परीक्षण हुन्छ। नोर्डिक मुलुक (नर्वे, डेनमार्क स्वीडेनलगायत उत्तरी युरोप) मा प्रचलित कथामा आधारित यो नाटक देखाउन डेनमार्कका निर्देशक म्याक्स माक्थिसन नेपाल आएका छन्। गुरुकुलका युवा रंगकर्मीहरूले अभिनय गरेको यो नाटकमा रानी बनेकी पशुपति राई, राजकुमार बनेका सौगात मल्ल र दोहोरो भूमिकामा देखिएका राजकुमार पुडासैनी र प्रवीण खतिवडा दर्शकलाई सम्मोहित गर्न सफल छन्। ५० मिनेटको नाटकमा प्रयुक्त हिमाली भल्भल्को मिल्ने वेशभूषाले उत्तरी युरोपको आभास दिन्छ भने रानीले गुनगुनाउने धुनमा सामी लोकसंगीतको भल्भल्को पाउन सकिन्छ। कथालाई जाति, भाषा, भूगोल, संस्कृति र उमेरको घेराबाट पर लाने एवं ज्ञान आदान-प्रदान गर्ने चाहनाबमोजिम नेपालमा नाटक मञ्चनको योजना बुनेको नाटकका निर्देशकले बताए। नाटक पुरानो बानेश्वरस्थित गुरुकुलको रिमाल थिएटरमा अभै तीन साता मञ्चन हुनेछ।



## तपाईंको यो साता



### यो साताको पञ्चाङ्ग

**चैत १ गते : नाला मच्छिन्द्रनाथ रथयात्रा, २ गते : विश्व उपभोक्ता अधिकार दिवस, ६ गते : शीतला अष्टमी।**

### मेष

प्रशस्तै समस्या आउनेछन्। साता खर्चिलो रहला। मनमा दुविधाले डेरा जमाउनेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। घरेलु समस्याले पनि सताउला। विश्वास गरेकाहरूले धोका दिनेछन्। स्वास्थ्य गडबड रहनेछ। शनिबार र आइतबार व्यवसाय बढ्नु काममा सुधार आउने तथा यात्रा हुने योग छ।

### मिथुन

आफन्तहरूको सहयोग पाउनुहोला। मान-सम्मान मिल्नेछ। पराक्रम एवं सोंच्ने शक्ति बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता पाउन अलि कसरत गर्नुपर्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। शत्रुदेखि सजग रहनुहोला।

### सिंह

साता मध्यम रहनेछ। पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ भने केही काममा सफलता पाइनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। धैर्यता अपनाउनुहोला। शत्रु एवं कुरा काट्नेहरूदेखि सजग रहनुहोला। घरेलु समस्याले सताउन सक्छ।

### तुला

साता मध्यम रहेनछ। खर्च एवं विवादले चिन्ता बढाए पनि धेरै काममा सफलता मिल्नेछ। धन आर्जन हुन सक्छ। अरूले आफूमाथि भरोसा गर्नेछन्। सोंच्ने शक्ति बढ्नेछ। व्यवसायबाट लाभ हुनेछ। धनमाल हराउन सक्छ, सजग रहनुहोला। आफन्तहरूको भरोसा छैन, आफैंले प्रयास गर्नुपर्नेछ।

### धनु

साता राम्रो छ। मान-सम्मान पाइने योग छ। काममा सफलता हात पर्नेछ। जोस एवं जाँगर बढ्नेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। रमाइलो यात्रा हुनसक्छ। अरूबाट सहयोग पनि पाउनुहोला। धार्मिक एवं सामाजिक कार्यबाट लाभ हासिल हुनेछ।

### कुम्भ

मन विचलित हुनसक्छ। गलत विचार बढ्नेछ। काममा अवरोध आउनेछ भने कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आम्दानीको मार्ग पनि बन्द हुनसक्छ। सोमबारदेखि मानसम्मान एवं काममा सफलता मिल्ने, आफन्तहरूको सहयोग पाइने तथा यात्रा हुने योग छ।

### वृष

सानातिना उल्भनको सामना गर्नुपरे पनि धेरै कुरामा सफलता मिल्नेछ। पराक्रम एवं प्रसन्नता बढ्नेछ भने व्यवसायमा सफलता पाउनुहोला। रमाइलो यात्रा हुन सक्छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। रोग एवं शत्रु बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला।

### कर्कट

समय अनुकूल बन्दैछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भाग्यले साथ दिनेछ। आफन्तहरूबाट सहयोग प्राप्त हुनेछ। मन प्रसन्न रहला। व्यवसायमा लाभ देखिन्छ। घर-घडेरीको बन्दोबस्त हुनसक्छ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुका साथै शत्रुबाट सजग रहनुहोला।

### कन्या

मान-सम्मान मिल्नेछ। भोजभतेर तथा सभा-सम्मेलनमा सहभागी हुने अवसर जुट्नेछ। व्यवसायबाट लाभ हासिल हुनेछ। पराक्रम एवं बोलीको प्रभाव बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। वैदेशिक कार्य सफल हुनेछ। आफन्तहरूबाट सहयोग पाउनुहोला। ठूला व्यक्तिसितको छलफलले मनोबल बढाउने देखिन्छ।

### वृश्चिक

आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। भोज-भतेरमा संलग्न हुने अवसर जुट्नेछ। व्यवसायबाट लाभ हात पर्नेछ। सम्मान पनि पाउनुहोला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। घरेलु समस्याले सताउने हुँदा सफलताका लागि घरबाहिरै रहनु उचित हुन्छ।

### मकर

ग्रहदशा बलिया छन्। अँटेको काममा सफलता मिल्नेछ। पराक्रमको गति तीव्र हुनुका साथै सानै प्रयासले पनि ठूलो काम फत्ते हुने देखिन्छ। व्यवसायबाट लाभ हात लाग्नेछ। कर्ममा जोड दिनुपर्ने बेला छ। यात्रा तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। प्रशंसा पनि पाउनुहोला। स्वास्थ्यको भने ख्याल गर्नुहोला।

### मीन

समय राम्रो भए पनि अवरोधको सामना गर्नुपर्ला। मनमा अनेक कुरा खेल्नेछन्। स्वास्थ्यले साथ नदिन सक्छ। आम्दानी भए पनि खर्च बढ्ने हुँदा धन सञ्चित हुन गाह्रो छ। विवाद बढ्न सक्छ। व्यवसायमा प्राप्त हुने सफलता यथावत् रहनेछ। आफन्तहरू टेढिन सक्छन्। शत्रु पराजित हुनेछन्। वैदेशिक कार्यमा जोड दिनुहोला।

# फुटपाथमा नीलो चलचित्रको बजार

पृष्ठ १ बाट जारी

गरेपछि बजारमा ल्याइन्छन्,' विक्रेताहरूले भने। विदेशी नागरिक र नेपाली युवतीलाई लिएर यस्ता चलचित्र युरोपेली मुलुक एवं भारतमा छायांकन भएपछि संसारभरि पुग्ने गरेको एक मुख्य विक्रेताले बताए।

अहिले बजारमा तीन वर्षअघि एक किशोर प्रेमीले प्रेमिकालाई भुक्याएर खिचेको चलचित्र 'टिनसेक्स,' एक शिक्षित घरेलु नोकरले मालिक्नीलाई प्रेमजालमा फसाएर बनाएको 'खुल्ला बेड रुम,' एवं धरान, इटहरी, चितवन र पोखरामा खिचिएका नेपाली चलचित्रहरू बिक्री भैरहेका छन्। यस्ता अधिकांश चलचित्रमा नेपाली भाषाका संवादसहितका दृश्य छन्।

लमजुङकी एक विवाहित युवतीलाई नातामा भाइ पर्नेले यौनजालमा फसाएर चलचित्र बनाएका रहेछन्। 'त्यो चलचित्र बजारमा अहिले सबैभन्दा बढी बिक्री भैरहेको छ,' उनले भने। ती युवतीले अहिलेसम्म प्रहरी निकायमा उजुरी हालेकी छैनन्। ती युवती नयाँ बानेश्वरमा बस्छिन्। उक्त प्रकरणपछि श्रीमान्ले उनलाई छोडिसकेका छन् भने उनको कथित प्रेमी रोजगारका क्रममा विदेश पलायन भएको छ।

उक्त सिडी ती युवती र उनको प्रेमीको तस्विर राखेर बिक्री भैरहेको छ। 'त्यो चलचित्र तीन वर्षअघिको हो, मलाई कसैले चिन्दैन, पत्रिकामै तस्विर आए पनि मलाई फरक पर्दैन,' निकै प्रयासपछि सम्पर्कमा आएकी ती महिलाले यो पंक्तिकारसँग भनिन्– 'प्रहरीमा गएर पनि के हुन्छ ? उनीहरूले पनि मलाई के बाँकी राख्लान् र ?'

'तपाईं कुन जमानामा हुनुहुन्छ ? अहिले बालबालिका, किशोर-किशोरी उमेरकाले यस्तो चलचित्र मात्र खोज्छन्,' बागबजारका एक विक्रेताले भने। उनका अनुसार तिब्बतको खासा बजार हुँदै किशोरीको यौन संसर्गसम्बन्धी चलचित्र खुलेआम राजधानी भित्रिरहेका छन्।

अधिकांशले नेपालीसँग मिल्ने मंगोलियन अनुहारका चलचित्र बढी मन पराउँछन्। उनीहरूले मुख्य विक्रेताबाट ३ सय रुपैयाँमा 'ओरिजनल' प्रिन्ट ल्याएर त्यसकै थुप्रै कपी बनाएर बेच्छन्।

'हामी एक मास्टर कपीबाट एक हजार सिडी र डिभिडी बनाउँछौं, एक सिडी वा डिभिडीलाई न्यूनतम ५ देखि अधिकतम २५ रुपैयाँ नाफा राखेर बेच्छौं,' ठमेलका एक विक्रेताले भने– 'हरेक साता ५ सयको हाराहारीमा नयाँ नीलो चलचित्र बजारमा आउँछन्।' उनले ती सबै साताभरिमै आरामले बिक्री हुने बताए।

'उजुरी नपरेसम्म प्रहरीले छापा मार्दैन, सामाजिक संस्कृति र परम्पराका कारणले सबैले गोप्य रूपमा यस्तो चलचित्र हेर्ने हुनाले यो कसैको टाउको दुखाइको विषय नै होइन,' रत्नपार्कमा ११ वर्षदेखि कारोबार गरिरहेका एक विक्रेताले भने। अहिले यस्ता चलचित्रका महिला ग्राहक पनि उत्तिकै बढेको उनले बताए।

युवायुवतीले विवाह हुन लागेको साथीलाई कन्डमसँगै यस्ता चलचित्र उपहार दिने गरेको विक्रेताहरूले रहस्य खोले। दुई वर्षयतादेखि महिलाहरूले बूढा वा ब्वाइफ्रेन्डलाई मख्ख पार्नुपर्‍यो भन्दै यस्ता चलचित्र किनेर लाने गरेको उनले बताए। त्यस्ता महिला ग्राहकले 'बूढाबूढीले हेर्ने' वा 'ठूलाहरूले हेर्ने' चलचित्र भनेर सिडी र डिभिडी किन्ने गरेको देखियो। विक्रेताहरूका अनुसार कम उमेरका युवती र धेरै उमेरका पुरुष एवं भर्खरका युवक र अलि उमेर खाएका युवतीबीच यौनसंसर्ग भएका चलचित्रको माग धेरै छ।

प्राय:जसो मसाज पार्लर, डान्स बार, डिस्को र क्याबिनमा काम गर्ने युवतीहरूले आरामले यस्तो चलचित्र लाने गरेको उनीहरूले बताए। यौनकर्मी महिलाले बजारमा आएको यौनको नयाँ शैली सिकेर ग्राहकलाई खुसी राख्न यस्ता चलचित्र लगेर हेर्ने गरेको ठमेलका एक व्यवसायीले बताए।

विक्रेताहरूले माग भए नीलो चलचित्रको इतिहासदेखि वर्तमानसम्मका सिडी र भिसिडी उपलब्ध गराउन सक्ने दाबी गरे। ब्लू र थ्री-एक्स सबैले बुझ्ने भाषा भएकाले यस्तो चलचित्र खोज्दै आउने ग्राहकले अचेल कोड शब्द 'नयाँ माल,' रेड लेबल,' भेलपुरी, समोसा वा पानीपुरी जस्ता शब्द प्रयोग गरेर चलचित्र हेर्ने इच्छा जाहेर गर्छन्। उनीहरूका अनुसार इन्टरनेटबाट यस्ता चलचित्र सजिलै डाउनलोड गर्न सकिए पनि अनावश्यक झन्झटबाट बच्न ग्राहकहरू सिडी र डिभिडी नै किन्छन्।

हनुमानढोका प्रहरी कार्यालयका एक निरीक्षकका अनुसार केही वर्ष यतादेखि नीलो चलचित्र बनाइएको र बिक्री गरिएको कुनै उजुरी परेको छैन। बेला-बेलामा विक्रेतालाई समाएर त्यस्ता चलचित्र जफत गर्दै कारबाही गरिएको उनले बताए।

यस प्रकारको चलचित्र बनाउने र बेच्नेलाई कारबाही गर्ने कडा कानुनी व्यवस्था नभएको प्रहरीहरू बताउँछन्। डर, त्रास देखाउन र सामाजिक दबाब दिन केही सामाजिक अपराध ऐनमा कारबाही गरिंदै आएको उनीहरूले बताए। ऐनअन्तर्गत प्रमुख जिल्ला अधिकारीले पहिलो कसुरमा कागत गरेर नसिहत दिंदै छोड्न सक्ने व्यवस्था छ। यसैगरी अपराध अनुसार १० हजार रुपैयाँसम्म जरिवाना र उक्त सजाय पनि अपर्याप्त लागे दुई वर्षसम्म कैद गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई छ।

अनुसन्धान अधिकृतहरूका अनुसार रोजगारका क्रममा भारत वा युरोपेली मुलुक पुगेका युवायुवतीले यस्तो चलचित्रमा काम गरेका घटना जानकारीमा आइरहेका छन्। छिटो र धेरै आर्थिक लाभ हासिल गर्ने होडमा काठमाडौंदेखि विश्वका विभिन्न मुलुकमा यस्तो चलचित्र निर्माण गर्ने समूह सक्रिय रहेको प्रहरीहरू बताउँछन्। 'यस्ता घटनाबाट बच्न सबैभन्दा पहिले नागरिक समाज र अभिभावक सचेत हुनुपर्छ,' एक प्रहरी अधिकृतले भने– 'यस्ता अपराधलाई निरुत्साहित गर्न पीडित पक्षले प्रहरीलाई ठोस सूचना दिनुपर्छ।' उनका अनुसार हालै बनेको नयाँ कानुन मानव बेचबिखन ऐनमा यो विषयमा कारबाहीसम्बन्धी स्पष्ट व्यवस्था छैन।

● सम्पादकीय ●

# समस्या समाधान गर

सरकारको सानो गल्तीको परिणाम मुलुकले कसरी भोग्नुपर्छ भन्ने उदाहरण भएको छ अहिलेको तराई आन्दोलन । सरकारले एक अध्यादेशमार्फत् तराईका सबै जनजाति/आदिवासीलाई मधेसी समुदायका रूपमा परिभाषित गरेपछि त्यसको विरोधमा थारू समुदायले प्रारम्भ गरेको आन्दोलनमा तराईका अरू जनजाति/आदिवासी र अल्पसंख्यक समुदायहरूले समेत समर्थन जनाउँदै सहभागिता गरेपछि अहिले तराई दनदनी बलिरहेको छ । तराईमा सिर्जिएको समस्याको असर मुलुकका अन्य क्षेत्रहरूमा समेत देखिन थालेका छन् । तराई आन्दोलनले मुलुकलाई पक्षाघातको अवस्थामा लगिसक्दा पनि सरकारले आफ्नो निर्णय फिर्ता नलिनु र वार्ताबाटै समस्याको समाधान खोज्ने एकतर्फी रटान लगाइरहेको छ । आन्दोलनकर्मीहरूको एक मात्र माग सरकारद्वारा जारी गरिएको आत्म पहिचान गुम्न सक्ने विधेयक खारेज हुनुपर्छ भन्ने नै छ, तर सरकारले त्यसतर्फ कुनै ध्यान दिन सकेको छैन । यो अवस्थामा मुलुकले कतातिर कोल्टे फेर्ने हो यसै भन्न सकिँदैन । युगौंयुगदेखि तराईमा आफ्नो अस्तित्व र पहिचानसहित बस्दै आएका थारूलगायत अन्य जनजाति/आदिवासी जनजातिको तराईको परिचय मात्र नभै आत्मासमेत हुन् भन्ने कुरा नेपाल र नेपालीलाई नजिकबाट अध्ययन गर्ने सबैजसो विद्वान्ले स्वीकार गरेको कुरा हो । अहिले उनीहरूलाई आप्रवासीका रूपमा तराईलाई आफ्नो थलो बनाउने एउटा खास वर्ग वा समुदायसँग गाँसेर हेर्नु सरकारको गम्भीर गल्ती हो । यस्तो गल्ती नसच्याइएसम्म तराई आन्दोलन मत्थर हुने वा समाप्त हुने कुनै संकेत देखिएको छैन ।

नेपालको आर्थिक मेरुदण्ड मानिने तराई आन्दोलनरत भएपछि त्यसको असर मुलुकको आर्थिक तथा सामाजिक क्षेत्रमा मात्रै देखा परेको नभै त्यसले राजनैतिक बबन्डरसमेत ल्याएको छ । राजधानी काठमाडौंलगायत मुलुकका पहाडी क्षेत्रहरू यतिबेला खाद्यान्नलगायत अन्य दैनिक उपभोग्य वस्तुहरूको अभाव झेल्नुपर्ने अवस्थामा पुगेका छन् । कतिपय जिल्ला भोकमरीको चपेटामा पर्न सक्ने संकेतहरू देखिइसकेका छन्, तर पनि सरकारले तराईका आदिवासी/जनजातिहरूको आन्दोलनलाई समयमै सम्बोधन गर्ने तत्परता देखाउन सकेको छैन । यस्तो अवस्थामा सरकारको लाचारी आमनेपाली जनताले अझै कति दिन भोग्नुपर्ने हो, यसै भन्न सकिने अवस्था छैन । थारू समुदायबाट प्रारम्भ भएको तराई विद्रोहमा दिनहुँजसो नयाँ नयाँ मोड देखापर्नु र त्यसमा अन्य आदिवासी/जनजातिहरूले समेत समर्थन जनाउँदै जानुले यो समस्या सरकारको नियन्त्रणबाट बाहिर गैसकेको संकेत दिन्छ । सरकारले इमानदारीका साथ यो समस्यालाई समाधानको गोरेटो देखाउने हो भने सबैभन्दा पहिले प्रशासनमा समावेशीकरण गर्ने नाममा ल्याइएको सामाजिक सेवा अध्यादेश २०६५ लाई तत्काल फिर्ता लिनुपर्छ र तराईका आदिवासी/जनजातिलाई राजनैतिक लाभका उद्देश्यले परिभाषित गर्ने कुनै पनि कुत्सित प्रयासको अन्त्य गरिनुपर्छ । त्यसपछि मात्र अहिलेको तराई समस्या समाधानको बाटोतर्फ डोरिन सक्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

## फरक पृष्ठभूमिमा विवाह

हिजोआज पाश्चात्य मुलुकमा गएका नेपाली युवाहरू फर्कन थालेका छन् । उनीहरू योग्य जीवनसाथीको खोजीमा केही समयका लागि स्वदेश फर्किएका हुन् । उनीहरूले नेपाली संस्कार नै आफ्ना सन्ततिलाई दिने चाहना राखेका छन् । त्यसैले उनीहरू विदेशमा पनि नेपालीसँगै जीवन बिताउन चाहन्छन् । विदेशमा नेपालीभन्दा पनि योग्य जीवनसाथी भेटिन्छन् । अन्तर्राष्ट्रिय विवाह उनीहरूको चाहना नहुने कारण विदेशीसँग गाँसिने सम्बन्ध दिगो नहुनु नै हो ।

यद्यपि अब नेपालीहरूले फरक-फरक पृष्ठभूमि भएका व्यक्तिहरूबीच वैवाहिक सम्बन्ध गाँस्नु आवश्यक छ । विवाहको एउटा उद्देश्य सन्तान जन्माउनु पनि हो । फरक पृष्ठभूमि भएका मातापिताका तर्फबाट जन्मिएका बालबालिका, सामान्य केटाकेटीभन्दा अब्बल हुन्छन् भन्ने कुराको पुष्टि त चिकित्साविज्ञानले पनि गरिसकेको छ ।

विदेशीसँग विवाह गर्नु हालका वर्षमा प्रतिष्ठाको विषय हुँदै आएको छ । धेरैको अन्तर्राष्ट्रिय विवाह-बन्धनमा बाँधिने इच्छा हुँदाहुँदै पनि जातीय संकीर्णताले ग्रस्त पारिवारिक पृष्ठभूमि भएका कतिपय नेपाली वर-वधू खोज्न नेपाल आउँछन् ।

विदेशबाट फर्किएका प्रायः युवकले नर्स खोज्ने गरेका छन् । विदेशमा नर्सिङ विषय पढ्ने विद्यार्थीहरू घट्दै गएकाले ठूल्ठूला अस्पतालमा समेत नेपाली नर्सले रोजगारी पाइरहेको देखेका नेपाली युवकहरू नर्ससँग विवाह गर्न आतुर देखिन्छन् । विवाह बढीभन्दा बढी ठाउँमा सम्बन्ध विस्तार गर्ने माध्यम हो । अन्तर्राष्ट्रिय वा एक जातिभन्दा अर्को जातिसँग विवाह गर्नु सम्बन्धलाई व्यापक बनाउने एक महत्त्वपूर्ण उपाय हो । देशभित्र पनि एउटै जातिमा विवाह गर्ने चलन अन्त्य गरी फरक-फरकका जातिबीचको विवाहलाइ बढावा दिइनुपर्छ ।

यसबाट जातीय कुरीति एवं कुसंस्कार हटाउन सहयोग मिल्छ । विभिन्न किसिमका भेदभावको अन्त्य भै समाजमा भाइचाराको विकास हुन्छ । जातीय भेदभाव निर्मूल पार्न जुटेकाहरूले, अन्तर्जातीय विवाहको मुद्दालाई सँगसँगै लगे आफ्नो उद्देश्य हासिल गर्न सक्छन् ।

**–रविन राचलिका**

● चिठीपत्र ●



## सुन्दरीहरूलाई स्वागत गरौं

कीर्तिपुरकी प्रतिमालाई मोडलिङमा चाहना छ, तर उनलाई मोडलिङमा कसरी प्रवेश गर्ने भन्ने जानकारी छैन । सुन्दर अनुहार भएका मोडलहरू टेलिभिजनको पर्दामा झुल्कँदा उनलाई पनि मोडल हुने रहरले कुत्कुत्याउँछ, तर उनलाई मोडलिङको बाटोमा डोऱ्याउने कोही छैनन् । नेपाली समाजमा यस्ता युवती धेरै छन्, जसको चाहना मोडलिङमा क्यारियर बनाउने भए पनि बाटो नपाएर अर्कै पेसा रोज्न बाध्य छन् ।

हिजो नेपालमा पनि छोरीहरूले मोडलिङमा लाग्ने इच्छा व्यक्त गरे पनि अभिभावकहरूबाट स्वीकृति पाउन गाह्रो थियो । त्यतिबेला अभिभावकहरू मोडलिङप्रति गलत धारणा राख्थे, तर आज मोडलिङमा क्यारियर बनाउन खोज्ने सन्तानहरूले अभिभावकबाट पनि स्वीकृति पाउन थालेका छन् । एउटी स्वीडिस सुन्दरीले भनेकी छिन्– मलाई प्रतियोगितामा अरूभन्दा गरिब देशको प्रतिनिधित्व गरी आउने सुन्दरीहरूसँग डर छ, किनभने गाँस-बास-कपासको प्रश्नमा हाम्रोभन्दा तिनीहरूको जवाफ तार्किक हुन्छ ।

नेपाली युवतीहरूमा मोडलिङलाई लिएर अझै धेरै भ्रमहरू छन्, जसको समाधानलाई पहिलो प्राथमिकता दिनुपर्छ । मोडलिङमा यौनशोषण हुने, नग्नतालाई जोड दिने, नयाँ प्रवेशीलाई पारीश्रमिकमा ठग्ने, रूप सुन्दर हुनुपर्ने, आँखामा यौनिकता हुनुपर्ने, अंग्रेजी भाषा अपरिहार्य जस्ता भ्रम प्रत्येक नवप्रवेशी मोडलमा छन्, जसका कारण तिनीहरूको मनमा सन्त्रास छ । पुराना स्थापित मोडलहरूले नै यी भ्रमलाई चिर्ने प्रयत्न थाल्नुपर्छ । नवप्रवेशी मोडलहरूमा पनि म आफ्नै बलबुतामा खडा हुन सक्छु, मलाई अरूको निर्भरता चाहिँदैन भन्ने आत्मभिमान आवश्यक छ ।

नेपालमा धेरै सुन्दरता र सुन्दरताभित्रका प्रतिभाहरू छन्, तर तिनीहरूलाई बाटो थाहा छैन । इच्छा र आकांक्षा हुँदाहुँदै पनि उनीहरू त्यसलाई दबाएर बस्न बाध्य छन् । त्यस्ता नवप्रवेशी आगन्तुक सुन्दरता र प्रतिभाहरूलाई स्वागत गरौं । नेपालको मोडलिङ मर्यादित पेसा हुने र नयाँ-नयाँ सुन्दरीहरूको प्रवेश एवं स्वस्थ प्रतिस्पर्धा हुने हो र तिनीहरूभित्र भएका प्रतिभालाई अझ तिखार्ने हो भने अवश्य पनि नेपालका सुन्दरीहरू विश्वका अरू सुन्दरीहरूको प्रतिस्पर्धी हुनेछन् ।

**–प्रेमकृष्ण श्रेष्ठ**

● तीतो सत्य ●

यदि हामी मानव जातिले केही कर्म गर्न सकेनौं भने हामी चेतनशील भएको के काम ?

अवसर पटकपटक आउँदैन अवसर आएको बेला त्यसको सदुपयोग गर ।

आफूले गरेको कुरा अरूलाई बुझाउन सकिएन भने पढ्नु व्यर्थ छ ।

अध्ययन व्यावहारिक भएन भने मानिसले चाहे डिग्री नै हासिल गरोस् त्यसको कुनै औचित्य रहँदैन ।

**नारायण कुँवर, गुल्मी**

दुष्टले माया गर्दैन, कसैको हित चाहँदैन र सुविचार पनि प्रकट गर्दैन ।

जहाँ शंका उत्पन्न हुन्छ, त्यहाँ अविश्वास पैदा हुन्छ ।

दूधमा घिउ, फलमा रस, तेलमा चिल्लो र घाममा ताप हुन्छ भने मानिसमा मानवता हुनु पनि नितान्त जरुरी छ ।

सम्पत्ति हुँदाका बखत साथ दिने तथा अगाडि-पछाडि लाग्नेहरूले नै विपत्ति पर्दा धोका दिन्छन् ।

**विन्दु लामा, खोपासी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

● सहर चर्चा ●



## बुढ्यौलीको चाहना

सगरमाथामा विभिन्न प्रकारका कीर्तिमान पनि नेपालीहरूले नै कायम गरेका छन् र यो क्रम जारी नै छ । यही कीर्तिमान राख्ने क्रममा अर्को एउटा विश्वकीर्तिमान राख्ने धुनमा छन्– ८० वर्षीय शैलेन्द्रकुमार उपाध्याय । उपाध्याय तिनै नेता हुन् जसले दुई पटक परराष्ट्र मन्त्रालय तथा विभिन्न कूटनैतिक नियोगको प्रमुखका रूपमा आफ्नो लामो राजनैतिक जीवन गुजारेका छन् । २०४६ सालको आन्दोलनपश्चात् सक्रिय राजनैतिक जीवनबाट टाढा भएका शैलेन्द्रकुमार उपाध्याय सबैभन्दा बढी उमेरमा सगरमाथा चढ्ने व्यक्तिका रूपमा नेपालको प्रतिनिधित्व गर्दै विश्वकीर्तिमान राख्ने धुनमा छन् । अहिले दिन-रात फिजिकल फिटनेस तथा स्वास्थ्य-परीक्षणमा व्यस्त उपाध्यायले गएको डिसेम्बर ३१ मा ६ हजार ५० मिटरको आइसल्यान्ड पिकको सफल आरोहण गरिसकेका छन् । एभरेस्ट एक्स्पिडिसन ग्रुप नामको संस्था खोलेर आफ्नो अभियानमा सक्रिय उपाध्यायको चाहना वृद्धाश्रम बनाई त्यसलाई बौद्धिक अनुसन्धान केन्द्र बनाउने र शान्तिको सन्देश फैलाउने छ । सगरमाथा चढ्ने ७५ वर्षीय जापानी नागरिक मिउराको कीर्तिमान तोड्ने दृढता उनको छ । आगामी मे महिनाभित्र सगरमाथा चढ्ने योजना भएको उपाध्यायले बताए ।

● साइबर गर्ल ●

## आन्याको लक्ष्य



बागडोल, जावलाखेलकी आन्या क्षेत्री पछिल्ला केही वर्षदेखि मोडलिङमा रमाइरहेकी छिन् । काठमाडौं उत्सवमा आयोजित फेसन सोमा क्याटवाक गर्दै मोडलिङ यात्रा प्रारम्भ गरेकी २० वर्षीया आन्या ५ फिट ६ इन्च अग्ली छिन् । ए लेवलको अध्ययन पूरा गरेकी आन्याको आँखाको रंग खैरो भए पनि उनी गहुँगोरी छिन् । इमान्दार तथा समझदार व्यक्तिलाई जीवनसाथी बनाउने बताउने आन्याले आफूलाई 'कर्पोरेट वुमन' का रूपमा स्थापित गर्ने लक्ष्य लिएकी छिन् । जीवनलाई नजिकबाट बुझ्न सक्ने क्षमता भएको बताउने आन्याले केही मोडलिङ प्रतियोगितामा पनि सहभागिता जनाइसकेकी छिन् । आफ्ना सुन्दर आँखाका कारण धेरैको प्रशंसा बटुलिसकेकी आन्याको मोडलिङ धारणा छ– 'मोडलिङ व्यक्तित्व विकास गर्ने तथा आत्मविश्वास बढाउने माध्यम पनि हो ।' उनका आकर्षक तस्बिरहरू आवरनेपाल डटकममा हेर्न सकिन्छ ।

● मुखाले ●

हामीले बनाएको र हामी सहभागी सरकार ढाल्न अन्त कतै जानुपर्दैन ।
**–केपी शर्मा ओली, नेकपा एमाले**

प्रचण्डको आन्तरिक हृदय र चिन्तन षड्यन्त्रकारी छ । उनी षड्यन्त्रकारी मानिस हुन ।
**–लक्ष्मण थारू**
**अध्यक्ष, थरूहट राज्य परिषद्**

माओवादी अरूलाई निमिट्यान्न पार्ने तयारीमा छ ।
**–सूर्यबहादुर थापा, नेता, राजपा**

केही गर्न मात्र थालेका थियौं, देशी-विदेशी शक्ति सरकार गिराउने तयारीमा लागिहाले ।
**–डा. बाबुराम भट्टराई, अर्थमन्त्री**

नेपाली कांग्रेसले संक्रमणकालीन समयमा आगो सल्काउने प्रयास गरिरहेको छ ।
**–उपेन्द्र यादव, परराष्ट्रमन्त्री**

हामीसँग पनि सेना निर्माणको विकल्प छैन ।
**–महेन्द्र यादव**
**अध्यक्ष, नेपाल तरुणदल**

चरमपन्थीहरू प्रचण्डकै काँधबाट बन्दुक पड्काउन चाहन्छन् ।
**–कृष्ण पहाडी, मानवअधिकारकर्मी**

व्यापारीको पनि मन हुन्छ ।
**वसन्त चौधरी, उद्योगपति**

मिस नेपाल आफ्नो प्रतिभा देखाउने प्लेटफर्म हो भन्ने कुरा विरोधीहरूले बुझ्नुपर्छ ।
**–मोनिका शेरचन**
**किड क्विन नेपाल, २००९**

# अरूलाई गाली गरेर देश बन्दैन


तस्बिर : नवराज बाग्ले

कलैयामा होटल चलाएर जीविका चलाउने सामान्य परिवारका विनोद दास केही समययता सञ्चारमाध्यममा छाइरहेका छन्। यसमा नेपाली क्रिकेट टिमले पाएको सफलताभन्दा पनि उनको व्यक्तिगत स्वभावले काम गरेको छ। नेपाली क्रिकेट टिमका कप्तान दास मिडियासँग फ्रेन्ड्ली व्यवहार मात्र गर्दैनन्, आफ्ना सबै कुरा खुलस्त भन्न रुचाउँछन्। नेपाली क्रिकेटको स्तर बढाउन विभिन्न योजना बनाइरहने दास गत महिना काठमाडौंमा भएको एसीसी अन्डर सेभेन्टिन कपमा नेपालको जितबाट उत्साहित छन्।

**सन् २००१ देखि अन्डर एज टाइटलका सबैजसो खेलमा नेपालले जित हासिल गरिरहेको छ तर जब राष्ट्रिय टिमको कुरा आउँछ नेपाल कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिताको पिचमा लामो समय टिक्न सक्दैन किन होला ?**

क्रिकेटमा खेलाडीहरूले राम्रो सम्भावना देखाएका छन् । यो खुसीको कुरा हो। यद्यपि हामीमा व्यावसायिक सोचको कमी छ। नेपालमा कुनै पनि खेल व्यवसायिक हुन सकेको छैन । क्रिकेट एउटा पेसा हो, जबसम्म यसलाई व्यवसायिक रंगमा रंगाउन सकिँदैन, अन्तर्राष्ट्रिय प्रतियोगितामा ठूलो सफलता हासिल गर्न सकिँदैन ।

**कनिष्क चौगाई, वरदान चालिसे, सागर पन्त, दीपेश खत्रीजस्ता दर्जनौं चर्चित खेलाडी विदेश गएपछि राष्ट्रिय टिम कमजोर भएको मानिन्छ नि ?**

तपाईंले नाम लिएका धेरैजसो खेलाडी दुईवटा कारण देखाएर विदेश गएका छन्, एउटा अध्ययन र अर्को अवसर । मलाई लाग्दैन, नेपालमा एउटा खेलाडीले अध्ययन गर्न नपाउने कुनै विषय छ। त्यसैले अध्ययन गर्न विदेश जाने बहाना मात्र हो। वास्तवमा सबै खेलाडी देशको अवस्थाबाट निराश भएर बिदेसिएका हुन्। यदि क्रिकेटमै भविष्य सुरक्षित छ भन्ने अनुभव गराउन सकिएको भए उनीहरूलाई रोक्न सकिन्थ्यो ।

**साना खेलाडीले सफलता पाइरहेका छन्, तर राष्ट्रिय टिमको असफलताले दुःख लाग्दैन ?**

अन्तर्राष्ट्रिय क्रिकेट खेलाडीहरूले वर्षमा झन्डै ३० वटा राष्ट्रिय प्रतियोगिता खेल्छन्, हामीकहाँ त्यस्तो अवसर छैन । राम्रा खेलाडी विदेश पलायन हुनु पनि एउटा कारण बनेको छ। क्रिकेटको स्तर बढाउन चौधरी ग्रुप तथा सूर्य नेपालले एक-एकवटा प्रतियोगिताको प्रायोजन गरेका छन् । यस्ता धेरै इन्डस्ट्रियल ग्रुपलाई राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता गराउन प्रेरित गर्न सकिएको छैन । स्थानीय क्रिकेट क्लबहरूले वर्षैभरि प्रतियोगिता गरिरहनुपर्छ। खेलाडीहरूका लागि जागिरको व्यवस्था मिलाउनुपर्छ । यी सबै कमजोरीका कारण हामीले सफलता पाउन नसकेका हौं। यो मेरा लागि दुःखको कुरा त हो, तर यो देशका सबै चेतनशील नागरिकका लागि पनि दुःखको कुरा हुनुपर्छ।

**साथीहरू बिदेसिंदा पनि तपाईं चाहिं नेपालमै रोकिनुभयो, यसको अर्थ आफूलाई नेपालमै सुरक्षित मान्नुभएको हो ?**

मैले नेपालको क्रिकेटमा १५ वर्ष इन्भेस्ट गरें। क्रिकेटकै कारण मैले स्नातक पनि पूरा गर्न सकेको छैन । यसको अर्थ अब मैले बसीबसी खान पाउनुपर्छ भन्यो भने त्यो बेबकुफी हुन्छ । त्यसबापत मैले एउटा पहिचान पाएको छु । मलाई मानिसहरूले चिन्छन्, त्यो पनि राम्रा कामका लागि चिन्छन् । के यो फाइदा होइन ? सबै कुरालाई पैसासँग जोडेर हेर्नु हुँदैन । म विदेश गएँ भने के क्रिकेट खेल्न पाउँछु ? क्रिकेट खेलेरै यति धेरै माया र सम्मान पाउँछु ? पाउँदिनँ भने पैसाका लागि अरूको देशमा किन दुःख गर्न जाऊँ ?

**तपाईंले भनेको कुरा सही हो, यद्यपि आधुनिक जीवनमा पैसाको महत्त्व अरू कुराभन्दा बढी हुन्छ, होइन र ?**

मेरा लागि बेलायतभन्दा कलैया प्यारो छ, हङकङभन्दा काठमाडौं प्यारो छ। म परिवारसँग रमाउँछु। अरू किन विदेश गए म भन्न सक्दिनँ, तर म अरू सामान्य जनता नेपालमा जसरी बाँचेका छन्, मैले पनि बाँच्नुपर्छ, बाँच्न जान्नुपर्छ भन्छु। म अहिले जेभियर स्कुलमा क्रिकेट प्रशिक्षक छु। आ□नै देशमा रोजगारी हुनु ठूलो कुरा होइन र ?

**त्यसो भए विदेश जानुहुन्न ?**

तालिम लिन जान्छु। अरू देशमा क्रिकेट खेल्ने अवसर आयो र नेपालको म्याच खेल्न अवरोध हुँदैन भने जान्छु, तर राष्ट्रिय क्रिकेट टिमको कप्तान भएर पैसाकै लागि विदेशमा अन्य काम गर्न जान मिल्दैन। म देशको प्रतिनिधित्व गर्ने मानिस भैसकेको छु। मैले मेरो मर्यादा बुझ्नुपर्छ।

**तपाईं मधेसको मानिस, पहाडे त्यसमाथि पनि काठमाडौंकी युवती विवाह गर्नुभयो, यसले के संकेत गर्छ ?**

मैले कहिल्यै पनि आफूलाई म मधेसको हुँ भनेर सोचिनँ। विद्यालय अध्ययन गर्दादेखि नै मैले नेपाली नागरिकका रूपमा आफूलाई चिनें। विवाह गर्दा पनि करुणा पहाडे हुन् वा क्षेत्री भन्ने कुरा सोचिनँ। करुणा नेपाली- म नेपाली, करुणा महिला- म पुरुष, करुणा मलाई माया गर्छिन्, म उनलाई माया गर्छु, यत्ति हो, हाम्रो विवाहको कारण। हाम्रो परिवार जात, धर्म तथा क्षेत्रबाट माथि उठेको छ। यस्ता झिना-मसिना कुराबाट माथि नउठी हाम्रो विकास हुँदैन।

**अहिले मधेसलाई स्वायत्त क्षेत्र बनाउने कुरा उठिरहेको छ, कस्तो लाग्छ ?**

सम्पूर्ण मानव एक हौं भनेर जुट्नुपर्ने बेलामा आफ्नै देशलाई विभिन्न प्रान्तमा बाँड्नु मलाई उचित लागेको छैन। राजनीति गर्नेले विकासका लागि त्यसो गर्नु आवश्यक छ भन्छन्। मेरो विचारमा सबै मिलेर सबै क्षेत्रको विकास गर्नुपर्छ। नेपालीलाई विभिन्न प्रान्तमा छुट्याएर, भाषा एवं क्षेत्रगत विभाजन ल्याएर विकास हुन्छ भन्ने मलाई लाग्दैन। मुख्य कुरा हामी नेपालीहरू मधिसे, पहाडे, हिमाली भनेर जसरी विभाजित हुन थालेका छौं, यो देशका लागि राम्रो संकेत होइन।

**तपाईं यसो भन्दै हुनुहुन्छ, जब कि क्षेत्रीय पार्टीहरू तपाईंलाई आफ्नो दलमा ल्याउने प्रयास गरिरहेको सुनिँदैछ ?**

मलाई क्षेत्रीय राजनीतिमा विश्वास छैन। राजनैतिक दलहरूले एउटा क्षेत्रविशेषको भन्दा समग्र देशको चिन्ता गर्नुपर्छ।

**नेपालको यो अवस्था हुनुमा नेताहरूको दोष छ भन्ने लाग्छ कि नेपाली जनताको ?**

म नेताहरूलाई दोष दिने पक्षमा छैन। निरंकुश शासन ढाल्नुमा दल र तिनका नेताहरूले ठूलो त्याग गरेका छन्। त्यो उपलब्धिलाई हामीले बिर्सनुहुँदैन। म गिरिजाप्रसाद कोइराला, माधव, प्रचण्ड तथा बाबुरामजस्ता नेताहरूलाई सम्मान गर्छु। देश चलाउन, पार्टी चलाउन कति प्रेसर हुन्छ त्यो मजस्तो क्याप्टेनलाई राम्रोसँग थाहा छ। मलाई १२ जना खेलाडी सम्हाल्न त कति प्रेसर हुन्छ भने देश चलाउनु ठट्टा होइन। हामी बिग्रिएका नै नेतालाई गाली गरेर हो। हामी सबैले आ-आफ्नो कर्तव्य गर्नुपर्छ। नेतालाई गाली गरेर मात्र देश बन्दैन।

ON AIR

Studio का Audio/Visual उपकरणमा
Professional Course RJ/MC का हरेक कक्षा
Most Demanded
प्रशिक्षक हेम सुवेदी सग
VJ/MC का हरेक कक्षा नरेश भट्टराई संग
र News Reporting & Reading का हरेक कक्षाहरु श्रीराम पौडेल
Boom Media
Baghbazar, Ktm., Nepal
☎ 01-4260125
Hurry up ! Call Now or Never......

तु-आवश्यकता
विश्वका प्रख्यात कम्पनीहरु सँग Online Business गर्न चाहाने व्यक्तिको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नुहोला।
सुबिधा- निःशुल्क तालिम
निःशुल्क Master Card
निःशुल्क Online A/C
मासिक आम्दानी रु. ३५०००
संख्या- १२ जना मात्र
Sky.Net Institute चावहिल चोक
4478001,9803923815
मेडिकियर नेसनल हस्पिटलको अपोजिट

तु- आवश्यकता
American Company लाई कर्मचारी आवश्यकता
योग्यता: SLC or Above
संख्या: 9 Ladies & 11 Gents
सुविधा: 8500+TA
Unique Shine
5532447,9803437476
9849195511
ललितपुर नख्खु दोबाटो (नेपाल ग्यास संगै)
Note : बुझ्न आउंदा Document अनिवार्य छ

Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

होटल तालिम
नवौ बर्ष प्रवेश विशेष छुट
*अंग्रेजी नजान्नेलाई नेपालीमा सिकाईने
*थेउरी भन्दा प्राक्टिकल धेरै गराइने
*स्पेशल कोर्ष पनि गराईन्छ।
कुक, वेटर, बारमेन,
जापनीज कुक, सेक्यूरेटी गार्ड
आगमन होटल ट्रेनिङ्ग
सामाखुसी, सरकारीधारा, म्हेपी जाने मोड 4352846

BE Entrance Preparation
Admission Open !
• IOE 2nd Topper in BE Entrance 2008 and IOE Topper in ME Entrance 2008.
• Managed by Highly Experienced Teachers and Post Graduate Engineers of IOE, Pulchowk Campus.
• Excellent result in IOE Entrance with Top10 students (BE 98% & ME 100% success)
• Provided Text books, Question banks and Practice Sheets.
KEI Kantipur Educational Institute
Kupandol, Lalitpur, Tel: 01-5540917
Web: www.kei.edu.np, E-mail: info@kei.edu.np

होटल तालिम विशेष छुटमा २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
३ महिने कुकमा FREE ENGLISH LANGUAGE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्किको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

# साइबरमा सेक्स र ग्ल्यामर



पोखरा- साइवरमा धेरैको मनसाय च्याटिङ र विभिन्न साइटहरू सर्च गर्नु नै हुन्छ। फरक यति मात्र हो कस्तो च्याटिङ र कस्तो साइटको खोजी गर्ने ? पछिल्लो क्रममा साइबर पुग्ने ६० प्रतिशत तन्नेरीले च्याटिङमा सेक्सकै कुरा बढी गरेको पाइएको छ। पोखराका २० वर्षीय विक्रान्ति मैनाली (नाम परिवर्तन) प्लस टुका छात्र हुन्। उनको लत आजभोलि च्याटमा बसेको छ तर उनको च्याटिङ शैली रोमान्टिक छ। उनी पोखराभन्दा बाहिरकी एक युवतीसँग सेक्सका कुरा गरेर घन्टौं बिताउँछन्।

उनले हाकाहाकी भने- हामीबीच सेक्सको कुरामा समेत सहमति भैसकेको छ। सबै यस्तो उद्देश्यले मात्र साइबरमा आउँदैनन्। कोही आफूदेखि टाढा रहेका घरपरिवारसँग खबर आदान-प्रदान गर्नका लागि पनि साइबर जान्छन्। कोही नयाँ-नयाँ साथी बनाउन साइबरमा च्याटिङ गर्छन् तर हिंजोआज एकले अर्कालाई पागल बनाउन, झूटा कुरा गरेर फसाउन र अश्लील कुरा गरेर दुःख दिन च्याटिङमा भुल्नेहरूको झुन्ड बाक्लिंदै गएको छ।

साइबरमा च्याटिङ गर्दा केटा वा केटी को हो छुट्याउनसमेत मुस्किल पर्छ। केही युवा युवतीको आइडी बनाउँछन् भने युवतीहरू पनि युवाहरूको आइडी बनाएर उल्टै युवतीलाई मूर्ख बनाइरहेका हुन्छन्। केटाले केटी बनेर विवाह गर्ने समेत आश्वासन दिएर अन्त्यमा खिल्ली उडाएर छोडेका घटना पनि छन्। खासगरी कलेज पढ्ने तन्नेरीहरू कलेजबाहेकको समय साइबरमै बिताउँछन्। च्याटिङमा नयाँ साथीको खोजीभन्दा पनि अनावश्यक गफगाफ गरेर भुल्नेहरू कम हुँदैनन्। आफ्नो मेसेन्जर लिस्टमा भएका साथीहरूसँग कुराकानी गर्नेहरू भने त्यसो गर्दैनन् तर च्याट रुममा पुगेर च्याटिङ गर्नेहरूले भने एकले अर्कालाई झुक्याएरै छाड्छन्। हिंजोआज च्याटमा झुक्याउनु त सामान्य जस्तै भएको छ। त्योभन्दा ठूलो रोग च्याटिङमा सेक्स र अश्लीलताको कुरा बढी हुनु हो।

फुर्सदको सदुपयोगका लागि साइबर जानु राम्रो हो तर साइबर पुगेर अरूमा अनावश्यक तनाव सिर्जना गराउनु राम्रो होइन। पोखराकै राजेश केसी पनि च्याटिङमा बदमासहरूको फन्दामा परेका छन्। केसी भन्छन्- च्याटिङमा धेरै विकृति भित्रिएको छ। यतिमात्र होइन, च्याटिङ गर्दागर्दै वेभक्याम ओपन गर्न लगाइन्छ। कतिले त वेभक्याममा आफ्नो गुप्ताङ नै देखाइदिन्छन्। यो मामिलामा युवाहरू धेरै अगाडि छन्। मैले पनि यस्तो स्थिति सामना गर्नुपरेको छ, व्यस्त साइबरमा भेटिएकी नदीपुरकी २० वर्षीया युवतीले आफ्नो नाम लुकाउँदै भनिन्- 'मैले आफ्नो वेवक्याममा उसलाई आफ्नो तस्बिर देखाएँ तर उसले उल्टो अश्लील कुरा देखायो। आफूसँगै साइबर आएकी साथीले देखेपछि उनलाई यो कुराले लज्जित तुल्याएको थियो। आजभोलि उनी च्याटिङमा कम देखिन्छिन्। हिंजोआज साइबर आए नसकिने अश्लील कुराहरू धेरैले च्याटिङमार्फत नै अभिव्यक्त गरिरहेका हुन्छन्।' यस किसिमको अश्लील गतिविधिले दुर्घटनासमेत निम्त्याउँछ।

च्याटिङमा अश्लीलता र पनि चिनजानका साथीहरूसँग मात्र कुरा गर्छिन्।

साइबर च्याटिङमा हेलो भन्न सुरु भएको हुँदैन फोन नम्बर र उमेर सोध्न सुरु भैहाल्छ। यसरी सुरु भएको च्याटिङ सेक्समै गएर टुंगिन्छ। म तिमीसँग प्रेम गर्छु, कहिले भेट्ने आदि कुरालाई 'सिरियसली' लिएर च्याटिङमै विश्वास गर्दा कतिपय यवतीले यौनको सिकार पनि हुनुपरेको छ। अर्कातिर च्याटिङकै विश्वासमा परेर कतिपय युवतीहरूले मानसिक तनावसमेत झेल्नुपरिरहेको हुन्छ। गायक शोभित बस्याल पनि साइबरमा सेक्स र अश्लीलताकै कुरा बढी हुने गरेको स्वीकार गर्छन्। शोभित भन्छन्- प्रत्यक्ष व्यक्त गर्न सेक्सका कुरा त भए नै, अझ वेवक्याममार्फत् नग्न तस्बिरहरू देखाउने होडबाजीसमेत चल्छ। साइबरमा आएपछि धेरैको ध्यान च्याटिङमै केन्द्रित हुन्छ। त्यसो त विभिन्न खालका इन्टरनेट सर्च गर्नेहरूको बाहुल्यता पनि कम हुँदैन। कमै युवा आइटी वा समाचारमूलक वेबसाइट सर्च गर्नेतर्फ देखिन्छन्। अश्लील तस्बिर झल्कने साइट तथा सेक्सका बारेमा जानकारी भएका वेबसाइहरू सर्च गर्न तन्नेरीहरू लालायित हुन्छन्। सेक्ससाइट सर्च गर्नेमा युवायुवतीको संख्या बराबर जस्तै छ। नाङ्गा तस्बिरहरू भएको वेबसाइट हेरेर आनन्दित हुने युवापुस्ता देखेर गोर्खाका सीताराम अधिकारी अचिम्मित हुन्छन्। अधिकारी भन्छन्- यो त हदैसम्मको विकृति भयो।' धेरैका अभिभावकहरू आफ्ना छोराछोरी साइबर पुगेर धेरै कुरा सिकेका छन् भनेर मख्ख पर्छन् तर उनीरूलाई के थाहा ? वेबसाइटमा अश्लील तस्बिर हेरेर उनीहरूले आफ्नो लत बिगारेका छन्।

साइबर पुगेर ज्ञानगुनका कुरासँगै नयाँ-नयाँ कुराका बारेमा जानकारी राख्ने उद्देश्यले साइट सर्च गर्नेहरूको संख्या न्यून छ। हङकङ मिस ट्यालेन्ट हन्टकी विजेता सुमिस्ता गुरुङ साइबरमा अनावश्यक रूपमा यस्ता अश्लील साइटहरू सर्च गर्नुलाई राम्रो मान्दिनन्। उनी साइबर जान्छिन्, आफ्नै चिनजानकै साथीसँग मात्र कुराकानी गर्छिन्। विदेशमा भएकाले नेपालका बारेमा जानकारीका लागि म समाचारमूलक वेबसाइट नै सर्च गर्छु, पोखरा आएका बेला पंक्तिकारसँग उनले भनिन्।

साइबरको संसारमा विचरण गर्दा रमाइलो त हुन्छ नै तर कुन राम्रो कुन नराम्रो भनेर छुट्याउने काम आफ्नै हो। सहज रूपमा लिने हो भने साइबरबाटै एउटा बन्द कोठाभित्र बसेर मानिसले विश्व भ्रमण गर्न सक्छ। च्याटिङमा भल्गार साइट हेरेर साइबरमा समय फाल्नु बेकार हो, न्यूरोडका शिशिर भट्टराई भन्छन्- 'यसले उल्टै नकारात्मक सोंचको विकास गराउँछ।' अर्कातिर केही साइबर क्याफेहरूले अश्लीलतालाई नै प्रोत्साहन गरिहेका हुन्छन्। क्याबिन राखेर र पर्दा लगाएर सञ्चालन गरिएका साइबरहरूमा अश्लील साइटहरूको खोजी र सेक्स च्याटिङ बिगबिगी बढी हुने गरेको छ। फेरि साइबर पुग्नेहरूले पनि यस्तै सुरक्षित आवरणको खोजी गर्ने गरेका छन्। महेन्द्रपुलस्थित डटकम साइबरका सञ्चालक असुन गुरुङ साइबरमा खुल्लमखुला यस्ता साइटहरू हेर्न उचित नहुने बताउँछन्। गुरुङ भन्छन्- 'पर्सनल रूपमा, कसैलाई वेफाइदा नपुग्ने किसिमले घरमै हेर्नु उचित हुन्छ।

**–शिव शर्मा**

## घातक हुन सक्छ कम्प्युटर मोह

'मम्मी □ म कम्प्युटर गेम खेल्न साइबर जान्छु है,' कक्षा ७ मा अध्ययनरत १३ वर्षीय छोरा रविनले कम्प्युटर गेम खेल्ने इच्छा व्यक्त गरेपछि आमा सरिताले नकार्न सकिनन् र सहज उत्तर दिइन्- 'हुन्छ, जाऊ तर धेरै बेर नअलमलिनू नि।' रविन खुसी हुँदै साथीसँग साइबर गयो र १० रुपैयाँ तिरेर एक घण्टासम्म कम्प्युटरमा बस्ने अनुमति पायो।

विद्यालयबाट छुट्टी भैसकेपछि तथा बिदाको दिन गेम खेल्न जानु उसको दिनचर्या बनिसकेको थियो, तर कम्प्युटर गेम खेल्न गएको रविन कम्प्युटर गेमको वेबसाइटका साथै अश्लील साइटहरू पनि हेर्थ्यो। आमा सरितालाई यो कुराको कुनै अनुमान थिएन, न त उनलाई छोराले त्यस्तो कार्यप्रति रुचि देखाएर साइट हेर्नेमा शंका नै भयो।

समय बित्दै जाँदा रविनको क्रियाकलापमा केही परिवर्तन आएको आमाले अनुभव गरिन् र छोरामाथि निगरानी गर्न थालिन्। अन्त्यमा उनले आफ्नो छोरो साइबर विकृतिमा फस्न लागेको पत्ता लगाइन्। अध्ययनमा लगनशील छोरो सधैं गेम खेल्न जाने वा अन्य केही गर्छ भन्ने शंकाले उनी पछि लाग्दै जाँदा साइबरमा अश्लील साइट हेर्न लागेका बेला रंगेहात फेला परिन् र केरकार गरी उनलाई त्यो लतबाट केही हदसम्म छुटाउन सफल भइन्।

रविन कम्प्युटर गेमको बहानामा यौनजन्य अश्लील साइट हेर्ने एकमात्र बालक होइन, ऊसँगै पढ्ने शिशिरको पनि त्यसतर्फ लत बसिसकेको सरिताले फेला पारिन् र उसका अभिभावकलाई छोराको बानिबेहोरामाथि निगरानी राख्न अनुरोध गरिन्।

आजभोलि काठमाडौंका अधिकांश साइबरमा गेम खेल्ने बहानामा बालकहरू धेरैजसो अश्लील साइट हेर्नमै व्यस्त रहने गरेका छन्। घरबाट गेम खेल्ने निस्किएका उनीहरूलाई न आमाबुबाको डर हुन्छ, न त अरूको नै। गेम खेल्न अनुमति पाएका शिशिर र रविनजस्ता १० वर्षदेखि १५ वर्ष उमेर समूहका बालकहरूको बिदा र स्कुल समयपछिको समय यसरी नै बित्ने गरेको छ। गेमको बहानामा अश्लील साइट हेर्दा अधिकांश बालकमा यौन विकृति बढेको छ।

आजका बालबालिका भनेका भोलिका कर्णधार हुन्। कर्णधार आजैदेखि कुमार्ग र कुलततर्फ प्रवेश गरे भने पक्कै पनि उनीहरूको भविष्य अन्धकारमय हुन्छ। रविन र शिशिरजस्तै सयौं बालक यसरी नै साइबर यौनमा तल्लीन छन्, जसले गर्दा उनीहरूको भविष्यमाथि प्रत्यक्ष असर परेको छ, तर अधिकांश अभिभावक यसप्रति अनभिज्ञ छन्।

रविन र शिशिर जाने साइबरमा मात्र नभै राजधानीका अधिकांश साइबरमा यस्ता समस्या व्याप्त छन्। साइबरमा गएर गेम खेल्ने बहानामा अश्लील साइटमा आउने तस्बिर तथा भिडियो क्लिप्स हेर्नाले यो उमेरसमूहका बालकहरूको भविष्य जोखिममा परिरहेको छ। यसतर्फ सबै अभिभावक सचेत हुनु आवश्यक छ। आफ्ना बालबालिकाहरू साइबरमा गएर गेम मात्र खेल्छन् कि अरू केही गर्छन् भन्ने विषयमा साइबर सञ्चालकमार्फत निगरानी राख्नुपर्छ। अर्कातर्फ सरकारका तर्फबाट साइबर यौनसम्बन्धी नयाँ कानुन ल्याउनुपर्छ, जसले गर्दा निश्चित उमेर समूह र बालकहरूलाई यस्ता साइट हेर्नबाट वञ्चित गर्न सकियोस्।

**–सन्तोष न्यौपाने**

# एसएलसी परीक्षाको व्यवस्थापन आजको आवश्यकता

**प्रेमकृष्ण श्रेष्ठ**

विद्यालयस्तरको अन्तिम परीक्षा एसएलसीको सुरुआत वि.सं. १९९० माघ ३ गते हुने भनिए पनि महाभूकम्पको अवरोधका कारण ३४ जना विद्यार्थीसहित वि.सं. १९९१ जेठमा सम्पन्न भएको थियो । समयको गतिसँगै यसमा परीक्षार्थीको भार पनि बढ्दै गयो । आधा शताब्दीभन्दा बढी समय छिचोल्दै यो वर्ष झन्डै ४ लाख परीक्षार्थी यसमा संलग्न हुन गैरहेका छन् । प्राइभेट र नियमित गरी दुई प्रकारका परीक्षार्थी एसएलसी परीक्षामा सहभागी हुने प्रावधानअनुरूप सम्बन्धित विद्यालय वा सयुंक्त विद्यालय समितिहरूद्वारा लिइएको टेस्ट उत्तीर्ण परीक्षार्थीहरू मात्र सहभागी हुन पाउँछन् ।

मनोवैज्ञानिक पक्षलाई गौण मान्दै यान्त्रिकताका पक्षपाती शिक्षक, अभिभावक, परीक्षामुखी शिक्षालय र शिक्षाणसामग्रीहरूका कारण यो परीक्षा फलामे ढोकाका रूपमा चित्रित हुँदै आएको छ । यसै कारण परीक्षा परिणामपछि कैयौं विद्यार्थीमा आत्मदाह गर्ने जस्ता जटिल समस्याहरूसमेत सिर्जना भैरहेका छन् । बढ्दो चापले व्यवस्थापनमा चुनौतीहरू थपिंदै गएका छन् जसले सुधारका लागि कैंयन् ठाउँ हुनुका साथै धेरै कमजोरी विद्यमान भएकाले यो परीक्षा आलोचनाबाट टाढा रहन नसकेको स्थिति छ ।

शिक्षा ऐन २०२८ लाई आधार मानेर परीक्षा सञ्चालनका लागि परीक्षा नियन्त्रण कार्यालयको स्थापना गरिएको थियो । परीक्षा नियन्त्रण कार्यालयले जिल्लास्तरमा परीक्षा सञ्चालनका निम्ति प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला प्रहरी प्रमुख सदस्य र जिल्ला शिक्षा अधिकारी सदस्यसचिव रहने गरी जिल्ला शिक्षा परीक्षा समन्वय समिति गठन गरेको पाइन्छ । यद्यपि विद्यालयस्तरको अन्तिम परीक्षाका रूपमा उच्च माध्यमिक विद्यालयको परीक्षा गरिनुपर्ने र एसएलसी परीक्षा हटाउनुपर्छ भन्ने माग पनि छ, तर यसबाट गुणस्तरमा ज्हास हुँदै गएका सामुदायिक विद्यालयहरूको स्थिति अझ दयनीय हुने सम्भावनालाई नकार्न सकिंदैन ।

विगतमा थुप्रै गुनासा भोगेको परीक्षा नियन्त्रण कार्यालयले गोपनीयता कायम गर्ने, उत्तरपुस्तिका परीक्षण एवं परीक्षालाई मर्यादित बनाउने तथा समग्रमा परीक्षाप्रणालीकै सुधारमा ध्यान दिनु आजको अपरिहार्यता र राष्ट्रको चाहना हो । गोपनियतामा चुहावटका कारण प्रश्नपत्र मुद्रण गर्न भारत लाने परिपाटी वर्षौंदेखि छ । २०६२ सालमा स्वदेशमै प्रश्नपत्र छपाउने काम हुनु सकारात्मक पक्ष हुदाँहुँदै पनि सम्बन्धित पक्षको गैरजिम्मेवारीका कारण परीक्षाको अघिल्लो दिनकै विभिन्न प्रश्नपत्र बाहिरिएका थिए । प्रश्नपत्र खरिद-बिक्रीका कारण एलएलसी परीक्षाले विगतमा हासिल गरेको साखलाई खस्काउने काम गऱ्यो । यस्ता घटना फेरि दोहोरिन नदिन सम्बन्धित पक्षहरू बेलैमा होसियार हुनुपर्छ र विगतका गल्तीहरूबाट पाठ सिकेर अनियमितता गर्नेलाई कठोर कानुनको दायरामा ल्याउन कुनै कसर छोड्नु हुँदैन ।

विगत केही वर्षदेखि यो परीक्षा मर्यादित हुन नसकेको र अस्वस्थ प्रतिस्पर्धाका लागि आगोमा घ्यू थप्ने काम केन्द्राध्यक्ष एवं निरीक्षकबाट नै भैरहेको आरोप लाग्न थालेको छ । उनीहरू नै नक्कल गराउनेजस्ता कार्यमा सहभागि हुनु पक्कै पनि लज्जाको विषय हो । प्रत्येक दिन जिल्ला परीक्षा समन्वय समितिले बाह्य परीक्षा प्रतिनिधि परीक्षक केन्द्रमा पठाउने र त्यसका लागि आवश्यक बाह्य परीक्षा प्रतिनिधिको सङ्ख्यामा व्यापक वृद्धि गर्नुपर्ने अवस्था छ । नक्कल गर्ने-गराउनेहरूमाथि कडा कानुन निर्माण गरी कारबाही गर्ने व्यवस्था अहिलेसम्म पनि छैन । यदि यसका निम्ति आलटाले प्रवृत्ति अपनाउने हो भने केही वर्षभित्रै एसएलसीको प्रमाणपत्र महत्त्वहीन प्रमाणपत्रमा रुपान्तरण हुने निश्चित छ । साथै नीतिनिर्माता र संलग्न व्यक्तिहरूको सामााजिक एवं पेसागत प्रतिष्ठामा समेत गहिरो दाग लाग्नेछ ।



## एसएलसी परीक्षाको तयारी

परीक्षा सञ्चालनमा संलग्न निरीक्षक तथा सुपरीवेक्षकहरूको पारिश्रमिक अन्त्यतै न्यून भएकाले परीक्षा सञ्चालनमा दक्षता आर्जन गरेका व्यक्तिहरू यो झन्झटमा हात हाल्न चाहँदैनन् । केन्द्राध्यक्ष र निरीक्षकहरूको भत्तामा व्यापक वृद्धि गर्ने कार्य प्रारम्भ गर्दै सम्पूर्ण माध्यमिक विद्यालयका शिक्षकहरूलाई निरीक्षकका रूपमा आकर्षित गर्न सकियो भने केही हदसम्म परीक्षाको मर्यादालाई जोगाउन सकिन्छ ।

सामाजिक व्यवहार र उपल्ला निकायहरूको समेत उचित मूल्याङ्कन गर्ने क्षमताको अभावमा प्रत्येक विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरूले के सिकाउने भन्दा पनि कसरी धेरै विद्यार्थी उत्तीर्ण गराउने होडबाजी चलेको पाइन्छ । फलस्वरूप विद्यालयहरूले सिम्बोल नम्बर पठाउँदा नक्कल गर्न सजिलो हुने गरी पठाइन्छ । यसको नियन्त्रणका लागि केन्द्राध्यक्षले बसाइ योजना (सिट प्लान) गर्दा नक्कल गर्ने वातावरणलाई निरुत्साहित गर्न सके भने केही हदसम्म राहत पाउन सकिन्छ ।

परीक्षा सञ्चालनमा एकरूपता आजको प्रमुख आवश्यकता हो । कुनै केन्द्रमा धेरै नक्कल हुनु त कुनैमा मर्यादित परीक्षा हुनु, यहाँसम्म कि एउटै परीक्षाकेन्द्रमा समेत कसैले शिक्षकले नक्कललाई प्रोत्साहन गर्ने त कसैले यसलाई निरुत्साहित गर्न थाले भने यसले धेरै ठूलो समस्या निम्त्याउन सक्छ । यसका लागि दौडाहा परीक्षकको सङ्ख्यामा वृद्धि गरेर, उनीहरूको कामलाई चुस्त बनाउने र अनियमिततालाई प्रश्रय दिने निरीक्षक एवं परीक्षाकेन्द्रलाई दण्डस्वरूप खारेज गर्ने नियम बनाउनु अत्यावश्यक भैसकेको छ ।

अहिलेको जल्दोबल्दो समस्याका रूपमा रहेको उत्तरपुस्तिकाको परीक्षणमा एकरुपता ल्याउन उत्तरकुञ्जिका निर्माण गरिनु सकारात्मक पक्ष हुँदाहुँदै पनि अझै परीक्षामा वास्तविक रूपमा एकरुपता आउन सकेको छैन । उत्तरपुस्तिका परीक्षणका लागि बाँडफाँड गर्दा सरकारी विद्यालयका शिक्षकलाई निजी विद्यालयका कापीहरू र निजी विद्यालयका शिक्षकहरूलाई सरकारी विद्यालयका कापीहरू परीक्षण गर्न दिने गरिएको छ, जसले शिक्षकहरूको भाषागत समस्याका कारण परीक्षणमा एकरुपता नभएको अवस्था छ । यसलाई नियन्त्रण गर्न सम्बन्धित पक्षले अठोट गर्नैपर्छ । त्यस्तै सम्परीक्षकको व्यवस्था गरिनु सकारात्मक भए पनि सबै कापीलाई पुनः परीक्षण गर्ने व्यवस्था गर्न सकियो भने अहिलेको अवस्थाभन्दा केही हदसम्म परीक्षणमा एकरूपता ल्याउन सकिन्थ्यो । यदि यो कार्यमा पुरस्कार र दण्डको व्यवस्थासमेत गर्न सकियो भने अझ प्रभावकारी हुन्छ ।

परीक्षक तथा सम्परीक्षकको पारिश्रमिक पनि अन्त्यन्त न्यून भएको हुनाले दक्ष व्यक्तिहरू यसतर्फ आकर्षित भैरहेको अवस्था छैन । प्रश्नपत्र छपाइसम्बन्धी त्रुटिहरू व्यापक मात्रामा भेटिने हुनाले होसियारीसाथ यसको व्यवस्थापन गरिनुपर्छ । त्यस्तै प्रत्येक विषयमा ३२ प्रतिशत उत्तीर्णाङ्क राख्ने प्रावधान शिक्षाको गुणस्तरको ह्रासमा जिम्मेवार छ कि भन्ने प्रश्न पनि उठ्ने गरेको पाइन्छ । त्यसकारण उत्तीर्णाङ्क प्रतिशत बढाउन सचेतताका साथ कदम चाल्नुपर्ने देखिन्छ ।

समग्रमा परीक्षालाई त्रासमुक्त बनाउने, गोपनीयता कायम गर्ने, मर्यादित बनाउने र उत्तरपुस्तिका परीक्षणमा एकरुपता कायम गरी परीक्षामा वैज्ञानिक र समयसापेक्ष सुधारहरू गर्दै वर्षैपिच्छे बढ्दो परीक्षार्थीको चापलाई व्यवस्थापन गर्न परीक्षा नियन्त्रण कार्यालय तथा अन्य सरोकारवाला निकायहरू कार्यकुशल एवं प्रतिबद्ध हुनु अनिवार्य छ ।

Study in AUSTRALIA
New Zealand
Canada
USA
UK


Universities, Colleges, Location and Courses of your choices
Member of ECAN
Study in CYPRUS
Christopher
Tel. 4442674
*Laptop offer only in Australia and Cyprus

के तपाई कोरीयन बर संग
बैबाहिक जिवन
बिताउन चाहानुहुन्छ ?
हामीलाई सम्झनुहोस् ।
Nepal Korea Int'l Marriage Bureau
Samakhusi : 012291457, 9808009915, 9803873491

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery,
Barman, Captain, Front Office,
House keeping (Room Boy),
Supervisor, Care Giver, (इजरायल)
Domestic Helper तथा सम्पूर्ण
Hotel Management सम्बन्धि तालिम
दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

नि:शुल्क ब्यूटिसियन ट्रेनिङ्ग

नेपाल सरकारबाट स्वीकृति लिई NGO को सहयोगमा दक्ष र दशकौं अनुभवी ब्यूटिसियनहरूद्वारा अत्याधुनिक उपकरण र प्रविधिका साथ बेसिक, एड्भान्स, डिप्लोमा र स्पेशल कोर्षहरू । अष्ट्रेलिया, अमेरिका एवं युरोप जानेहरूलाई विशेष कक्षा । सीट सिमित छ । तु सम्पर्क गर्नुहोला ।
Innovative Training Centre & BP
फोन: २०४२५६६ (नयाँ बानेश्वर चोक)
मोबाइल: ९८४१३११०९८

# मोबाइलमा मस्त युवा

• अमृत भण्डारी

केटीले पनि राख्छन् दाइ अचेल। यो त सबै साथीको मोबाइलमा छ। मलाई मात्र के भन्नुहुन्छ ? मैले दुई जना भाइ चियापसलमा बसेको समयमा उनीहरूको मोबाइलको स्क्रिनमा नीलो चलचित्र देखेपछि ती भाइलाई 'सार्वजनिक ठाउँमा यस्तो चलचित्र हेर्न हुन्छ ?' भन्दा उनीहरूले अत्तालिएर जवाफ दिए।

काठमाडौंको एक क्याम्पसमा स्नातक दोस्रो वर्षमा अध्ययनरत महेशसँग अहिले १४ हजार पर्ने एउटा सानदार मोबाइल सेट छ। ठाउँ-ठाउँमा जाँदा भिडियो लिन्छन्, तस्बिर खिच्छन्, गीत सुन्छन्। मैले यसअघि नै महेशजस्ता युवाको मोबाइलमा नीलो चलचित्र देखेपछि महेशसँग पनि सोधें- तिमीसँग खल्लीबल्ली चलचित्र छ ? अचेल यस्ता चलचित्र तथा तस्बिरलाई पाकाले नबुझ्न् भनेर खल्लीबल्ली चलचित्र भनिँदो रहेछ। महेशले डराउँदै भने- 'छैन दाइ मसँग त। केटाहरूले राख्छन् तर म त राख्दिनँ।

उसको कुरामा विश्वास नलागेपछि मैले हेरौं न एकपटक, कसैलाई भन्दिनँ, तिमीले मसँग लाज मान्नु पनि पर्दैन भन्दै उसलाई फकाउन खोजें। नभन्दै उसले मसँग त्यति राम्रो छैन दाइ भन्यो। अनि मैले जस्तो भए पनि देखाउन भनेपछि उसले मोबाइलको फाइल खोल्न थाल्यो। ऊसँग कम्तीमा चारवटा यस्ता फुटेज रहेछन्। उसले कुरैकुरामा भन्यो- 'दाइ, अचेल त नेपाली गीतलाई पनि डब गरेर यस्तो चलचित्रमा राखिन्छ। अनि गीत नेपाली,



चलचित्र नीलो। त्यसो भएपछि मानिसले गीत सुनेको भन्ठान्छन्, हामी चलचित्र हेर्छौं।

बुटवलबाट उच्च शिक्षा हासिल गर्न काठमाडौं आएका १८ वर्षीय जीवनले काठमाडौं आएको एक सातामै मोबाइल किने। 'घरबाट आउँदा खल्तीमा टन्न पैसा थियो, त्यही मौकामा दस हजार जाने मोबाइल किनें। यो मोबाइल बोकेपछि जे राख्न पनि मिल्दो रहेछ,' जीवनले भने। नीलो चलचित्रका बारेमा केही थाहा नपाएका जीवनले साथीहरूको मोबाइलमा हेर्न थालेपछि आफ्नो मोबाइलमा एउटा नीलो चलचित्रको फुटेज राखेको बताए।

यसरी सानो उमेरका र भर्खर उच्च शिक्षा हासिल गर्न लागेका युवाको मोबाइलमा मात्र नीलो चलचित्र पाइँदैन, अहिले स्नातकोत्तर गरेका राम्रो जागिर खाने, अध्यापन क्षेत्रमा लागेकाहरूका मोबाइल पनि राम्रोसँग हेर्ने हो भने नीलो चलचित्र भित्र लुकाइएको फोल्डरमा पाइन्छ। केटीहरूले पनि लुकेर अरूले थाहा नपाउने गरी हेर्ने गरेको क्याम्पस अध्ययनरत युवाहरू बताउँछन्। जीवन भन्छन्- 'यौन आनन्द प्राप्त हुन्छ। त्यो चीज विवाह नगरी हेर्न पाइँदैन, त्यसैले मनमा खुलदुली हुन्थ्यो तर हेरेपछि यस्तै हुँदो रहेछ भन्ने जान्न सकिने रहेछ।'

नीलो चलचित्र अथवा यौनका बारेमा मानिसले कति चासो दिंदा रहेछन् भन्ने कुरा यसबाट प्रमाणित हुन्छ। यौनसम्बन्धी विषयलाई हाम्रो समाजले जति बेवास्ता गरे पनि अधिकांशले यसको मज्जा लिन जानेका हुन्छन्। यस विषयमा युवाहरूको मोबाइलमा मात्र होइन कि पाका मानिसका सेटमा पनि यस्ता तस्बिर तथा चलचित्र पाइन्छन्।

वर्तमानमा जीवनका विभिन्न पक्षमा पुस्तान्तर हुँदै गएको छ, तर यौनआनन्द र त्यसको प्राप्तिका लागि गरिने कार्यमा भने लुकेर भए पनि पाकाहरूको मन जाने गरेको छ। नेपालका पाका मानिस पनि परम्परावादी सोचबाट फड्को मार्न चाहन्छन्। यौन विषय तन्नेरी र पाकाका बीचमा उत्सुकताको विषय बन्छ। यसै विषयमा मानवशास्त्री डिल्लीराम दाहाल भन्छन्- 'पाका र युवाका बीचमा केही कुरा एउटै रुचिका हुन सक्छन्। जस्तै मोबाइलको प्रयोग, कपडा लगाउने, नयाँ अनुभव गर्ने विषयमा



नेपालीहरू पनि अगाडि नै देखिन थालेका छन्।'


विवाह गरेपछि आफ्ना बाबुआमा तथा छिमेकीका अगाडि श्रीमतीसँग नबोल्ने समाज अहिले बाबुआमाकै अगाडि अँगालो हाल्ने स्थितिसम्म पुगेको छ। श्रीमतीसँग पनि नखुल्ने विगत त अहिले नीलो फिल्म हेर्नेसम्म पुगेको छ। मोबाइलमा अधिकांश युवाले यस्ता फिल्म बोकेर हिंड्नु सामान्य भैसकेको छ। यौनका विषयमा विगतमा भन्दा वर्तमानमा हाम्रो समाज निकै अगाडि बढेको छ। आफ्नो स्वास्थ्यको ख्याल गर्नु, यौनका विषयमा सचेत हुनु त राम्रो कुरा हो तर आफ्नै पाकेटमा नीला चलचित्र बोकेर हिंड्दा अपराधिक गतिविधि पनि बढ्न सक्छ। यौनको तृष्णा सबैसँग हुन्छ र त्यसलाई व्यवस्थित गर्न नसकेर नीला चलचित्र हेर्ने र सन्तुष्टि लिन थाल्ने हो भने यसले मानसिक रूपमा मानिसलाई असन्तुलित बनाउन सक्छ।

युगौंदेखि बाँधिएर रहेको समाजमा केही खुलापन आउँदा केही समय विकृति बढ्न सक्छ तर त्यसका लागि अभिभावक तथा सचेत समाजका नागरिकले पनि ध्यान दिनु आवश्यक छ। यौनका विषयमा समाज जति बढी खुल्न सक्दैन त्यति बढी नीला चलचित्र हेरेर चित्त बुझाउनेहरूको संख्या बढ्नेछ।

प्रविधिको विकाससँगै बढेका सामाजिक विकृतिले भविष्यको समाजलाई अझ बढी अपराध तथा संवेदनहीनतातर्फ लान सक्छ। गाउँदेखि सहरसम्मका हाम्रा राम्रा अभ्यासलाई आधुनिकतासँगै बिर्सँदै जानुपर्छ भन्ने छैन। सकारात्मक पक्षलाई अवलम्बन गर्ने र नकारात्मक पक्षलाई नकार्ने हो भने भविष्यमा हामी आधुनिकीकरण तथा विश्वव्यापीकरणसँगै सुखी जीवन बिताउन सक्छौं, जसले क्षणक्षणको असन्तुष्टि तथा छटपटीलाई समेत हटाउँदै एक नयाँ र सभ्य समाजको विकास गर्न सहयोग पुऱ्याउनेछ।

**(लेखकले मानवशास्त्रमा स्नातकोत्तर गरेका छन्।)**

## सुर्तीबाट क्यान्सरको उपचार



अमेरिकी वैज्ञानिकहरूले सुर्तीको बिरुवाबाट लिम्फोमा नामक क्यान्सरको भ्याक्सिनको विकास गरेका छन्। क्यालिफोर्नियाको स्ट्यानफोर्ड विश्वविद्यालयका अनुसन्धानकर्ताले विकास गरिरहेको उक्त भ्याक्सिनलाई लिम्फोमाका रोगीको शरीरमा प्रवेश गराइन्छ, जसले शरीरका ती कोषको बचाउका लागि क्षमताको विकास हुन सकोस्। जुन कोष लिम्फोमाको कारणबाट बन्छ। यदि यो प्रयोग सफल भयो भने शरीरले लिम्फोमाको कोषको पहिचान गरेर नष्ट गर्न सक्छ। अनुसन्धानको नेतृत्व गरिरहेका रोनाल्ड लेवीका अनुसार यो प्रविधिले आश्चर्यचकित पनि पार्न सक्छ, किनभने सुर्तीबाट पहिला पशुहरूको कोषमा प्रतिशोध क्षमता विकसित गर्ने प्रयास गरियो। इफेक्ट्स पत्ता लगाउन केही रोगीहरूमा प्रयोग गरिँदैछ।

## रक्सी र क्यान्सर

क्यान्सर रोगको मूल कारणमध्ये एक मानिने मदिरा सेवनले कतिपय मानिसमा पाइने विशेष जिनलाई निष्क्रिय बनाउने निष्कर्ष बेलायतका अनुसन्धानकर्ताले निकालेका छन्। बेलायतमा हरेक वर्ष २ लाख ८५ हजार मानिस क्यान्सरबाट संक्रमित छन्। एक चौथाइ बेलायतीहरूमा पाइने दुई प्रकारको विशेष ADH र AOHIB जिनले भने रक्सी सेवन गर्नेहरूलाई क्यान्सर रोगविरुद्ध प्रतिरोधको काम गर्ने गरेको अनुसन्धानकर्ताहरूले बताएका छन्। ती जिनले रक्सीलाई मानिसको शरीरबाट छिट्टै विस्थापित गर्ने भएकाले क्यान्सर रोग लाग्ने सम्भावना नरहेको हो।

## मंगलमा जीवावशेष

मंगल ग्रहमा पनि जीवावशेष रहेको तथ्य फेला परेको छ। नासाका वैज्ञानिकहरूले गरेको एक अध्ययनबाट यो तथ्य पत्ता लागेको हो। पछिल्लो अनुसन्धानबाट प्राप्त नतिजाअनुसार मंगल ग्रहमा परक्लोरेट्स नामक एक एन्टिफ्रिज रसायन भेटिएको छ। यो रसायनले जिरो डिग्री सेल्सियसभन्दा कम तापक्रममा पानीलाई जम्नबाट बचाउँछ। यो रसायन गत वर्ष नासाको पिन्क्सि टोलीले खोजेको थियो। उक्त रसायनले मंगलको धर्तीमुनि पानी छ भन्ने कुरा साबित गरेको छ। यो खोजले मंगल ग्रहमा जीवन हुन सक्ने कुरालाई थप बल पुऱ्याएको छ।

मंगल ग्रहमा भेटिएको परक्लोरेट्स नामक रसायनमा क्लोरिन र अक्सिजनको मिश्रण हुन्छ। हाल यो मिश्रण पृथ्वीमा दुर्लभ छ तर मंगलमा यो रसायन पर्याप्त मात्रामा पाइएको छ। वैज्ञानिकहरूका अनुसार यो पानी साधारण जीवका लागि बाँच्ने आधार हुन्छ। पछिल्लो समयमा फिनिक्स टिमले मंगलको जमिनमुनि जीवाणुको अस्तित्व हुनसक्ने बताएको थियो।

## ब्रह्माण्डको विस्तार भैरहेको दाबी

ब्रह्माण्डको विस्तारसँग गुरुत्वाकर्षणको सम्बन्ध कसरी भैरहेको छ भन्ने विषयमा अनुसन्धान गर्ने वैज्ञानिकहरूले रहस्यमय डार्क इनर्जीले ब्रह्माण्डको विस्तार गराइरहेको रहस्य पत्ता लगाएको दावी गरेका छन्। अमेरिकी खगोल वैज्ञानिकहरूको एक समूहले नासाको चन्द्र एक्स-रे नामक अब्जरभेटरीको सहयोगबाट उक्त रहस्य पत्ता लागेको जानकारी गराएका छन्। अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएअनुसार डार्क इनर्जीले ब्रह्माण्डको ७० प्रतिशत शक्तिशाली गुरुत्वाकर्षण क्षेत्र ओगटेको छ। वैज्ञानिकहरूले डार्क इनर्जीका कारण ब्रह्माण्डको विस्तार भैरहेको तथा यसले गर्दा भविष्यमा आकाश-गङ्गासमेत टुक्रिने र बन्ने क्रम चल्ने दाबी गरेका छन्।

## आकाशीय पिण्ड ठोक्किने

पृथ्वीको सतहबाट १ करोड ७० लाख माइल टाढा रहेको एपोफिस नामक आकाशीय पिण्ड पृथ्वीमा ठोक्किन सक्ने खतरा रहेको वैज्ञानिकहरूले बताएका छन्।



सौर्यप्रणालीमा रहेको उक्त विशाल आकाशीय पिण्ड १ हजार फिट फराकिलो र कम्तीमा ५ करोड टन तौल भएको खगोल वैज्ञानिकहरूले उल्लेख गरेका छन्। यो पिण्डले सन् २०३६ को अप्रिल १३ आइतबारका दिन पृथ्वीको अत्यन्तै नजिक भएर परिक्रमा गर्ने क्रममा ४४ हजार भागमा एक भाग ठोक्किन सक्ने सम्भावना वैज्ञानिकहरूले व्यक्त गरेका छन्। सन् २००४ मा उक्त पिण्ड पत्ता लागेको थियो। उक्त पिण्ड सन् २०२९ मा पृथ्वीको कक्षलाई काटेर जानेछ भने सात वर्षपछि सन् २०३६ मा पनि सोही मार्ग भएर फर्कनेछ। वैज्ञानिकहरूले यो पिण्ड पृथ्वीसित ठोक्किने सम्भावना ज्यादै कम भएको बताएका छन्। पिण्ड ठोक्किन सक्ने सम्भावनाका सम्बन्धमा अमेरिकाको हवाई युनिभर्सिटी इन्स्टिच्युट फर एस्ट्रोनोमिका प्रमुख वैज्ञानिक जेम्सहेस्लेले नेसनल एकेडेमी अफ साइन्सलाई जानकारी गराएका थिए।

## एड्स रोग पूर्ण निको गर्न सकिने



बेलायतका अनुसन्धानकर्ता डा. रोमा अमाराको नेतृत्वमा रहेको टोलीले एड्सको नयाँ औषधी पत्ता लगाएको दाबी गरेको छ। प्राप्त जानकारी अनुसार उक्त औषधीको प्रयोगले एड्स रोगीको जीवन क्षमतालाई अब दुई गुणा बढी लम्ब्याउन वा रोग निर्मूल गर्न सक्नेछ। यो औषधी प्रयोगले मानिसले एड्स रोगबाट पूर्णतः छुटकारा पाउन सक्ने सम्भावना बढेर गएको दाबी वैज्ञानिकहरूले गरेका छन्। सुरुमा मकागु समूहको बाँदरमा गरिएको उपचार परीक्षणमा नयाँ औषधीको एक मात्राले नै एड्सको जीवाणुलाई प्रभावकारी रूपमा निष्क्रिय पारेको पाइएको थियो। उक्त औषधीको प्रयोगपछि सबै किसिमको रोगको संक्रमण रोकिएको र रोगग्रस्त शरीर पहिलेकै अवस्थामा फर्किएको थियो। यो औषधीको अधिक मात्राले एड्सको विषाणु पूर्ण रूपले निर्मूल हुने आशा वैज्ञानिकहरूले गरेका छन्।

यो परीक्षणले अर्को भयानक रोग हेपाटाइटिस सी र क्षयरोग पनि पूर्णतः निको पार्न सकिने बताइन्छ। परीक्षणमा संलग्न वैज्ञानिकहरूले यो औषधीलाई प्रयोगमा ल्याउनुभन्दा पहिले रोगविरुद्ध लड्न सक्ने क्षमता विकास गर्ने औषधीको प्रयोग पनि जारी राख्नुपर्ने सुझाव दिएका छन्।

## एड्सको प्रभावकारी औषधी

एचआईभीविरुद्ध ल्याइएको पछिल्लो औषधी प्रभावकारी भएको अनुसन्धानबाट पत्ता लागेको छ। पछिल्लो १० वर्षमा गरिएको अनुसन्धानबाट उक्त औषधीले १३ वर्षसम्म आयु बढाउन मद्दत गरेको पाइएको छ। अनुसन्धानकर्ताहरूले ४३ हजार बिरामीमा उक्त औषधी प्रयोग गरेका थिए। २० वर्षमा एच.आई.भी लागेको व्यक्तिलाई यो औषधी लगातार ख्वाए ४९ वर्षसम्म बाँच्न सक्ने बताइएको छ। हाल एचआईभी संक्रमितलाई एन्टिरेट्रोवायर पद्धतिबाट उपचार गरिन्छ। यो उपचारपद्धतिमा बिरामीलाई जुन औषधी दिइन्छ, त्यसले शरीरको एचआईभी जीवाणु फैलन रोक्छ। यो पद्धति '९० को दशकतिरै सुरु भए पनि अहिलेसम्मकै प्रभावकारी विधि भएको विज्ञहरूले बताएका छन्।

# साप्ताहिक इनफो



## फुर्सदै छैन रे □

नायक-नायिकाहरू विभिन्न पत्रपत्रिकालाई अन्तवार्ता दिइरहन्छन्। यस्तै अन्तवार्ता दिने क्रममा नवनायिका युना उप्रेतीले भनिछन्– 'म अंग प्रदर्शन गर्न रुचाउँदिनँ।' अंग प्रदर्शन गर्न त कसले रुचाउँछ र युना मैयाँ ? तर के गर्नु, दर्शकले अंग प्रदर्शन रुचाएपछि आफ्नो इच्छाको के लाग्छ र ? त्यसमाथि निर्माता, निर्देशक, फोटोग्राफर अनि पत्रपत्रिका सबैको जोड अंग प्रदर्शनमै भएपछि आफूले नरुचाएर भो र ? खाए खा, नखाए घिच् जस्तो भएको छ यो अंग प्रदर्शन। युनाले अहिलेसम्म गरेका अंग प्रदर्शनमा आफ्नो रुचि नभएको त बताइन् तर कसको रुचिमा उनले अंग प्रदर्शन गरिन् भन्ने कुराचाहिँ खुलाइनन्। अंग प्रदर्शनमा युनाको रुचि नभए पनि अरूलाई त उनको अंग हेर्न रुचि छ नि, सायद त्यसैले पो उनले यसलाई निरन्तरता दिइरहेकी हुन्। युनाले आफूले प्रेमप्रस्ताव त धेरै पाएको तर कसैलाई प्रेमीका रूपमा नछानेको पनि बताएकी छिन्। उनले भनेकी छिन्– 'ब्याइफ्रेन्ड बनाउने फुर्सदै पाइनँ।' कति बिजी हो □ प्रेमप्रस्ताव लिन फुर्सद पाउने, ब्याइफ्रेन्ड बनाउन समयको अभाव ? यो त अलि पचेन नि ?



## छ कोही ?

करिब एक दर्जन म्युजिक भिडियो र त्यत्तिकै विज्ञापनमा मोडलिङ गरिसकेकी स्नेहा शर्मा अहिले ठूलो पर्दाको चलचित्र 'निशाना' को नायिका बनेकी छिन्। हुने बिरुवाको चिल्लो पात भनेझैं स्नेहाले आफ्नो पहिलो चलचित्रको प्रदर्शनअगावै एउटा पत्रिकालाई यौनसम्बन्धी दसवटा प्रश्नको जवाफ दिएकी छिन्। भएन त मज्जा ? यस्ती बिन्दास हिरोइन पाएपछि अब के खोज्नु ? अज्ञान, अशिक्षा र संस्कारका कारण नेपाली समाज यौनप्रति संकुचित भएको बताउने शर्माले आफूलाई यौनको अनुभव नभएको र भएपछि बताउने कुरा पनि उल्लेख गरेकी छिन्। अब हाम्रा युवाहरू शर्माले त्यो अनुभव कहिले सेयर गर्लिन् भनेर कुर्न थाले भने आश्चर्य मान्नु पर्दैन। हामीलाई पनि त्यो दिनको प्रतीक्षा रहनेछ। शर्माले त्यसै पनि यौनको विषयमा बन्ने चलचित्रमा एउटा कलाकारका नाताले काम गर्न तयार रहेको बताएकी छिन्। छ कोही हिम्मतिला निर्माता-निर्देशक, जो स्नेहा शर्मालाई यौनसम्बन्धी विषयमा उनी सुहाउँदो (?) भूमिका दिन तयार होस्।

## सानोपर्दाका आरपी

ठूलो पेट, मोटो शरीर तर हँसिलो अनुहार। हास्य कलाकार आरपी भट्टराईको परिचय यत्तिमै सीमित छैन। शारीरिक बनावटकै कारण उनलाई दर्शकले हास्य कलाकारका रूपमा मन पराएका छन्। २०४३ सालमै 'परी आइन्' शीर्षकको बाल टेलिश्रृंखलामा अभिनय गरेका मोरङका आरपीले व्यावसायिक रूपमा अभिनय क्षेत्रमा प्रवेश गरेको चार वर्ष मात्र भयो। कान्तिपुर टेलिभिजनबाट प्रसारण भएको 'पोथी बास्यो' शीर्षकको हास्य श्रृंखलामा अभिनय गरेर क्यारियरको सेकेन्ड इनिङ प्रारम्भ गरेका आरपीले त्यसपछि फुर्सदमा बस्न पाएका छैनन्।

यतिबेला नेपाल टेलिभिजनबाट प्रसारण भैरहेका दुई हास्य श्रृंखला 'झ्याई कुटी झ्याई' तथा 'सुनौलो संसार' मा अभिनय गरेर दर्शकलाई हँसाइरहेका आरपीले यस क्रममा श्रीमती जिन्दावाद, थोरै भए पुगिसरी, फिरन्ते, ५२ घुस्सा ५३ ठक्कर आदि थुप्रै श्रृंखलामा अभिनय गरेका छन्। सहिद, एक पलको जीवन, द सोलजस्ता चलचित्रमा समेत अभिनय गरेका आरपीले एक दर्जनभन्दा बढी म्युजिक भिडियो तथा केही विज्ञापनमा पनि अभिनय गरिसकेका छन्। पछिल्लो समयमा उनले आफूलाई गायकका रूपमा पनि प्रस्तुत गरेका छन्। 'या या थुक्क' शीर्षकको गीति संग्रहमार्फत् उनले आफूलाई राम्रो स्वर भएको मात्र होइन कन्सर्टमा व्यस्त भैरहने गायकका रूपमा पनि चिनाएका छन्।

## थापा भर्सेज थापा



रेखा थापा र झरना थापाबीच फरक छुट्ट्याउनुहोस् भन्ने खेल खेलाइयो भने भेटिने फरक दुईवटा मात्र होलान्– १. रेखाको थापा थर माइतीको हो भने झरनाको घरको। २. रेखा ग्ल्यामरस भूमिकाबाट सामाजिक भूमिकामा आकर्षित भैरहेकी छिन् भने झरना आफ्नो सामाजिक छवि मेट्ने प्रयासमा छिन्। उनीहरूका अरू बाँकी धेरै कुरा मिल्छन्। त्यसमा पनि दुवैका श्रीमान् चलचित्र निर्माता हुन्। रेखा र झरना चलचित्र पनि बनाउँछन्। पछिल्लो पटक यी दुवैले बनाएको चलचित्रले समयमा काठमाडौं उपत्यकामा प्रदर्शन हुन नपाएको घटना पनि मिल्न गएको छ। झरनाले बनाएको 'तकदिर' र रेखाले बनाएको 'हिम्मत', यी दुवै चलचित्र उपत्यकाबाहिर प्रदर्शन भए र दुई वर्षअघि नै सुपरहिट चलचित्रमा पनि दरिए। काठमाडौंका दर्शकलाई यिनीहरूले आफ्ना ती चलचित्र देखाउन निकै कुर्नुपर्‍यो। उपत्यकाबाहिर र भित्र एकैपटक प्रदर्शन गर्न नपाइने अमिल्दो नियमले गाँजे पनि चलचित्र काठमाडौंमा चल्ने भयो, यत्तिमै खुशी छन्- थापा नायिकाहरू। कस्तो विडम्बना ?








# नायक बनेका गायकहरू

नेपाली चलचित्रकर्ममा यस्ता सीमित प्रतिभावान् एवं भाग्यमानी नाम छन् जसको पहिचान गायक र नायक दुवैमा छ। यो परम्परा पहिलो नेपाली चलचत्रि 'आमा' बाटै प्रारम्भ भएको देखिन्छ।



निर्देशक हीरासिंह खत्रीद्वारा निर्देशित चलचित्र आमामा उतिबेलाका गीत-संगीतको क्षेत्रमा आफ्नो परिचय बनाइसकेका शिवशंकर मानन्धरलाई नायकका रूपमा प्रस्तुत गरिएको थियो। मानन्धर उक्त चलचित्रका संगीतकार पनि थिए। चलचित्र 'आमा' पछि नायक बनेका गायक एवं संगीतकार शिवशंकर त्यसपछिका दिनमा संगीत सिर्जनामै व्यस्त रहे। राष्ट्रिय गीतहरूमा स्वर भर्दै आएका हरिप्रसाद रिमाल पनि चलचित्र 'आमा' का सहनायक थिए। संयोग नै मान्नुपर्छ रेडियो नेपालमा थुप्रै बालगीतमा आफ्नो आवाज दिइसकेकी भुवन चन्द पनि सोही चलचित्रकी नायिका थिइन्। 'फगत एक नजरमा' जस्ता धेरै कालजयी गीतका गायक हरिप्रसाद रिमाल चलचित्र आमापछि मनको बाँध, सिन्दुर जस्ता चलचित्रमा पनि सहनायकका रूपमा देखिए।

निर्देशक बी.एस. थापाको निर्देशन तथा निजी क्षेत्रबाट निर्माण गरिएको पहिलो नेपाली चलचित्र 'माइतीघर' का नायक सी.पी. लोहनीले सोही चलचित्रका लागि गीत पनि गाएका थिए। त्यसअघि पनि उनी गीत गाउँथे। उनी ८ वर्षको उमेरमा रेडियो नेपालमा क्लासिकल गीत गाएर चर्चित भएका थिए। रातो रानी फुलेझैं साँझमा, हिउँभन्दा चिसो आगो भन्दा तातो... जस्ता लोकप्रिय गीतका गायक डेनी डेन्जोङ्पा वि.सं. २०४४ सालतिर उगेन छोपेलको निर्देशनमा बनेको चलचित्र 'साइनो' मार्फत् नेपाली चलचित्रको फाँटमा नायकका रूपमा साइनो गाँस्न आइपुगेका थिए।

यसअघि नै वि.सं. २०४१ सालतिर प्रताप सुब्बा निर्देशित युद्धसम्बन्धी चलचित्र 'मसाल' मा पनि डेनी नायक थिए तर उक्त चलचित्र असफल भएको थियो। थुप्रै नेपाली र हिन्दी गीतमा आफ्नो आवाज भरी सफलता आर्जन गर्न सफल पार्श्वगायक उदितनारायण झा पनि चलचित्रको पर्दामा देखिएका थिए नायकका रूपमा। संगीतप्रधान चलचित्र 'पिरती' मा नायकका रूपमा प्रस्तुत भएका उदितको पिरतीले सफलता भने चुम्न सकेन। नेपाली चलचित्र वृत्तमा सदावहार नायकको उपमा पाएका भुवन केसी पनि अभिनय क्षेत्रका अनाउनुपूर्व गीत गाउँथे। उनले आफ्ना काका ध्रुव केसीसँग मिलेर लोकलयका थुप्रै गीत गाएका छन्। 'परे म दोधारैमा..., हृदयको भाषालाई बोलिदिन्छ आँसु..., कालो-कालो रेलको धुवाँले..., जस्ता गीतमा भुवन केसीको आवाज सुन्न सकिन्छ।

उडायो सपना सबै हुरीले...., जस्ता गीत गाएर पनि संगीतकारकै परिचय बनाएका मुरलीधरलाई धेरैले नेपाली चलचित्रका खलनायकका रूपमा चिनेका छन्। यद्यपि मुरलीधरले कन्यादान, तृष्णा, श्रीस्वास्थानी आदि चलचित्रमा सहनायकको भूमिकामा पनि अभिनय गरेका छन्।

महजोडीका रूपमा परिचित मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य दुवैजना गीत पनि गाउँछन्। नेपाली चलचित्रमा पनि राम्रै उपस्थिति जनाएका महजोडीमध्येका मदन कृष्ण प्रायः चरित्र अभिनेताका रूपमा प्रस्तुत भएको पाइन्छ भने हरिवंशले बलिदान, फिलिम, तँ त साह्रै



बिग्रिस् नि बद्री, जे भो राम्रै भोमा नायकको भूमिका निर्वाह गरेका छन्।

हास्य विधामै चर्चा कमाएका नारद खतिवडाले व्यंग्य र हास्य रस मिसिएका गीतहरू गाएका छन्। पोष्टेकी आमा..., बडा बा... जस्ता चर्चित गीत गाएका नारदले दयाराम दाहाल निर्देशित कान्छी आमा र ध्रुवे जस्ता चलचित्रमा नायकको भूमिका निर्वाह गरेका छन्। भत्काइदिन्छु बाखाको खोर पनि..., ए बाऊ भात खान



आऊ... जस्ता गीतबाट परिचय बनाएका गायक प्रकाश ओझा पनि पछिल्लो समयमा नायक बनेका छन्। उनकै स्वर र संगीतसमेत रहेको डिनेश डिसी निर्देशित चलचित्र दाइको ससुरालीमा उनी नायक बनेका छन्।

त्यसैगरी फरक-फरक प्रकृतिका गीत गाएर सांगीतिक फाँटमा आफ्नो छुट्टै स्थान बनाउन सफल गायक प्रकाश पौडेल पनि भिडियो चलचित्रको पर्दामा नायक भएर देखिइसकेका छन्। 'बोके दाह्री, एल्बमको चर्चासँगै गायक श्रीकृष्ण लुइँटेलले पनि रेखा थापा निर्मित चलचित्र हिम्मतमा अनिभय गर्न भ्याइसकेका छन्।

गायक एवं संगीतकार शिवशंकर मानन्धरबाट प्रारम्भ भएको यो चलन कायमै छ तर गायन विधामा जति सफलता भने अभिनय विधामा कसैले आर्जन गर्न सकेको देखिदैन। अधिकांश म्युजिक भिडियोमा गायक स्वयं नै नायक अर्थात् मोडल भएर अभिनय गरेको पाइन्छ तर ५-६ मिनेटको गीत र दुई-अढाई घन्टाको चलचित्रको अभिनयमा



आकाश-जमिनको अन्तर हुने भएकाले नायक बन्न पुगेका गायकको अभिनय यात्रा भने खासै सफल देखिदैन। आधुनिक गीत-संगीतको फाँटमा एक-अर्काको प्रतिस्पर्धी झैं देखिएका गायकद्वय रामकृष्ण ढकाल, यम बराल र राजेशपायल राई तीनैजनाले एक-एकवटा चलचित्रमा नायकको भूमिकामा अभिनय गरिसकेका छन्। आफ्नै जीवनकथामा आधारित चलचित्र आशीर्वादमा गायक ढकाल नायक बनेका थिए। यम बरालले चलचित्र मालती र राजेशपायल राईले गुण्डाराजमा नायकको भूमिका निर्वाह गरेका थिए।

गायकी छविबाट कमाएको लोकप्रियतालाई चलचित्रमा प्रयोग गर्ने कुरामा चर्चित पप गायकहरू धीरज राई, सुगम पोखरेल, निमा रुम्बा, क्रान्ति आले, राजु लामासम्म पनि चुकेका छैनन्। जसमध्ये निमा रुम्बा भूषण दाहाल निर्देशित कागबेनीमा नायकका रूपमा प्रस्तुत भएका छन्। त्यसैगरी दृष्टिविहीनहरूको कथामा आधारित 'दृष्टि' मा गायक क्रान्ति आलेले दीक्षान्त नामको पात्रको भूमिका निर्वाह गर्ने भएका छन्। मंगोलियन हार्ट समूहका गायक राजु लामाले उपेन्द्र थापा निर्देशित फ्लाइट नम्बर १८७ मा अभिनय गरेका छन्।

आफ्ना सबै गीतका भिडियोमा मोडल भएर प्रस्तुत हुँदै आएका गायक बाबु बोगटी ठूलो पर्दाको नायक नै त भएका छैनन्, यद्यपि आलोक नेम्वाङ निर्देशित चलचित्र सानो संसारको एउटा गीतमा भने उनी देखिएका छन्। त्यसो त बोगटी कान्तिपुर टेलिभिजनबाट प्रसारण भएको टेलिश्रृंखला 'संस्कार' मा नायककै भूमिका निर्वाह गरेका थिए। डी.ए. ६९ उपनामबाट चिनिएका गायक सुदिन पोखरेल भने म्युजिक भिडियो निर्देशक आसिफ शाहले निर्देशन गर्ने चलचित्रमा नायक हुने भएका छन्।

## • लभगुरु •

पाठकहरुको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

प्रश्न : म २२ वर्षीया विवाहिता महिला हुँ। मेरो २० महिनाकी छोरी छ। मेरो माइतीघर सहरमा छ। मेरो विवाह अनेक सर्तमा भएको थियो, तर केही सर्त पूरा भएको थिएन। मेरो श्रीमान बाहिर कार्यरत हुनुहुन्छ। सुरुमा त मलाई केही पनि थाहा थिएन। जे भने पनि मानेर बसेकी थिएँ। एक वर्षपछि मेरो श्रीमान्ले मेरो गर्भ निर्धारण नगर्दै छोरा पाउने सम्बन्धमा किचलो गर्नुभयो, म आमा भएकी थिइनँ, त्यसैले चुप लागेर बसें। अहिले सुन्दैछु कि मेरा श्रीमान्को अर्कै केटीसँग विगत १० वर्षदेखि प्रेम छ। त्यसैको कारण हो वा के हो, मेरो श्रीमानले मलाई शारीरिक सम्पर्कदेखि लिएर विभिन्न पीडा दिँदै आउनुभएको थियो। घरीघरी मेरो माइतीलाई धम्क्याउने, मलाई छोडिदिन्छु भन्ने जस्ता दुर्व्यवहार भैरहँदा पनि मैले सधैं सहेर नै बसें। जब मेरी छोरीको जन्म भयो, त्यसपछि अब यसले छोरा पाउँदिन भनेर सुत्केरी अवस्थामा पनि मलाई अनेक पीडा दियो।

त्यसैले सहन नसकेर आत्महत्याको प्रयास गरेकी थिएँ। त्यतिबेला छोरीको मायाले गर्दा केही गर्न सकिनँ। अहिले पनि मसँग एउटा व्यवहार गर्ने, अरू आउँदा छुट्टै तरिकाले माया देखाएर कुरा गर्ने उहाँको व्यवहार देखेर म अब पागल हुन लागिसकेकी छु। म उहाँलाई छाडेर छोरीलाई लिएर अलग बस्न चाहन्छु। त्यसका लागि मैले पारपाचुके दिनुहोस्, म तपाईंसँग बस्न सक्दिनँ भन्दा म पारपाचुके दिन्नँ भन्नुहुन्छ। म आफ्नो जीवन यस्तो केटासँग फाल्न सक्दिनँ, जसले पढेर पनि व्यवहार जानेको छैन। अर्कोतिर मेरो माइतीको साम ठिक्क पारेर राम्रो व्यवहार देखाइदिनाले माइती पक्षले जबरजस्ती त्यही सँग बस्नुपर्छ भनेर कर लगाउँछन्। म के गरूँ ?

–केसी



सहनशील नारी भन्छु म तपाईंलाई। तपाईंजस्ता पारिवारिक उत्पीडन भोगिरहेका नारीका लागि कानुनी बाटो सजिलो छ। कतै विज्ञापन वा रेडियो, टेलिभिजनबाट थाहा पाउनुभएको छैन ? वास्तवमा यो प्रेम समस्याभन्दा पनि दाम्पत्य जीवनको समस्या हो। तपाईंका श्रीमान्जस्ता व्यक्तिले दण्ड-सजाय पनि पाउन सक्छन्। जहाँसम्म उनीबाट छुटकारा पाउने कुरा छ त्यसका लागि कुनै वकिल अर्थात् कानुन व्यवसायीसँग भेट्नुहोस् र उनको निर्देशनबमोजिम कार्य गर्नुहोस्। लभगुरुका रूपमा मेरो काम जोडी मिलाउनु हो, छुटाउनु होइन। तर पनि म भन्छु– तपाईंका श्रीमान्जस्ता दानवहरूसँग माया-प्रेम गरिरहनुभन्दा एक्लै बसेर संघर्ष गर्नु उचित हुन्छ।

## • फिल्मी खबर •

▶▶ चलचित्र निर्देशक समाजले पाँच जना निर्देशकलाई सम्मान गरेको छ, तर सम्मान कार्यक्रममा दुई जना मात्र उपस्थित थिए। समाजको छैटौं वार्षिकोत्सवका अवसरमा शनिबार राजधानीमा आयोजित कार्यक्रममा निर्देशक चेतन कार्की, दीपक रायमाझी, चन्द्रप्रकाश घिमिरे, उगेन छोपेल तथा शम्भु प्रधानलाई सम्मान गरिएको थियो। तीमध्ये सम्मान ग्रहण गर्न चेतन कार्की र दीपक रायमाझी मात्र उपस्थित थिए।

निर्देशकहरूलाई सम्मान गर्दै चलचित्र विकास बोर्डका अध्यक्ष गणेश भण्डारीले नेपाली चलचित्रको रूपान्तरणका लागि निर्देशकहरूले पहल गर्नुपर्ने धारणा व्यक्त गरेका थिए। 'हामी अब चलचित्रलाई पनि उद्योगका रूपमा स्थापित गर्न पहल गर्छौं, त्यसमा तपाईंहरूले पनि रूपान्तरण गर्छौं भनेर अठोट गर्नुपर्छ।' उनले भने।



चलचित्र कलाकारले गाउँ गएर दर्शकको मनमा बस्नुपर्ने जानकारी दिँदै उनले बोर्डले घुम्ती चलचित्र अभियान सुरु गर्न लागेको जानकारी दिए। सम्मानित निर्देशक चेतन कार्कीले चलचित्र उद्योगमा आफ्नो योगदान नरहेको स्पष्ट पार्दै चलचित्र सञ्चारको सशक्त माध्यम भए पनि सरकारले उद्योगको मान्यता नदिएकोमा दुखेसो पोखे। 'गीत, संगीत र चलचित्रमा लागेकाले राज्यलाई लाखौं राजस्व बुझाउँदै आएका छन्, तर पनि सरकारले यसलाई उद्योगको मान्यता दिएन।' उनले भने।

समाजका संस्थापक अध्यक्ष युवराज लामाले अहिलेको विकास बोर्डले नेपाली चलचित्रलाई राजमार्गमा कुदाउने वाचा गर्दै विदेशी फिल्मका लागि जोलिङ बनाइने धारणा राखे भने निर्माता संघका अध्यक्ष अशोक शर्माले औपचारिक कार्यक्रममा भाषण गरेर समय खर्च नगर्न आग्रह गरे। समाजका अध्यक्ष केपी पाठकले पुराना निर्देशकलाई बूढा भनेर सम्मान गरेका होइनौं भन्दै उनीहरूको मार्गनिर्देशन आफ्ना लागि आवश्यक भएको बताए।

▶▶ सञ्चारकर्मी तथा चलचित्र



निर्माता जयप्रकाश रिजालले निर्माण गरेको चलचित्र 'अर्जुनदेव'को स्वराङ्कन कार्य सकिँदैछ। नायक विराज भट्टको दोहोरो भूमिका रहेको यो चलचित्रमा रेजिना उप्रेती र गरिमा पन्तले नायिकाको भूमिका निर्वाह गरेका छन्। वैशाखको अन्तिम साता प्रदर्शन थालिने यो चलचित्रका निर्देशक शिव रेग्मी हुन्। सुरेश अधिकारीको संगीत, कुमार बखतीको छायांकन, मौनता श्रेष्ठको लेखन, राजु शाहको नृत्य-निर्देशन तथा हिमाल केसीको द्वन्द्व निर्देशनमा निर्माण भएको यो चलचित्रमा सुनिलदत्त पाण्डे, सुशील पोखरेल, उत्तम केसी आदि कलाकारले पनि मुख्य भूमिका निर्वाह गरेका छन्।

## • मेरो अनुभवमा •

# पैसा


### हरिवंश आचार्य

मानिसहरू हामी (महजोडी) सँग मनग्गे पैसा छ भन्ठान्छन्। कतिले त भारतका अमिताभ र शाहरूखजस्तै धनाढ्य भन्दा रहेछन्। अमिताभले एउटा विज्ञापन खेल्दा उनलाई सात-आठ करोड दिइन्छ, त्यो पनि भा.रु.। हामीलाई जम्मा तीन-चार लाख, त्यो पनि उठाउन गाह्रो पर्छ। म अहिले केही सम्पन्न छु। बस्न घर, खानका लागि खाना, डुल्नका लागि गाडी, लाउनका लागि लुगा छ। मेरा छोराहरूले बाँच्नका लागि मैले जस्तो संघर्ष गर्नुपरेको छैन। त्योभन्दा बढी समाजमा हाम्रो इज्जत र नाम छ, जुन कुरा जो कसैले अरबौं खर्च गरेर पनि पाउन नसक्लान्।

पैसा दुई तरिकाबाट कमाउन सकिन्छ, एउटा मेहनतले अर्को गलत तरिकाबाट। मेहनतले कमाएको पैसाले शीतलता दिन्छ भने गलत तरिकाबाट कमाएको पैसाले पोल्छ। अझ जति कमाए पनि असन्तुष्ट हुनेहरूलाई पनि पैसाले पोलेको मैले देखेको छु। म त भन्छु– पैसाको पछाडिभन्दा कामको पछाडि दौडनु र प्रतिभा बढाउन मेहनत गर्नुपर्छ। सही ढंगबाट मेहनत गर्न सकियो भने पैसा आफैं कमाइन्छ। पैसा तपाईंकै वरपर घुमिरहेको छ, समात्न जान्नुपर्छ। पैसा भएकाहरूले पनि 'सोसलाइज' हुन सक्नुपर्छ, नत्र पैसाको पीरले पिरोल्छ। पैसा हुनेले नै हो समाजसेवा गर्ने। हामी पनि पैसा नभएको बेलादेखि नै सामाजिक सेवा गरिरहन्थ्यौं। हामीले समाजसेवी संस्था पनि चलाएका छौं, जहाँबाट मिटिङ भत्तासमेत लिँदैनौं। समाजसेवा गरे पनि हामी त्यसको हल्ला पिटाउन मन पराउँदैनौं। हल्ला भए मानिसहरूको आशा धेरै हुन्छ। हामी आफ्नो दक्षताले भ्याएजति सेवा गर्छौं। कहिलेकाहीं सहयोग गर्न नसक्दा भने मन खिन्न हुन्छ।



मेरो बाल्यकालमा हाम्रो परिवार केही सम्पन्न थियो। काठमाडौंको गैरीधारामा हाम्रो दुई रोपनी जग्गा थियो जुन पछि बेच्नुपर्‍यो। ३५ हजार रुपैयाँ मेरो भागमा आयो, तर एउटा मानिसले त्यो पैसा खाइदियो। यो ०३२ सालको कुरा हो। म त्यतिबेला १६ वर्षको थिएँ। ऊसँग ३५ हजार फुत्काउन मुद्दा हालियो। मुद्दाको फैसला मेरै हकमा भयो, त्यसका लागि ११ वर्ष लाग्यो। जतिबेला पैसाको भ्यालु घटिसकेको थियो। ११ वर्षअघि ३५ हजारले काठमाडौंभित्र एक रोपनी जग्गा आउँथ्यो, ११ वर्षपछि एक आना जग्गा पाउन पनि रिङरोडबाहिर पुग्नुपर्थ्यो होला। त्यो दौरान मैले पैसाको अभावमा निकै संघर्ष भोगें। जुत्ता प्वाल परेर घोच्थ्यो, मसँग नयाँ जुत्ता किन्ने पैसा थिएन। अहिले मसँग सुखमय जीवन जिउन पुग्ने पैसा छ, तर यति जोर्नका लागि मैले निकै मेहनत गरें।



# तपाईंलाई पुरुषले कस्तो पहिरन लगाएको मनपर्छ ? र किन ?

## केवल एक प्रश्न

रमाइलो प्रश्न □ मलाई क्याजुअल वेयर राम्रो लाग्छ, त्यसमा पनि टिसर्टसँग लुज जिन्स। त्यसो त राम्रोसँग सिलाइएको सुटमा पनि पुरुषहरू आकर्षक देखिन्छन्।

**– निशा अधिकारी (नायिका/मोडल)**

मलाई ? अँ...मलाई कटनको खाकी पाइन्ट लगाएको मनपर्छ। यसबाहेक मलाई पुरुषले लगाएको औपचारिक पहिरन पनि असाध्यै मनपर्छ। कारण चाहिं...खै के भनौं ?

**– पल्लभी ढकाल (सञ्चारकर्मी)**

अँ...सोच्नैपर्छ। मलाई पुरुषहरूले क्याजुअल वेयर लगाएको मनपर्छ। खासगरी पाइन्ट र टिसर्ट □

**– महिमा भट्टराई (आरे/भिजे)**

ओहो □ यस्तो पनि प्रश्न। मलाई पुरुषले फर्मलभन्दा इन्फर्मल ड्रेस लगाएको मनपर्छ। खासगरी जिन्स र टिसर्टमा उनीहरू ह्यान्डसम देखिन्छन्।

**– योजना पुरी (गायिका)**

पुरुषले क्याजुअल वेयर लगाएको मनपर्छ। यस्ता पहिरनमा उनीहरू ह्यान्डसम देखिन्छन् नि □

**– मृदुला खनाल (समाचारवाचिका)**



## जम्का भेट

गायक नवीन के. भट्टराई पाँच वर्षपछि नयाँ एल्बम 'नक्षत्र' लिएर श्रोतामाझ आउँदै छन्। नयाँ एल्बम चैत १५ गतेदेखि बजारमा आउने गायक भट्टराईले बताए। पप, हिपहपको ट्रेन्डले अहिलेको पुस्तालाई तान्न सफल भएको बताउँदै एल्बममा त्यस्तै गीत समेटिएको गायक भट्टराई बताउँछन्। सांगीतिक कार्यक्रमका सिलसिलामा चितवन पुगेका गायक भट्टराईसँग जम्काभेट :

**भिडियो नभएको एल्बम चल्दैन भन्छन् नि ?**
हो, चल्दै चल्दैन भने पनि हुन्छ। अहिलेको ट्रेन्ड नै म्युजिक भिडियो हो। त्यसमा पनि सबैले टेलिभिजन हेर्छन्, त्यसैले भिडियो अनिवार्य भैसकेको छ। म्युजिक भिडियो भएको एल्बम श्रोताहरूले मन पराउँछन्।

**तपाईंको भिडियोमा एउटै मोडल कोहिनूर सिंह देखिन्छिन् ?**
त्यसो होइन, म्युजिक भिडियोको आर्टिस्ट चुज गर्ने काम निर्देशकको हो। त्यसमा मेरो केही भूमिका हुँदैन। मैले गाएको गीतमा उनले मोडलिङ गरेको हो, तर अब आउने एल्बमको मोडल पनि निर्देशकले नै छनौट गर्ने हो।

**तपाईं विवाहित कि अविवाहित ?**
अहिलेसम्म अविवाहित, तर घरमा विवाहको लागि दबाब दिँदै हुनुहुन्छ त्यसैले अब चाँडै विवाह गर्छु होला।

**गर्लफ्रेन्ड त पक्कै होला नि ?**
गर्लफ्रेन्ड छैन भनें भने तपाईं विश्वास गर्नुहुन्न, तर यो यथार्थ हो। मेरी गर्लफ्रेन्ड छैनन् तर प्रशंसकहरू धेरै छन्। त्यसमध्ये कतिले प्रपोज पनि गरे तर म त्यो विषयमा गहन भइनँ।

**अध्ययन कहाँसम्म पुऱ्याउनुभयो ?**
मेरो पढाइलेखाइ अहिले पनि जारी छ, ग्रेजुएसन सकियो, अहिले काठमाडौं युनिर्भसिटीमा डिग्री अध्ययनरत छु।

**अहिलेसम्म कति गीत गाइसक्नुभयो ?**
मैले अहिलेसम्म करिब १ सय गीत गाएँ। 'साँझपख' शीर्षकको गीत मलाई सबैभन्दा बढी मन पर्छ।

**नेपाली चलचित्रमा पनि गीत गाउनुभयो होला नि ?**
हो, मैले दुइटा गीत चलचित्रका लागि गाएँ। चलचित्र फ्लप भयो, तर गीत चल्यो।

**चलचित्रमा नायक भएर आउने चाहना छ होला नि, अफर पाउनुभएको छैन ?**
अभिनय मेरो रहर होइन, मलाई क्यामेरा फेस गर्न गाह्रो लाग्छ त्यसैले म अभिनय गर्दिनँ।

**राजनीतिमा तपाईंलाई कतिको रुचि छ ?**
कलाकार भएर राजनीति नगरौं भन्ने मेरो उद्देश्य छ, तर आफूलाई चाहिनेजति जानकारी राखेको छु। कलाको मन्दिरमा राजनीति नगरेकै राम्रो हुन्छ। पाँच वर्षका दौरानमा देशमा धेरै सकारात्मक परिवर्तन आएको छ। राजनीतिमा उथलपुथल आवश्यक छ तर त्यसो भन्दैमा पुराना राम्रा चीज भत्काउनु तथा परम्परागत संस्कृति मास्नु हुँदैन।

**प्रस्तुति : प्रवीण दत्त**

# होली हंगामामा रेन डान्स



**जितेन्द्र साह**

भनिन्छ रंगमा त्यसै पनि नशा हुन्छ। अझ त्यसमा गीत, संगीत र नृत्यको समागम भएपछि त वातावरणमा मादकता छाउनु स्वाभाविक हो। रेडियो कान्तिपुरले मंगलबार पुल्चोकस्थित भूतपूर्व सैनिक भवनमा आयोजना गरेको 'होली हंगामा' कार्यक्रमले यस्तै रंग र संगीतको मेल गराएर सहभागीहरूलाई मदहोस तुल्याएको थियो। कार्यक्रमको आरम्भमा उद्घोषक एवं कार्यक्रम प्रस्तोता हेम सुवेदीले 'रंगले कुनै जाति र सम्प्रदाय छुटाउँदैन, सबै मिलेर होली मनाऔं, ह्याप्पी होली,' भन्दै उपस्थित सबैलाई तताएका थिए।

मञ्चमा लोकप्रिय गायक-गायिकाले सुर बाँधिरहेका थिए भने पछिल्तिरको खुला चौरमा 'रेन डान्स (सावर डान्स )' मा सरोबर भएर कान्तिपुर सहकर्मी र आगन्तुकहरू नृत्य गरिरहेका थिए। रेडियो कान्तिपुरले श्रोता र पाहुनालाई एक ठाउँमा भेला पारेर होली मनाउन लागेको दशक पूरा भएको छ।

रंग र संगीतको उत्तम महोत्सवको प्रारम्भ गायक भरत सिटौंलाले धार्मिक भाव बोकेको पप गीत 'हरे राम हरे कृष्ण, पापभन्दा पर भागु, सधैं तिम्रो नाम जपु' गाएर गरेका थिए। यो गीतमा सबैले हात उठाएर भक्ति शैलीमा नृत्य गरेका थिए। त्यसपछि र्‍याप समूह 'नेप्साइडर्स' ले 'सेक योर बडी' गीत गाएर नाच्न नजान्नेलाई पनि नाच्न बाध्य पारेको थियो।

यो त संगीतमय उत्सवको एउटा झलक मात्र थियो। त्यसपछि मञ्चमा आएका गायक कमल क्षेत्रीले 'नाचन नाच फनफनी,' गायिकाद्वय शीतल एवं सुवानीको 'पानी बिना,' पप गायक अनिल सिंहले ' फनफनी घुमेर, बसेर उठेर,' र बाबु बोगटीले 'मुसुक्क हाँस्दा कान्छी मोरीले,' गाएर सहभागीहरूलाई बाँधिराखे।

यो त कार्यक्रमको मध्यान्तरमात्र थियो। त्यसपछि गायिका अञ्जु पन्तले 'वसन्त नै यहाँ बस्न खोज्छन् यहाँ लोलाएर' र सुगम पोखरेलले ' झिल्केले फसायो...' गीत गाएर सहभागीहरूलाई झुमीझुमी नाच्न बाध्य तुल्याए।

कार्यक्रमको उत्कर्षमा गायक धिरेन्द्र प्रेमर्षि र गायिका रुपा झाले लोकप्रिय मैथिल गीत ' हो रंगा वे गोरिया...परदेशियाला धोतीया रंगा वे,' गीत गाएर सहभागीहरूलाई तराईमा बुधबार हुन लागेको होलीको निम्तो दिएका थिए। धीरेन्द्र र रूपाले मंगलबार पहाडबाट सुरु भएर बुधबार तराईमा समापन हुने यो पर्वले पनि इन्द्रेनी झैं एकता र सद्भावकासाथ बस्ने सन्देश दिएको बताए।



उनीहरूले आफ्नो भावपूर्ण उदघोषणपछि कार्यक्रमलाई टुंग्याउँदै सहभागीहरूलाई पानीको फोहोरामा एकै पटक नृत्य गर्न आह्वान गरेका थिए। कार्यक्रमको अन्तमा झण्डै आधा घन्टासम्म 'बचना ओ हसिना,' जस्ता थुप्रै गीतमा सहभागीहरू पानी र रंगमा सरोबर भएर नाचेका थिए।

**कतै ग्ल्यामर होली, कतै सदभाव होली**

'शान्ति र सद्भावका लागि खेलौं होली □'- आरजे राज श्रेष्ठ माइक्रोफोनमा अनुरोध गर्दै थिए। हास्य अभिनेता दीपकराज गिरीलाई उनले मञ्चमा बोलाए, केही रमाइला कुरा गर्न। उनका प्रशंसकहरूले कहाँ छाड्थे र उनलाई ? मञ्चमा उक्लनै लाग्दा झ्याप्पझुप्प समातेर रंग पोतिहाले। नायिका रेखा थापाको मनसाय पितृशोकका कारण यो वर्ष रंग नखेल्ने भए पनि रमाइलो हेर्न उनी बानेश्वरस्थित स्टार एफएमको प्राङ्गणमा पुगेकी थिइन्। मञ्चबाटै उनलाई रंग नहाल्न अनुरोध गरेपछि उनी रंगबाट बचिन्। अर्की नायिका रञ्जना शर्मालाई भने कसैले छाडेनन्, उनको अनुहार नचिनिने गरी पोतियो। निर्देशक दीपक श्रेष्ठ, अभिनेता सुनिल थापा आदि पनि सप्तरंगी रंगहरूबाट रंगीन भएका थिए। कुन्ति मोक्तान, अञ्जु पन्त, नलिना चित्रकार, भरत सिटौला, बाबु बोगटी, अविनास घिसिङ, सुरेश अधिकारी, विमल डाँगी आदि संगीतकर्मीहरूले शान्ति र सदभावको कामना गर्दै स्टार एफएममा होलीको वातावरणलाई आफ्ना गीतहरू सुनाएर संगीतमय बनाए।

**साइबरको ग्ल्यामर होली**

'तिमी यसै लजायौ, म उसै धकाएँ, नबोल्यौ तिमीले, न मैले बोलाएँ'- डिजे राजुको पछिल्लो रिमिक्स एल्बममा समावेश यो गीतको म्युजिक भिडियोमा दुई दिनअघि मात्रै साइबर संसार डटकमका सञ्चालक दाजुभाइ अभिनव तथा दिपंकर कसजुलाई पनि अभिनय गराइएको रहेछ। त्यसैले दिउँसो दुई बजे बैङ्क्वेट क्लब पुग्दा यही गीत बजिरहेको थियो, डिजेले बारम्बार त्यही गीत बजाइरहेका थिए। नाच्नेहरूको कमी थिएन। मोडल दिदीबहिनी स्मिता र बेबी थापा, मोडल सिमला रायमाझी नाच्न मग्न थिए। स्मिता पिउन मन पराउँदिनन् भने बेबीलाई अबिरबाट एलर्जी रहेछ। त्यसैले स्मिताको अनुहार रंगीन भएको थियो भने बेबीलाई बियरको माद र होलीको उन्माद चढेको थियो। गायक प्रनिल के तिमिल्सेना आफ्नो तालमा नाचिरहेका थिए। केही बेर म्युजिक बन्द हुँदा पनि उनी नाचिरहेको देखेपछि लेखिका प्रीति आचार्यले भनिन्-'म्युजिक बन्द भैसक्यो, किन नाचिरहेको ?' प्रनिलको जवाफ यस्तो आयो -'म मनमनै म्युजिक बजाएर नाच्दै छु।'

गायक-गायिका तथा मोडलहरूका साथ भोड्का, बियर र स्कचको मादमा बाहिरी दुनियाँबाट बेखबर भै बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म साइबरसंसारको रमाइलो 'ग्ल्यामर होली' चलिरह्यो।

# नाचघरमा हास्य होली

काठमाडौं– यसअघि गाईजात्राको अवसरमा मात्र तात्ने नेपाली हास्यकलाकारहरू यसपटक होलीमा पनि तातेका छन्। राष्ट्रिय नाचघरमा अहिले होलीको अवसर पारेर 'हास्य सप्ताह' कार्यक्रम सञ्चालनमा आएको छ जहाँ विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण भैरहेका हास्य कलाकारहरूको उल्लेख्य जमघट छ। गत बुधबार प्रारम्भ भएको हास्य सप्ताहमा कलाकारहरूले दर्शकहरूलाई त हँसाइरहेका छन् नै साथै विभिन्न गायक-गायिकाले कार्यक्रमलाई मनोरञ्जक पनि बनाइरहेका छन्। कार्यक्रममा मनोज गजुरेलले आफ्नो विभिन्न भावभंगिमा प्रस्तुत गरिरहेका छन् भने रवि डंगोल, पूर्ण थापा, मुनाल घिमिरे र पल्पसा डंगोलको समूहले होलीसम्बन्धी प्रहसन प्रस्तुत गरेको छ। त्यसो त प्रभाकर शर्मा, रमेश केसी, राजेन्द्र गर्तौला तथा साथीहरूको व्यंग्यात्मक प्रहसन पनि उत्तिकै आकर्षक छ। गोपाल नेपाल फिस्टे, अञ्जु महर्जन तथा मञ्जु श्रेष्ठको प्रहसनले पनि दर्शकहरूलाई हाँस्न बाध्य बनाएको छ। शैलेन्द्र सिम्खडाको व्यंग्यात्मक कविताका साथै सञ्जय श्रेष्ठ, नलिना चित्रकार, सञ्जय किशोर आदि गायक-गायिकाको गायनले कार्यक्रम संगीतमय बनेको छ। राष्ट्रिय नाचघरले आयोजना गरेको यो रमाइलो कार्यक्रम आगामी मंगलबारसम्म जारी रहनेछ।

# एकै दिन दुई बालसौन्दर्य प्रतियोगिता





पोखरा- एकै दिन एकसाथ दुई बालसौन्दर्य प्रतियोगिता अनि दुवै प्रतियोगिता उत्तिकै रोचक ।द लुक्स फेसन होम्सले स्थानीय उद्योग वाणिज्य संघको सभाहलमा लिटिल प्रिन्स एन्ड प्रिन्सेस बालसौन्दर्य प्रतियोगितामा ६ देखि १२ वर्ष उमेर समूहका बालबालिकाबीच प्रतिस्पर्धा भएको थियो । आफ्ना २१ जना प्रतिस्पर्धीलाई पछि पार्दै गुरुकुल विद्याश्रमकी ८ वर्षिया नन्दनी पाण्डेले मिस लिटिल प्रिन्सेस पोखरा-२००९ को ताज पहिरिन ।

उपाधि घोषणा भएको सुन्नेबित्तिक्कै आँखाबाट तरक्क आँसु झारेकी पाण्डे सुरुदेखि नै दर्शकको नजरमा परेकी थिइन् । डान्टर बन्ने लक्ष्य लिएकी नन्दिनीले उपाधि जितेपछि प्रतिक्रिया दिँदै भनिन- 'बालसौन्दर्य प्रतियोगितालाई सबैले सकारात्मक रूपमा लिइदिनुहोला ।' प्रतियोगितामा सेन्ट मेरिज स्कुलकी ८ वर्षीया सेजल गुरुङ फस्ट रनर-अप र १२ वर्षीया तारा गुरुङ सेकेन्ड रनर-अप बनिन् ।

बाबुतर्फको उपाधि साढे पाँच वर्षीया फुर्तिला युनिक गुरुङले लिटिल प्रिन्स पोखरा-२००९ को उपाधि चुमे । सहभागी प्रतिस्पर्धीमध्ये उनी सबैभन्दा कम उमेरका हुन् । कक्षा १ मा अध्ययनरत युनिकले भविष्यमा सफल व्यक्ति बन्ने उद्देश्य लिएको बताए । रवीन्द्र बज्राचार्य तथा रीता गुरुङको कोरियोग्राफी रहेको प्रतियोतिगामा ८ वर्षीय पवन गुरुङ फस्ट रनर-अप तथा ११ वर्षीय रविन्सन आले सेकेन्ड रनर-अप बने । कार्यक्रममा तेस्रो लिङ्गी बिन्दिया गौतम, श्रेया थापा आदिले आकर्षक नृत्य प्रस्तुत गरेका थिए ।

पोखराका नौवटा जिन्स डिजाइनरका थरीथरीका जिन्स पहिरनमा बालबालिकाहरू क्याटवाक गर्दै र्‍याम्पमा उत्रिए । दर्शकहरूले एकसाथ उनीहरूलाई हौसला दिँदै ताली बजाएपछि सानो परी तथा सानो बाबु बालसौन्दर्य प्रतियोगिता पोखरा प्रारम्भ भयो ।

जित हाम्रो प्रा.लि.द्वारा आयोजित प्रतियोगितामा बालिकातर्फ पोखरा किन्नर गार्डेन स्कुलकी १२ वर्षया श्वेता गुरुङले १८ जना प्रतिद्वन्द्वीलाई पाखा लगाउँदै सानो परी पोखरा-२००९ को मुकुट पहिरिइन् । डान्टर बन्ने उद्देश्य लिएकी श्वेता विजेता घोषणा भएपछि एकछिन अलमल्ल परिन । यस्तै बाबुतर्फ पोखरा किन्नरगार्डेनकै १२ वर्षीय आशुतोष जंग शाही सानो बाबु पोखरा-२००९ को उपाधि चुमे ।

उनले उपाधिसँगै मोष्ट ट्यालेन्टको टाइटल पनि पाए । त्यस्तै बालकतर्फ पोखरा किन्नरगार्डेनकै उत्सव प्रधान फस्ट-रनर अप बने । फूलबारी मन्टेश्वरी कटेजका निश्चल श्रेष्ठ सेकेन्ड रनरअप भए । उनले बेस्ट ड्रेसको टाइटल पनि जिते । यस्तै फोटोजेनिकमा पास्कल एकेडेमीका अनिस दाहाल र वेस्ट वाकको टाइटल विसन गुरुङले पाए ।

# सकियो शंकरनगर महोत्सव

बुटवल- पर्यटकीय स्थलका रूपमा विकास भैरहेको रुपन्देहीको शंकरनगर वनविहारमा पहिलोपटक आयोजना भएको शंकरनगर महोत्सवको रमाइलो सोमबार सकिएको छ । ८ दिनसम्म चलेको महोत्सवमा बद्री पंगेनी, शिला आले, राजु परियार, रामचन्द्र काफ्ले, मिलन लामा, हेमन्त शर्मा, श्रीश देवकोटा, जुना श्रीश, प्रचण्ड जीसीले दोहोरी, लोकपप, आधुनिक र रोइला गीतमार्फत् दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गरे । शिवहरि पौडेल, किरण केसी, सविता गुरुङ, राजाराम पौडेल, वीरबहादुर गुरुङ, मिश्री थापा आदि हास्यकलाकारले देशको समसामयिक राजनैतिक अवस्था र दलका नेताहरूप्रति सटिक र तिखो व्यङग्य गरेर दर्शकहरूको मन जिते । विभिन्न जिल्लाका टिम सहभागी दोहोरी प्रतियोगिताले पनि दर्शकलाई महोत्सव अवधिभर छमछमी नचायो ।

दोहोरीको फाइनलमा राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान अर्घाखाँची प्रथम, मिलिजुली खेलकुद तथा सांगीतिक मञ्च द्वितीय, सुसेली सांस्कृतिक समूह काठमाडौं र राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान दाङ तृतीय भए । यसबाहेक विद्यालय स्तरीय लोकनृत्य प्रतियोगिता, एकल बाल नृत्य प्रतियोगिता, विभिन्न जनजातिको सांस्कृतिक प्रस्तुतिले पनि महोत्सवमा रमाइलो थपेको थियो । कृषि, वन, उद्यम र पर्यटन विकासका लागि शंकरनगर महोत्सव भन्ने नाराका साथ शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रको आयोजनामा फागुन १९ देखि सञ्चालित महोत्सवमा कृषि, वन र पर्यटनसम्बन्धी १ सय ५० स्टल अवलोकन, किनमेलका साथै थारू, मगर, गुरुङ आदि आदिवासी जनजातिका कला, संस्कृति, रहनसहन एवं परिकारमा रमाउन स्थानीयवासीहरू बन्दका बाबजुद पनि उल्लेख्य संख्यामा सहभागी भए ।

**-टोपराज शर्मा**

## • सानो पर्दा •

▶▶ सानो पर्दामा विभिन्न शैलीका थेगोमार्फत लोकप्रिय हुने कलाकारको संख्या बढ्दो छ । पछिल्लो समयमा नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्य टेलिश्रृंखला 'झ्याइँकुटी झ्याइँ' मा 'म त छक्क परें' थेगोबाट कलाकार शेखर खनाल लोकप्रिय बनेका छन् । आफ्नो नयाँ थेगो दर्शकले मन पराए पनि लोडसेडिङका कारण आ□नो अभिनय देशभरिका दर्शकले हेर्न नपाएकोमा उनी दु:खी समेत छन् । विगत ११ वर्षदेखि अभिनय क्षेत्रमा सक्रिय शेखर हास्य अभिनयमा आ□नो 'क्यारियर' बनाउने प्रक्रियामा छन् । नेपालका होचापुड्का मान्छेहरूको कथा समेटेर उनले निर्देशन गरेको चलचित्र 'सारथी' एकताका चर्चामा थियो । अभिनयसँगै चलचित्र लेखन एवं निर्देशनमा रमाइरहेका शेखरले सारथीबाहेक एक्सक्युज मी, झटारो, भुइँचालोजस्ता हास्य टेलिश्रृंखलामा पनि अभिनय तथा निर्देशन गरिसकेका छन् । अर्का हास्य कलाकार शिवशंकर रिजालसँग ०५९ सालमा जोडी बाँधेर संयुक्त रूपमा हास्य कलाकारिता अघि बढाएको यो जोडी 'खरी' जोडीका रूपमा पनि चर्चित थियो । यो जोडीले सराद्दे-पराद्दे, भण्डाफोर, कर्फ्यु, उग्रगोमन, घोक्रेठ्याँक आदि गाईजात्रे एल्बम बजारमा ल्याइसकेको छ ।



▶▶ 'दिमाग खराब' शीर्षकको नयाँ टेलिश्रृंखलाको निर्माण प्रारम्भ भएको छ । गत आइतबार राजधानीमा आयोजित एक कार्यक्रममा यो श्रृंखलाको शुभमुहूर्त गरिएको हो । टेलिश्रृंखलाको मुहुर्तमा द्वन्द्व निर्देशक एनबी महर्जन, हास्यकलाकार उत्तम केसी तथा संगीतकार वसन्त सापकोटा सहभागी थिए । श्रृंखलामा वसन्त काफ्ले, मौसम श्रेष्ठ, विनोद सापकोटा, सन्तोष पौडेल, वैकुण्ठ सापकोटा, दीपा न्यौपाने आदि कलाकारको मुख्य भूमिका रहनेछ । यो श्रृंखलाको निर्देशन सरोज सापकोटाले गर्दैछन् । अमृत शर्मा श्रृंखलाको एपिसोड निर्देशनका रूपमा सहभागी छन् । टेलिश्रृंखलामा वसन्त सापकोटाको संगीत तथा शिव शर्माको पटकथा-संवाद रहनेछ ।

## साप्ताहिक क्विज ११



- साप्ताहिक-कुसुमे रुमाल क्विजको उत्तर आगामी शुक्रबारसम्म आइपुग्ने गरी साप्ताहिकको ठेगानामा पठाउनुहोला ।
- कुपनमा पठाइएको उत्तर मात्र स्वीकार्य हुनेछ ।
- विजेताहरूमध्ये गोलाप्रथाबाट पाँच जनालाई गोपीकृष्ण मुभिजका तर्फबाट निरक पौडेलद्वारा निर्देशित एवं सौर्यजित बास्कोटाद्वारा संगीतबद्ध चलचित्र 'नयाँ कुसुमे रुमाल'का सुमधुर गीतहरू संग्रहित एक-एकवटा अडियो सिडी वा क्यासेट प्रदान गरिनेछ । साथै पाँच जनालाई काठमाडौंको चाबहिलस्थित गोपीकृष्ण मुभिजमा प्रदर्शन भैरहेको चलचित्रको २-२ वटा टिकट प्रदान गरिनेछ ।
- यो 'साप्ताहिक-कुसुमे रुमाल' क्विजका सर्त तथा नियमहरूमा सर्वाधिकार संयुक्त रूपमा कान्तिपुर पब्लिकेसन्स तथा गोपीकृष्ण मुभिजको रहनेछ ।

**निर्माता उद्धव पौड्यालका निर्देशक छोराको नाम के हो ?**

..........................................................

..........................................................

नाम : ...............................

ठेगाना : ...............................

...............................

फोन नम्बर : ...............................

**क्विज-८ को उत्तर : नीर शाह**

**क्विज-८ का टिकट विजेताहरू:**

१. कुमार नेपाल, नरेफाँट
२. सरीता ढकाल, बानेश्वर
३. सतीशराज पौडेल, ताहाचल
४. बसन्त खत्री, पनौती
५. आरती खनाल, कोटेश्वर

**क्विज-८ का सीडी विजेताहरू:**

१. दासुदेव कुलुङ, सोलुखुम्बु
२. सुदर्शन भट्टराई, मोरङ
३. राजु थापा, अनामनगर
४. सावित्री पाण्डे, रुपन्देही
५. लुना कोइराला, सानोठिमी

**विजेताहरूले परिचय पत्रसहित गोपीकृष्ण मुभिज, चावहिल फोन नं. ४४७९८९३/४ मा एक महिनाभित्र सम्पर्क राख्नुहोला । उपत्यका बाहिरका विजेताले परिचित व्यक्तिमार्फत परिचय पत्र पठाई पुरस्कार पाउन सक्नुहुनेछ ।**

## जन्म दिनको शुभकामना



फागुन २९ गते: जेम्स प्रधान (गायक)
फागुन ३० गते: सुनिल सिंह ठकुरी, प्रवलदीप विश्वास (गायक), झरना बज्राचार्य (नायिका)
चैत १: नविन के भट्टराई (गायक)
चैत २: धमेन्द्र सेवान (गायक)
चैत ३ गते: राजु लामा (गायक)



## ● साताको स्वर ●



## मेनुका राई

**माया आहारिसे..... गीत कुन शैलीमा आधारित छ ?**
आधुनिक शैलीको गीत हो, तर गीतलाई मेलोडियस बनाउन लोक शैलीलाई पनि समावेश गरेकी छु।

**बोलिचालीका शब्द प्रयोग गर्नुभएको रहेछ नि ?**
श्रोतालाई केही नयाँ दिऊँ भन्ने उद्देश्यले आरिसेलगायत केही ठेट नेपाली शब्द प्रयोग गरेकी छु।

**गीतमार्फत के भन्न खोज्नुभएको छ ?**
युवापुस्तामा प्रेम-विछोड भैरहन्छ, तर मायामा एक प्रकारको डाहा पनि हुन्छ भन्ने भावनालाई गीतमार्फत व्यक्त गरिएको छ।

**गीतको कुन पक्ष आकर्षक छ ?**
शब्द र संगीत आकर्षक छ। गायनमा पनि मेहनत गरेकी छु।

**म्युजिक भिडियाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**
गीतको भावनालाई समेट्ने भिडियो तयार भएको छ। श्रोतालाई यो गीत मन पर्छ भन्ने कुरामा विश्वस्त छु।

● आधुनिक गायनका कहलिएका सत्य अनि स्वरूपराज आचार्य मात्र होइनन्, रामकृष्ण ढकाल, सिने गुरुङ, प्रतिमा राजभण्डारी तथा एडरियन प्रधानले पनि शुक्रबारको साँझ रूसी सांस्कृतिक केन्द्रमा गीतकार वसन्त चौधरीका लागि गीत गाए। न्ह्यु बज्राचार्यको संगीतमा चौधरीको नयाँ एल्बम रिफ्लेक्सन्स अफ लभमा समेटिएका गायक तथा गायिकाहरू चलचित्र, संगीत, साहित्य, व्यापार-व्यवसाय, सञ्चार आदि क्षेत्रका पेसाकर्मीहरूलाई उनीहरूले गीत सुनाउँदै थिए। इमेज च्यानल तथा एफएमबाट प्रत्यक्ष प्रसारण गरिएको उक्त सांगीतिक कार्यक्रम छोटो-मीठो स्वरूपमा प्रस्तुत गरिएको थियो।

● नारी दिवसको अवसरमा गत शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रममा गायिका कोमल वली तथा नलिना चित्रकारले आफ्ना लोकप्रिय गीत गाएर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे। शान्ति र विकासका लागि नागरिक आवाजले आयोजना गरेको सम्मान तथा सांस्कृतिक कार्यक्रममा उनीहरूले गीत-संगीत प्रस्तुत गरेका हुन्। उक्त कार्यक्रममा झरना कला समूहको होली नृत्य पनि आकर्षक रह्यो। कार्यक्रममा गायिका वली तथा चित्रकारसँगै अन्य महिलाहरूलाई पनि सम्मानित गरिएको थियो।

● समाजसेवा तथा शास्त्रीय संगीतको अभिवृद्धिमा योगदान पुऱ्याउने भक्ति संगीतकार श्याम मलेकुलाई अभिनन्दन गरिएको छ। संगीतकार मलेकुको ५५ औं जन्मदिन मनाउन गठित समितिद्वारा आयोजित समारोहमा विभिन्न १२ संघसंस्थाले उनलाई अभिनन्दनपत्र प्रदान गरेका थिए। सोही अवसरमा संगीतकार मलेकुद्वारा रचना गरिएका गीतहरूको संग्रह 'भावनाका फूलहरू'को लोकार्पण गरिएको थियो।

● वरिष्ठ संगीतकार स्व. गोपाल योञ्जनका सहोदर दाजु कर्म योञ्जनले संगीतबद्ध गरेका गीतहरू पहिलो पटक गीति संग्रहमार्फत् श्रोतामाझ आउने भएको छ। शान्तना रेकर्ड्सले संगीतकार योञ्जनको पहिलो गीति संग्रह सार्वजनिक गर्ने तयारी पूरा गरिसकेको छ। 'सम्झेर बुझेर' शीर्षकको उक्त संग्रहमा कालजयी गीत सम्झेर बुझेर तथा देउरालीका ठिटी हो...लाई पुनः रेकर्डिङ गरेर समावेश गरिएको छ।

केसी विशेष रूपमा प्रस्तुत हुँदैछन्। कार्यक्रममा लोकगायक-गायिका शिला आले, बद्री पंगेनी आदिले गीत-संगीत प्रस्तुत गर्नेछन् भने जुहारीका साथमा तामाङ सेलो, कौडा, देउडा आदि नृत्यबाट कार्यक्रमलाई मनोरञ्जक बनाउने योजना आयोजकहरूको छ। कार्यक्रममा त्यो क्षेत्रमा बसोबास गर्ने एक लाखभन्दा बढी नेपाली सहभागी हुने अनुमान गरिएको छ।

● सुदूर पश्चिमाञ्चलका लोकप्रिय गायक यज्ञराज उपाध्याय जुनसुकै भेला वा कार्यक्रममा उपस्थित भए पनि उनले 'राई झुमा, झुमा क्या म' गाउनैपर्छ। सुदूरपश्चिमाञ्चलको यो लोकप्रिय लोकभाकाबाटै चर्चाको शिखरमा पुगेका गायक उपाध्यायलाई सुदूरपश्चिम क्षेत्रको लोककला, देउडा, झयाउरे र ठाडी गीतको संकलनदेखि विकास, विस्तार तथा संरक्षणको क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरूप गत शनिबार सम्मानित गरिएको छ। सुदूरपश्चिम सरोकार मञ्चद्वारा आयोजित कार्यक्रममा लोकदेउडा गायकले आफ्नो लोकप्रिय गीतसमेत प्रस्तुत गरे।


## ● म्युजिक अपडेट ●

● भारतको गुजरातका फरकफरक चार स्थानमा आज शुक्रबारदेखि नेपाली सांस्कृतिक कार्यक्रम हुँदैछ। लगातार चार दिनसम्म सञ्चालन हुने उक्त कार्यक्रमका बारेमा जानकारी दिँदै आयोजक दिलबहादुर थापाले स्थानीय नेपाली कलाकारका साथमा नेपालबाट आउने ख्यातिप्राप्त कलाकारहरूले नेपाली लोकगीत तथा नृत्यका साथमा विभिन्न मनोरञ्जनात्मक प्रस्तुति दिने जानकारी दिए। कार्यक्रममा नायक विराज भट्ट तथा नायिका जेनिसा

## लाइभ शो

● इन्डियन आइडल-४ की विजेता सौरभी देववर्मासँगै दुई जना फाइनलिस्ट कपिल थापा तथा तोसा सरकारले राजधानी काठमाडौं तथा पोखरामा आयोजना हुने सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गर्ने भएका छन्। भोलि शनिबार दिउँसो साढे दुई बजे जावलखेल खेलमैदान तथा आइतबार दिउँसो २:३० बजे पोखराको एक्जिविसन ग्राउन्डमा आयोजना गरिने दुई भिन्न सांगीतिक कार्यक्रममा उनीहरू सहभागी हुन लागेका हुन्। दुवै कार्यक्रममा उनीहरूलाई नेपाली गायक क्रान्ति आलेले पनि साथ दिनेछन्।

## ● अफबिट ●



गायक अविनास घिसिङ आफ्नो नयाँ गीत 'यानी माया'को म्युजिक भिडियोमा मोडलसँग अभिनय गर्दै। तस्बिर : फुर्सद डटकम

● 'चाहाना सकियो...' गीत बाट चर्चामा आएकी गायिका शशी रावल अहिले आफ्नो नयाँ गीतिसंग्रहको तयारीमा जुटेकी छिन्। केही समयपछि बजारमा आउने उक्त संग्रहका केही गीतको म्युजिक भिडियो निर्माणमा व्यस्त रावलका अनुसार संग्रहमा पप शैलीका गीतहरू सुन्न पाइनेछ।

● राष्ट्रिय गानका सर्जक व्याकुल माइला चाँडै नै नयाँ गीति संग्रह 'उत्साह' मार्फत् श्रोतामाझ आउने भएका छन्। शान्तिराम राईको एकल संगीतमा व्याकुल माइलाका एकल शब्दसहित श्रोतामाझ आउने 'उत्साह' मा राष्ट्रिय भावनाले ओतप्रोत तथा केही जीवनमुखी गीतहरू सुन्न पाइनेछ। रेकर्डिस्ट दीप तुलधारको स्टुडियो सप्तकमा भर्खरै संग्रहका गीतहरूको रेकर्डिङ कार्य सम्पन्न भएको छ।

● उत्कृष्ट गायन प्रतिभा छनौट गर्ने उद्देश्यले ललितकला क्याम्पसले आयोजना गरेको 'प्रथम ललितकला अवार्ड २०६५' को निर्णायक कार्यक्रम गत बुधबार राष्ट्रिय सभागृहमा सम्पन्न भएको छ। प्रतियोगितामा विभिन्न चरण पार गर्दै गत साता नेपाल पर्यटन बोर्डमा आयोजित चौथो चरणको प्रतिस्पर्धामा उत्कृष्ट १३ सांगीतिक प्रतिस्पर्धी छनौट भएका थिए। उत्कृष्ट १३ मध्येबाट टप टेन छनौट गरी उनीहरूबाटै प्रथम, द्वितीय तथा तृतीय प्रतिस्पर्धीको घोषणा गरिएको छ। प्रतियोगितामा विभिन्न कलेजका १ सय २५ प्रतियोगीले भाग लिएका थिए।


## ● नजिकबाट ●

## डम्बर नेपाली



| | |
|---|---|
| जन्ममिति | : असार १४, २०३७ |
| घरमा बोलाउने नाम | : डम्बरे |
| नामको अर्थ | : थाहा भएन |
| परिचय | : मेलोडी पपगायक |
| रुचि | : संगीत, फुटबल |
| अध्ययन | : अन्डर एसएलसी |
| जन्मस्थान | : राजघाट-८, मोरङ |
| सांगीतिक गुरु | : कृष्ण योञ्जन |
| प्रेरणाको स्रोत | : अरुण थापा |
| पहिलो बाजा | : मादल |
| मनपर्ने बाजा | : बिनायो |
| प्रकाशित एल्बम | : मेलोडी र मलाई |
| सबैभन्दा बढी माया | : देश र संगीतलाई |
| मन पर्ने आफ्नो गीत | : मलाई रुने मन थिएन |
| मिडियामा नि | : आउन कम मन लाग्छ |
| फुर्सदमा | : गीत लेख्ने र कम्पोज |
| गायक भएको भए | : विदेश जान्थें |
| मान नपर्ने बानी | : साथीहरूको कुरामा बढी उचालिने |
| रिस उठेको बेला | : गीत गाउँछु |
| गोप्य कुरा | : मनको कुरा अरूसँग शेयर गर्छु |

## ● ब्यान्ड ●



## गोथिका

दुई जना साथी प्रशान्त र आदेशले स्थापना गरेको सांगीतिक समूह हो, 'गोथिका'। गोथिक संगीत तथा गोथ मेटलबाट प्रभावित भएर उनीहरूले आफ्नो समूहको नाम 'गोथिका' जुराएका हुन्। उनीहरू प्रायः क्राडल अफ फिथका गीतहरू गाउँथे।

स्थापना भएको तीन वर्षको अन्तरालमा यो समूहमा थुप्रै परिवर्तन आयो। यो समूहमा अहिले छ जना संगीतकर्मी छन्। प्रशान्त गायनमा सक्रिय छन् भने आदेश बास गिटारिस्ट हुन्। श्रेयले लिड गिटारिस्टको भूमिका निर्वाह गरेका छन्। सतिश गिटारिष्ट हुन्, अंकित ड्रम बजाउँछन् अनि प्रशान्त शाह कि-बोर्ड वादक हुन्। समूहका संगीतकर्मीहरू आफ्नो सिर्जना क्राडल अफ फिल्थबाट प्रभावित नभएको बताउँछन्। समूहका गायक प्रशान्त भन्छन्– 'हामी उनीहरूबाट प्रभावित छौं तर उनीहरूको संगीतको नक्कल गर्दैनौं।'

यो समूहले हालसम्म दर्जनौं सांगीतिक कार्यक्रममा सहभागिता जनाइसकेको छ। खासगरी ब्याटल अफ द ब्यान्ड्स, अन्डर ग्राउन्ड अपरोयर, एनईसी फेटको सहभागितालाई यो समूहले महत्त्वपूर्ण उपलब्धिका रूपमा लिएको छ। समूहले अहिलेसम्म पाँचवटा गीतको संगीत पनि तयार पारिसकेको छ। समूहको पहिलो गीति-संग्रह चाँडै बजारमा आउने कुरामा समूहका संगीतकर्मीहरू ढुक्क छन्। समूहले तयार पार्ने गीतहरूमा श्रेयले संगीत तयार पार्छन्, प्रशान्तले शब्द कोर्छन् अनि सबै संगीतकर्मी मिलेर गीतलाई अन्तिम रूप दिन्छन्। आगामी मार्च ७ मा आयोजना हुने एउटा सांगीतिक कार्यक्रमको तयारीमा जुटेको यो समूह साताको दुई पटक एकै स्थानमा भेला भएर संगीत अभ्यासमा जुट्छ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

वायुसेनाको हतियार बोक्ने विमान उड्दाउड्दै एक्कासि तल खस्न थाल्यो।

'प्लेनको भार बढी भएर हो' पाइलट बोल्यो- 'भार घटाउनुपर्छ'

तुरुन्त रिभल्वरहरू फालियो।

विमान तल खस्ने क्रम जारी रह्यो

'राइफलहरू पनि फ्याँक'- पाइलट फेरि करायो।

तुरुन्तै सयौं राइफलहरू फ्याँकियो तर पनि विमान तल खस्ने क्रम रोकिएन।

'अफै सामान फ्याँक'- विमानमा भएका बमहरू पनि फ्याँकियो।

अब बल्ल विमान कन्ट्रोल भयो। पाइलटले विमानलाई एयरपोर्टमा उतार्‍यो। उनीहरू जिप चढेर त्यता गए जहाँ-जहाँ उनीहरूले सामान फ्याँकेका थिए। बाटोमा एउटा बालक टाउकोमा टुटुल्को बोकेर रुँदै थियो।

'के भयो ?' पाइलटले सोध्यो।

'खै कहाँबाट एउटा पेस्तोल भर्‍यो र मेरो टाउकोमा लाग्यो।'

केही पर पुगेपछि एउटा मानिस भाँचिएको हात बोकेर रुँदै आउँदै थियो।

'के भयो ?' पाइलटले सोध्यो।

'खै कहाँबाट राइफल खस्यो र मेरो हातमा लाग्यो, भाँचियो'- उसले रुँदै भन्यो। उनीहरू फेरि अघि बढे बाटोमा एउटा बालक उफ्री-उफ्री हाँस्दै थियो।

'के भयो ?' पाइलटले जिप रोकेर छक्क पर्दै सोध्यो।

'मलाई हाछ्यूँ आयो र हाछ्यूँ मात्रै के गरेको थिएँ त्यो पल्लोपट्टिको गाउँ नै उड्यो,'- बालकले उत्तर दियो।

०००

एउटा व्यक्तिको घरअघि एउटा ट्र्याक्टर पल्टियो जसमा भुसका बोरा लोड गरिएको थियो। एउटा युवक हतारहतार बोरा उठाउँदै अर्कोपट्टि सार्दै थियो। धेरै मेहनत गरेका कारण युवक स्याँ-स्याँ गर्दै थियो। पसिनै पसिना भएको थियो। त्यो व्यक्तिले युवकलाई भन्यो 'बाबु केही बेर आराम गर।'

'होइन बुबा रिसाउनुहुन्छ'- युवकले भन्यो। 'हेर बाबु धेरै मेहनतपछि आराम पनि गर्नुपर्छ नभए शरीरलाई हानि गर्छ, आऊ म तिमीलाई सर्बत ख्वाउँछु।' 'होइन बुबा रिसाउनुहुन्छ,'- युवक बोरा उचाल्दै हतार-हतार सार्दै थियो। 'कस्तो खालका बाउ हुन् तिम्रा यसरी छोरालाई गधाको जस्तो काम गराउँछन्, खै कहाँ छन् तिम्रा बाउ ?, म कुरा गर्छु उनीसँग।'

'भूसको बोरामुनि थिचिनुभएको छ।'


०००

### मेरो कुरो

गरिब हुँदा मान्छेले बाध्यतावश सादा जीवन बिताउनुपर्ने हुन्छ, धनी हुँदा डाक्टरले जबर्जस्ती सादा जीवन बिताउन बाध्य बनाउँछ।

## ● कविता ●

### जिन्दगी



मर्ने दिनमा जहाँ बसे नि मरिन्छ जिन्दगी
कि बग्दै जान्छ नदीजस्तै कि तरिन्छ जिन्दगी
सबै जना शिखर चढ्ने ललासामा छन् यहाँ
समयको खेल न हो ओरालो भरिन्छ जिन्दगी
जन्मिएर बालक, युवा, वृद्ध हुनु छ सबै यहाँ
प्रत्येक पल सर्नु छ यहाँ र पो सरिन्छ जिन्दगी
हाँसखेल गर्दै कति वसन्त बिताइसक्यो रेशमले
जे आइपर्छ दोबाटोमा सामना गरिन्छ जिन्दगी।

–रेशमकुमार सुनुवार

### जाती मानें

भेटेर झन् दुख्यो मन, नभेट्नु नै जाती मानें
मुटुभरिको माया अब, नपोख्नु नै जाती मानें
टाढै बसी खुसी बाँड्दा, अमित त्यो प्यार पाएँ
नजिक भई टाढिँदा त, मनलाई नै दोषी ठानें
तिम्रो भावना अनि कल्पनालाई, सपना बनाई रमाइरहें
व्यतीत यथार्थको बिपनीमाभ्र, मात्र एउटा भूल गरें
मैले पनि अरूले झैं, ठूलो एउटा भूल गरें
चिनेर हो कि नचिनेर कुन्नि, पराईलाई नै जाति मानें।

–विष्णुबहादुर रिमाल

### किन रोयौ साथी ?

रिसाएर आज, कता गयौ साथी
के गल्ती भयो र, टाढा भयौ साथी
दैव तिमीमाथि, खनिएछ कठै □
आ□ना दुःखकष्ट, सबै कहयौ साथी
अत्याचारी अब, बाँकी राख्न हुन्न
अत्याचार र दमन, किन सहयौ साथी
कोही छैन मेरो, भनी रुन्छौ तिमी
मै तिम्रो हुँदा नि, किन रोयौ साथी ?

–बद्री शिवाकोटी

### रोदन भरी गइन्



मेरो जीवनको पहिलो प्रेमलाई,
उनले तिरस्कार गरी गइन्
निर्दोष यी मेरा आँखाहरूमा
अनायसै रोदन भरी गइन्
सपना हजारौं साच्दै थिएँ,
मनमा थुप्रै आशा बोकी
मेरा ती सारा सपनालाई
उनले आखिर छरी गइन्
मलाई अथाह पीडा दिएर,
मेरै सामुबाट उनी,
निर्लज्ज मख्ख परी गइन्
मेरो भावना कुल्चिएर,
मजाकको संज्ञा दिई
पवित्र प्रेमलाई आज,
उनले बदनाम गरी गइन्
मेरो जीवनको पहिलो प्रेमलाई,
उनले तिरस्कार गरी गइन्।

–असीम महत

### के अर्थ ?

पूर्णिमाको के अर्थ जून छैन भने
भेडाको के अर्थ ऊन छैन भने
सबैको आ□नै महत्त्व हुँदो रै'छ
भोटको के अर्थ नुन छैन भने
आपसमा सबैको अस्तित्व छ बेग्लै
ल्हासाको के अर्थ सुन छैन भने
नरेटी नै सारंगी पनि कहाँ बज्छ र ?
संगीतको के अर्थ धुन छैन भने
सबैभन्दा ठूलो त मुटु हो भन्छन्
मुटुको के अर्थ खुन छैन भने।

–उदयपुरे ठूलोकान्छा

### गठेमंगल



## ● लघुकथा ●

मलाई चौबाटोमा ठड्याइया छ, सर्वाङ्ग नाङ्गै। जीउभरि सुरासुन्दरी काण्डको प्रतीकस्वरूप पुतली र बोतलका माला उनेर भुन्ड्याइएका छन्। साँझ पर्नै लाग्याथ्यो। मेरा अघिल्तिर बग्रेल्ती मानिस (ऊ बेला मैले हेप्ने गरिब, निमुखा, पिछडिएकाहरू) हातहातमा मशाल (छ्वालीबाट बनाएको) बालेर मतिरै मलाई नै हान्न अघि बढिरहेछन्।

नभन्दै भकाभक मशालले हान्न पो थाले। कसैले दया गरेनन्। आहा...आत्थु... गर्दै थिएँ, कसैले पनि सुनेनन् मेरो अनुनय।

प्राण बाँकी छउन्जेल सम्भिएँ, के म मात्रै त्यस्तो (पजेरो, सुरा-सुन्दरी, भ्रष्टाचारको दलबदलमा मुछिने) हो र ? अन्य पनि छन् नि। कति त राजतन्त्र, प्रजातन्त्रदेखि अग्रगामी भनिनेहरूको गणतन्त्रवादी सरकारमा समेत मन्त्री बन्न सफल छन्।

बाटोभरि मलाई अश्लील गाली गर्दै, घिसार्दै, लछार्दै खोलामा लगेर सेलाए। सुनिन्छ, अबदेखि आजको दिनलाई गलत आचरण निवारण दिवसका रूपमा मनाउने रे। यत्तिकैमा म झल्याँस्स ब्युँझिएँ, पसिना पुछें र एक लिटर पानी एकै सासमा सिनित्त पारें।

–डा. सुमनराज ताम्राकार

# नेपालमा टी-टुरिज्मको सम्भावना

**युवराज गौतम**

इलाम– जर्मनीका नागरिक थोमस होल्स विश्वका नामुद चियाव्यापारी हुन्। हालसालै एक दिन थोमस दोस्रो पटक इलाम आइपुगे। उनी इलाम आउनुको उद्देश्य नेपाली चियालाई पूर्ण अर्गानिक बनाएर विश्वबजारमा बिक्री तथा प्रबर्द्धन गर्नु हो, तर यहाँको प्राकृतिक सुन्दरता देखेर उनमा हरियो चियाबारीलाई 'टी-टुरिज्म' सँग जोडेर विकास गर्न सके यसले नेपालीहरूको आर्थिक अवस्थामा व्यापक सुधार हुने कुरा औंल्याए। थोमसले भने- 'यहाँको प्राकृतिक सौदर्यबाट म प्रभावित भएँ, त्यसैले म यसलाई 'टी-टुरिज्म' को अवधारणाअनुरूप अघि बढाउन सल्लाह दिन्छु।'

हुन पनि थोमससँगै आएका अन्य १२ जना जर्मनी नागरिकलाई स्वागत गर्न इलामको फिक्कल सुन्दरपानीमा गोर्खा टि स्टेटको कारखाना प्राङ्गणमा भेला भएका स्थानीय मिलेनियम फ्रेन्ड्स क्लब र सुन्दरपानी चिया उत्पादक सहकारी संस्थाका युवाहरूद्वारा आयोजित स्वागत कार्यक्रमले उनीहरूमा थप प्रभाव पर्‍यो। मिलेनियम फ्रेन्ड्स क्लबका अध्यक्ष जय राई भन्छन्- 'नेपालीहरूको मौलिक नृत्य तथा बुद्ध अनुयायी लामाहरूको बाजागाजाले उनीहरूमा अझ राम्रो प्रभाव पर्‍यो।' युवाहरूको स्वागत तथा यहाँको हरियो चिया बगानले जर्मनीहरूमा नेपाल घुम्न आउने थप प्रेरणा र इच्छा जागेको अनुमान लाउन सकिन्छ।'

जयले थपे- 'यसले 'टी-टुरिज्म'को अवधारणालाई सघाउ पुर्‍याउन सक्छ।'

नेपाली चिया उत्पादनको अवस्था, किसानहरूले खेती गर्ने प्रविधि साथै चियाको अध्ययन-अनुसन्धान गर्न आउने तेश्रो मुलुकका नागरिकहरूको संख्या दिन-प्रतिदिन बढ्न थालेपछि इलाममा 'टी-टुरिज्म' प्रभावकारी हुने सम्भावना छ। चियाविज्ञ उदय चापागाईं भन्छन्- 'नेपाली चियाको उत्पादन, गुणस्तर एवं विश्वबजार प्रवर्द्धनसँगै यसमा पर्यटनलाई पनि साथै लगिनेछ।' उनले भने- 'टी-टुरिज्म' लाई अघि बढाउन सके हरेक चिया किसानलाई पर्यटकबाट मात्रै वार्षिक ५० हजार चोखो आम्दानी हुनेछ।' दिनभरि चिया बगान तथा कारखानाको अध्ययन भ्रमण गर्ने र बेलुकी किसानकै घरमा 'पेइङ गेस्ट' का रूपमा बस्ने व्यवस्था मिलाउन लागिएको पनि चापागाईंले जानकारी दिए।

अमेरिका, जापान, स्पेन भारत, श्रीलंका, चीन, स्वीजरल्यान्ड आदि मुलुकबाट पर्यटकहरू नेपाली चियाको अध्ययन भ्रमणमा आउने गरेका छन्। गत वर्ष कन्याम चियाबगानको अध्ययन तथा अनुसन्धान भ्रमणमा आएका स्पेनका पाँच जना नागरिक यहाँको प्राकृतिक वातावरणमा रमाएनन् मात्र, स्थानीय एक प्राथमिक विद्यालयलाई १० हजार आर्थिक सहयोग गरेर बिदा भए। स्थानीय समाजसेवी डम्बर कटुवाल भन्छन्- 'चिया भ्रमणमा आएका ती नागरिक ग्रामीण परिवेशमा गाउँलेहरूले देखाएको सच्चा व्यवहारको प्रतिफल पनि दिएर गए, जसले एउटा गरिब विद्यालयलाई ठूलो राहत मिल्यो।' नेपालमा टि टुरिज्मको सम्भावना प्रशस्त रहेकाले यसको विकासमा कदम चाल्नुपर्ने भ्रमणदलमा रहेकी स्पेन नागरिक एलिनाले बताएकी थिइन्। इलाम आइपुगेका हरेक नागरिकलाई इलामेहरूले खुला हृदयले स्वागत गर्ने गरेका छन्।

'टी-टुरिज्म' का माध्यमबाट तेस्रो मुलुकका पर्यटक नेपाल भित्राउन आकर्षक कार्यक्रमहरू अघि बढाउन लागिएको छ। इलाम उद्योग वाणिज्य संघको पहलमा एस.एन.भी. नेपाल तथा श्रीलंकन सरकारको सहयोगमा नयाँ परियोजनामार्फत कार्यक्रम प्रस्ताव गरिएको छ, जसअन्तर्गत चियाबगान भित्र गेस्ट रुम, आकर्षक पार्क तथा ट्रेकिङको व्यावस्था मिलाउन लगानीकर्ताहरूसँग आग्रह गरिनेछ। देशमा शान्ति स्थापनापश्चात् टी-टुरिज्मको सम्भावना बढेर गएको छ। भारत तथा चीनबाट नेपाली चियाको अध्ययन तथा अनुसन्धान भ्रमणका लागि पर्यटकको संख्या बढेको छ। पारिपट्टि दार्जीलिङ, सिक्किम आदि क्षेत्रमा टी-टुरिज्मको अवधारणा ल्याइएपछि त्यहाँको पर्यटकीय विकास अकासिएको छ, तर नेपालमा यो अवधारणामा सरकारी तवरबाट कुनै पहल हुन सकिरहेको छैन।



## ● सन्देश ●

राज, जन्मदिनका अवसरमा हृदयदेखि नै लाखौंलाख शुभकामना। तपाईंले चालेका हरेक पाइलाले सफलता चुम्न सकून्, पूरा हुन नसकेका मनका कामनाहरू यो जन्मदिनले पूरा गरोस्। जसरी फूलको सुवासलाई रोक्न सकिँदैन, यसरी नै प्रेमलाई पनि कसैले रोक्न सक्दैन। साँचो माया सधैं अमर हुन्छ, त्यसैले प्राप्ति मात्र ठूलो कुरा होइन। म तपाईंको हरेक सुख-दुःखमा साथ दिन सकूँ। म तपाईंप्रति समर्पित छु, मलाई नबिर्सिदिनु।

**नानु**

प्रिय गीत, ढिलै भए पनि जन्मदिनको शुभकामना। तिम्रा हरेक पाइला सफलताले चुमून्। नयाँ जोस एवं जाँगरको सिर्जना गर्दै जीवनलाई अनमोल रूप दिनू र सधैं सगरमाथाजस्तै अटल भै मुस्कुराउनू।

**अजनवी**

अनु, जन्मदिनको लाखौंलाख शुभकामना। तिम्रो जीवन फलोस्-फुलोस्, तिम्रा हर इच्छा-आकांक्षा पूरा हुन्, शैक्षिक सफलता अनि दीर्घायुको कामना। तिमीलाई बिर्सन नसकेकोमा मलाई माफ गरिदेऊ। म तिमीलाई धेरै माया गर्छु र मेरो सास रहुन्जेल माया गरिरहन्छु, चाहे



त्यो एकोहोरो मात्र किन नहोस्, एकपटक नरिसाई मलाई बुझ्ने प्रयास गर ल।

**पी.एस.**

प्रिय सिड्नी, तिमीलाई धेरै सम्झिएको छु। हाम्रो चोखो मायालाई प्रमाणित गर्न तिमीले दुई वर्ष कतै मन नडुलाई पढ्नैपर्छ। म तिम्रो हुँ अनि तिमी मेरी। त्यसैले चिन्ता नगरी मन, मुटु, आँट एवं विश्वासका साथ पढ, म पनि पढ्नेछु।

**विजु**

अमृता, खोइ के भनेर सम्बोधन गरूँ तिमीलाई ? मेरो मनले तिमीलाई नै रोज्यो। आई लभ यू।

**असीम**

## सूचना

नववर्ष २०६६ प्रवेशका अवसरमा आफ्ना इष्टमित्र एवं शुभचिन्तकहरूलाई शुभकामना सन्देश पठाउन चाहने पाठकहरूले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा चैत २१ गते भित्र पठाउन सक्नुहुनेछ।

-सम्पादक

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

नाम : ........................................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : .................... वर्ण : ....................

इमेल : ........................................

ठेगाना : ........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................

........................................

**नोट** : तस्बिर र नगद रु. ५०/- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● जीवनको गोरेटोमा ●

# अपरिभाषित मिलन

तिम्रो सम्झनामा रम्न थालेकी मैले सोचेँ हिंजो मैले तिमीलाई त्यहाँ भेटेकी थिएँ जहाँ चराचुरुंगीको छुट्टैसंसार थियो। त्यहाँ तिमी एक्लै बसेर टोलाइरहेका थियौ। मेरो आगमनपश्चात् तिमीले भन्यौ किन यहाँ आएकी ? तिमीलाई देख्नेबित्तिकै म पागल बन्न पुग्छु। म हेरेको हेर्‍यै भएँ। सोचेँ कसरी थाहा भएछ यो केटालाई मेरो नाम। अनि मैले सोधेँ- कसरी थाहा भयो मेरो नाम ? अनि को तिमी ? तिमीले जवाफ दियौ– म सागर, सागर (सागर भन्ने नाम मैले पहिले साथीबाट सुनेकी थिएँ ऊ मप्रति एकोहोरो प्रेममा पागल बनेको छ रे)। अँ तिमी किन त यहाँ ? म तिम्रो मायाको भीख माग्न यहाँ आइपुगेको छु। तिमी त मलाई माया गर्दिनौ। तिमीबिनाको जीवन त म कल्पनासम्म पनि गर्न सक्दिनँ। म तिम्रो एकोहोरो प्रेममा मरिसकेको छु। तिमीबिना म हजारौंको भीडमा पनि नितान्त एक्लो छु, सहरी चिच्याहट अनि यान्त्रिक कोलाहल पनि बिल्कुलै शून्य छ, केवल शून्य, जस्तो कि यो खुला नीलाम्बर छ... । मप्रतिको यो अगाध प्रेमले ममा पनि केही नौलो आभास दिलायो। यसरी नै हाम्रो प्रेमको यात्रा सुरु भयो। सोचेँ अब हाम्रो जीवन कुनै मोड लिएर अघि बढ्नेछ। नभन्दै हाम्रो मायाले नयाँ मोड लिएर आयो जसले गर्दा तिमी र म एउटै कलेज पढ्ने भयौँ। त्यसपछिबाट हाम्रो प्रेम प्रगाढ हुँदै गयो।

तिमी सागर अनि म झरना, म पहाडको कुना कन्दराबाट आफ्नै सुरमा हिँडिरहेँ। एउटा सुनौलो अवसर आयो तिमीमा आफूलाई समायोजित गर्ने। सागर, जसले हजारौंको प्यास मेटाउँछ। आफ्नो अन्तःकरणमा मोतीको दाना बोकेको छ। आफ्नो शरीरभरि नीलम पोतेर



मुस्कुराएको छ। सूर्यलाई पनि आफ्नै छातीभित्र प्रतिविम्बित गर्छ सागरले। त्यसैले सागर महान् छ। ऊ झरनाको प्रतीक्षामा बस्छ। झरना आतुर हुन्छे सागरमा समाहित हुन। सूर्य र चन्द्रमा जस्तै थियो हाम्रो कथा।

अनायासै ठोक्किन पुगेंछु हिमालको छातीमा। बाध्य बनायो उसले मलाई तिमीबाट टाढा रहन। एकछिन पनि तिमीबाट ओझेल पर्न नचाहने म बाध्य छु आज टाढिन। भन्थे– नारीको इज्जत सियोको टुप्पो हुन्छ रे। बाबाआमाको इज्जतका खातिर बाध्य भएँ म हिमालको सिन्दुर पहिरिन। ऊसँग सुहागरात विताएको दिन तिमी नै थियौ मेरो दिल, मन अनि मुटमा। तिम्रै यादले छट्पटिएर प्यास मेटाएँ आँसुले। सोंचे जस्तो भएन जीवन हिमालको साथ पनि मेरो लागि क्षणिक भयो।

अनायासै बिजुली चम्कियो। मेरो पीडामा बादल पनि चिच्यायो। एकतमासले बग्यो मुसलधारे पानी, बाढी आयो, पहिरो गयो, क्षतविक्षत भयो हिमालको जीवन। अनि फेरि सुरु भयो गन्तव्यहीन यात्रा। मनमनै सोचेँ तिमीसँग मेरो पक्कै भेट होला। तिमी मेरै प्रतीक्षामा छौ। साथीसँग तिम्रो हालखबर सोधेँ। वियोगको पीडा खप्न नसकेर तिमी एकोहोरिएका छौ रे। सूर्यले तिम्रो धेरै शरीर चुसिसक्यो रे, दुब्लाएका छौ रे, यस्तै-यस्तै। जब तिम्रा बारेमा थाहा पाएँ मन थाम्न सकिनँ, एकान्तमा गएर भक्कानिएर रोएँ। आतुर भएँ तिमीलाई भेट्न। आफ्ना पाइला छिटोछिटो चालेँ अनि एक सासमा आइपुगेँ तिमी छेउ। जब तिम्रो र मेरो नजरले निसानी मार्‍यो तब तिमीले भन्यौ नछोऊ मलाई। चर्किएका छन् मेरा घाउहरू, चिरिएका छन् छाती अनि छियाछिया भएको छ मुटु। तिमीलाई यो अवस्थामा पुर्‍याउने म नै हुँ। म किंकर्तव्य विमूढ भएँ। तिमी छेउ आउने अधिकार नभए पनि तिमीलाई हेर्ने अधिकार त छ नि। त्यसैले तिमीलाई रहर नपुगेसम्म हेर्छु ल ?

**-वि.**

## ● साथी ●





# उदयपुरको रौतापोखरी

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटबाट उत्तरमा पर्ने रौतापोखरी पूर्वाञ्चलमै नाम कहलिएको प्रसिद्ध धार्मिक पोखरी हो। समुन्द्री सतहदेखि १ हजार ९ सय मिटरको उचाइमा अवस्थित रौतापोखरी आँपटार गाउँ विकास समितीमा छ। एक विगाहा क्षेत्रफलमा फैलिएको पेखरीको अग्रभागमा रौता भगवतीको मन्दिर छ। उक्त मन्दिरमा भक्तजन एवं दर्शनार्थीहरूले बाखाको पाठी, परेवा, हाँस आदिको भोग दिई आफ्नो भाकल पूरा गर्छन्। उक्त मन्दिरमा सत्यनारायण भगवानको पूजा, व्रतबन्ध तथा विवाह उत्सव आदि पनि गरिँदै आएको पाइन्छ। प्राचीन किंवदन्तीअनुसार माया-प्रेममा फसेका युवायुवतीहरूले रौता भगवतीसँग हाम्रो जोडी कहिल्यै नछुटोस्, हाम्रो माया सदैव अमर रहोस् भनी प्रार्थना गरी मागे त्यो जोडी विछोडिने भनाइ छ, किनकि रौता भगवती पनि खोटाङ जिल्लाको बाराही पोखरीबाट बिछोडिएर आएकी हुन्।



यो पोखरीको उत्पत्ति कसरी भयो, पोखरीमा कुन स्रोतबाट पानी जम्मा हुन्छ भन्ने कुरामा अहिलेसम्म सबै विज्ञ तथा सर्वसाधारण पनि अनभिज्ञ छन्। रौतापोखरी उच्च स्थानमा रहेको र भनेजस्तो वातावरणमा रम्ने अवसर प्राप्त गर्न पाइने भएकाले पनि हिजोआज रौतापोखरीछेउको आसपासमा घर बनाउने र जग्गा किन्नेहरूको पनि ताँती लाग्न थालेको छ। रौतापोखरी आसपासको क्षेत्रमा बहुमूल्य जडिबुटीहरू पाइन्छ।

पोखरी वरिपरि बहुसंख्यक बखबिरुवाहरू भए पनि अहिलेसम्म पोखरीभित्र पातपतिङ्गर झर्दैनन्। पात झर्न नपाउँदै नीलो रंगका लामो चुच्चा भएका चराहरूले टिपेर लगी पोखरी सफा राख्ने गरेका छन्। पोखरीको उत्पत्ति भएदेखि नै पोखरीमा पात-पतिङ्गर र कुनै किसिमको फोहोर नदेखेको धर्मावलम्बीहरू बताउँछन्। पोखरी भित्रको पानी सधैं हरियो र सफा देखिने गरेको छ। प्राकृतिक छटा, बहुसंख्यक जडिबुटी, वसन्त ऋतुको समयमा वरिपरि फुल्ने विभिन्न प्रजातिका लालिगुराँस र डाँडै पहेंलै भएर झुप्पा-झुप्पा फल्ने ऐंसेलुले त्यहाँ पुग्ने जोकोहीलाई मोहित तुल्याउने गरेको छ। उता पोखरीको उत्तरपट्टि विश्वकै सर्वोच्च शिखर सगरमाथा पनि बिहानीपख उदाउने सूर्योदयसँगै देखिने हुँदा यहाँ घुम्न आउने आन्तरिक एवं विदेशी पर्यटकहरू आफ्नो क्यामेरामा तस्बिर कैद गर्न व्यस्त हुन्छन्।

स्थानीय क्लबहरूले प्रत्येक नयाँ वर्षको आगमनसँगै तीन दिनसम्म विभिन्न कार्यक्रमको आयोजना गरी आपसमा शुभकामना साटासाट गर्दै रौता महोत्सव सम्पन्न गर्छन्। ती क्लबहरूले पर्यटकहरूलाई बसोबास गर्न टिन लगाएर माटोको घर बनाएका छन्। रौतापोखरीमा भक्तजनहरूको घुइँचो लाग्न थालेपछि होटलहरू पनि धमाधम खुल्न थालेका छन्।

पोखरीभित्र भ्यागुता र भ्यागुताका बहुसंख्यक फूलहरू देखिए पनि विश्वमै कुनै ठूलो घटना घट्न लागे पोखरीमा रहेको पानीको रंग परिवर्तन हुने गरेको मन्दिरका पुजारी हितबहादुर मगर बताउँछन्। त्यस्तो समयमा एक्कासि पोखरीको पानि छिनमै रातो र छिनमै नीलो-कालो हुने गरेको छ। वि. सं. २०३६ सालको आन्दोलन, वि. सं.२०४५ सालको प्रलयकारी भूकम्प, वि. सं.२०५८ साल जेठ १९ को राजदरबार हत्याकाण्ड, इराकमा १६ जना नेपालीको हत्या हुने बेला पोखरीको पानीको रङ्ग परिवर्तन भै नीलो-कालो भएको पनि प्रत्यक्षदर्शी पुजारी बताउँछन्। धार्मिक अनुष्ठानका लागि ख्यातिप्राप्त यहाँको मन्दिरलाई बेलाबखत मर्मत गरिए पनि पूर्ण रूपमा भने निर्माण गर्न सकिएको छैन। सामान्य ढुङ्गाको गाह्रो लगाएर रौता भगवतीको मन्दिर बनाइए पनि अर्थाभावका कारण मन्दिर पूर्ण रूपमा भने निर्माण हुन सकेको छैन।

**-विमल खतिवडा**




# केही प्रश्न पुरुषका लागि

**तपाईंले उनलाई विवाहका लागि प्रपोज गर्नुभयो, किनकि...**

क) उनले भनेकी थिइन्– तपाईंले यसो नगरे उनले तपाईंको साथ छोड्नेछिन्,

ख) तपाईंका धेरै साथीको विवाह भैसकेको छ, केहीको इन्गेजमेन्ट पनि भैसकेको छ, अतः तपाईंले पनि उनलाई विवाहका लागि प्रपोज गर्नुभयो,

ग) तपाईं चाहनुहुन्छ, बाँकी जीवन उनीसँगै बिताऊँ ।

**उनीसित डिनरका लागि जानुको अर्थ...**

क) निश्चित स्थानमा गएर लगभग एक घन्टा कुर्नु, उनी प्रायः ढिलो आउँछिन्,

ख) उनको दिक्क लाग्ने कुरा सुन्दै आफ्नो मोबाइलमा गेम खेल्नु,

ग) एक रमाइलो अनुभव संगाल्दै एक-अर्काको सामीप्यमा समय बिताउनु ।

**के तपाईं रोमान्टिक हुनुहुन्छ ?**

क) तपाईं भावुक हुनुहुन्न,

ख) कहिलेकाहीं, उनलाई भेट्नुहुन्छ अनि चलचित्र हेर्नुहुन्छ,

ग) तपाईंका लागि सधैं उनीसित बिताएका हरेक क्षण भ्यालेन्टाइन डे सरह हो ।

**तपाईं दुवैमध्ये सुव्यवस्थित को हुनुहुन्छ ?**

क) जब तपाईं उनीसित डेटमा जान थाल्नुभयो, त्यति बेलादेखि नै उनले तपाईंको कोठा सुव्यवस्थित गर्न थालेकी हुन्,

ख) हाललाई तपाईंको कोठा सुव्यवस्थित राख्ने काम तपाईंकी आमाले गरेकी छिन् तर विवाहपछि तपाईंकी पत्नीले गर्नेछिन्,

ग) तपाईं स्वयं आफ्नो कोठा सफा गर्नुहुन्छ र आफ्ना पहिरनलाई सुव्यवस्थित ढंगबाट राख्नुहुन्छ ।

**तपाईं बालबालिकाका सम्बन्धमा के सोच्नुहुन्छ ?**

क) तपाईंलाई बालबालिकाहरू मन पर्दैनन्, कसैले तपाईंले स्पष्ट रूपमा उनलाई आ□नो कुरा भनिसक्नुभएको छ, यद्यपि यस विषयमा पुनर्विचार गर्न उनले तपाईंलाई आग्रह गरिरहेकी छिन्,

ख) तपाईंलाई बालबालिकाहरू साह्रै मनपर्छन् तर उनी यसका लागि तयार भैसकेकी छैनन् ।

ग) तपाईं दुवैलाई बालबालिका असाध्यै मनपर्छन् ।

**धनका बारेमा तपाईंको सोच**

क) तपाईंसित तीनवटा क्रेडिट कार्ड छन्, किनकि उनलाई सपिङ अत्यन्त मनपर्छ,

ख) तपाईंलाई अनावश्यक खर्च मनपर्दैन । हरेक ठाउँमा सपिङ गर्न रुचाउनुहुन्न,

ग) तपाईं दुवैको नाममा ज्वाइन्ट एकाउन्ट खोल्ने विचारमा हुनुहुन्छ, जसमा तपाईं दुवै जना हरेक महिना पैसा जम्मा गर्नुहुन्छ

**उनका साथी–सँगिनीहरूका बारेमा के सोच्नुहुन्छ...**

क) तपाईं उनका सबै साथी-संगिनीलाई रुचाउनुहुन्न, किनकि ती सबै रिसालु एवं सन्की छन्,

ख) उनका केही साथी तपाईंलाई मन पर्छन् तर विशेष मित्रहरू पटक्कै मनपर्दैनन्,

ग) तपाईं दुवैका मित्रहरू एउटै हुन् ।

**विवाहका विषयमा तपाईंको विचार कस्तो छ....**

क) तपाईंलाई लाग्छ– यस विषयमा हतार भैरहेको छ

ख) तपाईंलाई लाग्छ– विवाहपछि तपाईं उनको मनमा आफ्ना लागि स्थान बनाउन सक्नुहुन्न,

ग) तपाईं अलि नर्भस हुनुहुन्छ, तर विवाहका सम्बन्धमा आफ्नो निर्णयमा विश्वस्त हुनुहुन्छ ।

**के तपाईं यौनका सम्बन्धमा कुराकानी गर्नुहुन्छ ?**

क) तपाईं यस विषयमा कुरा गर्न चाहनुहुन्छ तर उनी लजालु छिन्,

ख) हाल यस विषयमा कुराकानी गर्न चाहनुहुन्न,

ग) तपाईं आफ्ना विवाहित साथीहरूसँग यस विषयमा कुरा गर्नुहुन्छ ।

**विवाहपछि के सोच्नुहुन्छ ?**

क) तपाईं कहिल्यै यस्तो गर्नुहुन्न कि 'यो मेरो हो र मात्र मेरो' ।

ख) तपाईं उनका लागि धन सञ्चय गर्न थाल्नुहुन्छ,

ग) तपाईंलाई पूर्ण विश्वास छ कि जीवनभर तपाईंहरू खुसी रहनुहुनेछ ।

[redacted]

# प्रेमको संकेत

[redacted]



# खस्कियो स्तर नेपाली फुटबलको



**शिव मुखिया**

प्रथम प्रधानमन्त्री कप अन्तर्राष्ट्रिय आमन्त्रण फुटबल प्रतियोगितामा नेपाली खेलाडीहरूको प्रदर्शनले नेपाली फुटबलको स्तर खस्कूदै गएको संकेत गरेको छ। नेपाली फुटबल टिमलै घरेलु मैदानमा अपेक्षाअनुरूप प्रदर्शन गर्न नसकेपछि दर्शकहरूमा निराशा छाएको थियो। आन्तरिक विवादका कारण झण्डै दुई वर्ष थला परेको नेपाली फुटबल विवादकै कारण सिथिल बनेको धेरैको निष्कर्ष छ।

अखिल नेपाल फुटबल महासंघको प्राविधिक सहयोगमा नेपाल गणतान्त्रिक महासंघले आयोजना गरेको प्रतियोगितामा नेपाल रातो र नीलो सहित छ टिमले प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा बंगलादेशको आरामबाग ए डिभिजन, थाइल्यान्डको थाइ जेडब्लु क्लब तथा पाकिस्तान र श्रीलंकाको राष्ट्रिय टिमको सहभागिता थियो।

तुलनात्मक रूपमा नेपाल नीलोमा भन्दा रातोमा बढी परिपक्व खेलाडी थिए तर प्रतियोगितामा नीलो मात्र होइन रातोका खेलाडीहरू समेत कमजोर देखिए। 'कमजोर तयारीका कारण नेपाली खेलाडीहरूको प्रदर्शन खस्किएको हो' नेपाली राष्ट्रिय टिमका पूर्व-खेलाडी एवं नेपाल रातोका गोलकिपर प्रशिक्षक उपेन्द्रमान सिंहले भने- 'खेलाडीहरूको फिटनेस कमजोर छ।' फुटबल विवादका कारण लामो समय लिग म्याच नहुनु, नियमित अभ्यासमा अवरोध पुग्नु, तयारी राम्रो नहुनु जस्ता कारणले नेपाली फुटबलको स्तर वृद्धि हुन नसकेको उनको ठहर छ।

प्रतियोगितामा नेपाली टिमले राम्रो पर्फमेन्स दिन नसके पनि खेलाडीहरू कमजोर नभएको अनिल अधिकारी बताउँछन्। नेपाल पुलिस क्लब (एनपिसी) का प्रशिक्षक अधिकारी भन्छन्- 'छोटो अवधिको तालिमका कारण खेलाडीहरूले राम्रो प्रदर्शन गर्न नसकेका हुन्।' यद्यपि विगत वर्षमा भएका फुटबल विवादकै कारण नेपाली फुटबलको स्तर खस्किएको उनले स्वीकार गरे। 'अरू देशका खेलाडीहरू पनि त्यति राम्रा होइनन् तर नेपाली खेलाडीहरूले राम्रो तयारी गर्न नसकेकाले उनीहरू कमजोर देखिए,' प्रशिक्षक अधिकारीले भने।

अघोषित नेपाली राष्ट्रिय टिम भनिएको नेपाल रातोले समेत राम्रो प्रदर्शन गर्न नसकेपछि नेपाली फुटबलको स्तर खस्कूदै गएको संकेत दिएको छ। शुक्रबारको खेलमा नेपाल रातो र बंगलादेशको टोलीबीच प्रतिस्पर्धा भएको थियो। अघिल्लो दिन भएको खेलमा नेपाल नीलो श्रीलंकाद्वारा पराजित भएपछि रातो टिमलाई जित्नैपर्ने दबाब थियो। खेल सुरु भएको आठ मिनेटमै एक गोलले अग्रता लिएको रातो टिमले त्यसपछि कुनै पनि गोल गर्न सकेन। अघिल्लो दिनको प्रदर्शनबाट निराश भएर फर्किएका दर्शकहरू दोस्रो दिनको खेल हेर्न उत्सुक थिए। अनुभवी खेलाडीहरू भएकाले रातो टिमले सानदार जित हात पार्ने सबैको अपेक्षा थियो तर बंगलादेशको आरामबाग किरदा संघसँग १-१ गोल खेलेपछि घरेलु दर्शक निराश भए। यता नेपाल रातोका खेलाडीहरूचाहिं आफू कमजोर भएको स्वीकार गर्दैनन्। 'गोल गर्न नसकेकाले हामीलाई दर्शकले कमजोर मानेका हुन्' नेपाल रातोका जुमानु राई भन्छन्- 'केही राम्रो अवसरलाई गोलमा परिणत गर्न नसक्नु हाम्रो कमजोरी हो।' रातोमा खेलाडीबीच राम्रो तालमेल भएको र प्रदर्शन राम्रो गरिरहेको उनको दाबी छ। यद्यपि विगतमा जस्तो प्रदर्शनबाट आफूहरू चुकेको उनले स्वीकार गरे। 'खेलाडीको फिटनेसमा कमी छ' रातोकै अर्का खेलाडी चुनबहादुर थापा भन्छन्- 'वितेको दुई वर्ष प्रतियोगिताहरू भएनन् त्यसैले खेलाडीहरू कमजोर भएका हुन्।'

उद्घाटन खेलमा नेपाल नीलो श्रीलंकाली टिमसँग एक गोलले पछि पर्‍यो। घरेलु मैदानमा दर्शकको व्यापक समर्थन पाए पनि नेपालको नीलो टिमबीच तालमेल मिल्न नसकेपछि हार बेहोर्नु परेको थियो। सुरुमा नेपाली टोलीले अग्रता लिएको थियो। खेलको सातौं मिनेटमै सन्तोष साहुखलले नेपाललाई अग्रता दिलाएका थिए। पहिलो हाफमै कमजोर देखिएको नेपाल नीलो अन्तमा श्रीलंकासँग २ का विरुद्ध ३ गोलले पराजित भयो।

अर्को खेलमा नेपाल नीलो थाइल्याण्डको जेडब्लु टिमसँग प्रतिस्पर्धा गरेको थियो। गत महिनामात्र थाइल्याण्डको 'बि' डिभिजन लिग जितेर 'ए' डिभिजनमा उक्लिएको जेडब्लुसँग नेपाल नीलोले जोडदार प्रदर्शन गर्न नसक्दा खेल बराबरीमा टुंगिएको थियो। खेलको सुरुमै गोल गर्ने थुप्रै अवसर गुमाएको नेपाल नीलोले जेडब्लु विरुद्ध १-१ गोलको नतिजा निकाल्यो।

यसै समूहमा श्रीलंका र बंगलादेशबीचको खेल गोलरहित बराबरीमा टुंगिएपछि नेपाल नीलोको यात्रा टुंगियो। यसअघि नै दुई खेलमा सन्तोषजनक अंक जोड्न नसकेको नेपाल नीलोको भाग्य श्रीलंका र बंगलाबीचको खेलमा निर्भर थियो।

फुटबलमा खेल अवधिभर जतिसुकै राम्रो प्रदर्शन गरे पनि त्यसलाई गोलमा परिणत गर्न सकेन भने सो टिम पराजित ठहरिन्छ। नेपाली खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गरे पनि त्यसलाई गोलमा बदल्न नसक्दा टिम कमजोर जस्तो देखिएको खेलाडीहरू बताउँछन्।

नेपाल खेल पर्यटनका लागि प्रमुख गन्तव्य स्थल हो भन्दा फरक पर्दैन। यहाँ चट्टान आरोहण अर्थात् रक क्लाइम्बिङ, आइस क्लाइम्बिङ, प्यारा-ग्लाइडिङ, हात्तीपोलो, बन्जी जम्पिङ, प्यारासुट, पर्वतारोहण, र्‍या□टिङ, कायाकिङ, बोटिङ, साइकिलिङ, मोटर बाइकिङ, वाल क्लाइम्बिङ, गल्फ, स्किइङ, हर्स राइडिङ आदि-इत्यादि खेलको प्रचुर सम्भावना छ।

नेपालमा 'नेपाल पर्वतारोहण बर्सेनि आयोजना गर्ने 'एड्भान्स माउन्टेनियरिङ कोर्स' गर्नेहरूलाई मात्र उपयोगी हुँदै आएको छ।

सोलुखुम्बुमा पूर्वाधार खडा गरिएको भए पनि भौगोलिक विकटता र मौसमका कारण विरलै मानिस रक क्लाइम्बिङका लागि त्यहाँ जान्छन्। चिवाङ गुम्बा सोलुमा पनि रक क्लाइम्बिङको पूर्वाधार तयार छ। कीर्तिपुरस्थित रक क्लाइम्बिङ प्रचार-प्रसारको कमीले गर्दा (चट्टान आरोहण के हो र किन यो हामीलाई चाहिन्छ ? भन्ने चेतना वा जानकारी नभएर) बढ्ने कुरा त छँदैछ।

एनएमएले आयोजना गरेको एड्भान्स कोर्समा गोल्ड मेडल विजेता तथा 'पासाङ ल्हामु पर्वतारोहण प्रतिष्ठान' ले आयोजना गरेको 'ओपन मिडिया हाउस वाल क्लाइम्बिङ कम्पिटिसन २००७' का चिफ जज आङबोर्बु शेर्पा चट्टान-वाल क्लाइम्बिङले ढाड दुख्ने, नसा, मानसिक सन्तुलन ठीक हुने, ह्यान्ड-फूट पावर बढ्ने र स्वतः स्फूर्ति बढ्ने कुरा बताउँछन्।




संघ' गठन भएको धेरै पछि सन् ९० को दशकमा बालाजु रानीवनमा चट्टान आरोहणका लागि भीर छनौट गरी (इचङ्गुको भित्र) विभिन्न (ग्रेडिङ) तह-तह छुट्ट्याएर बालाजुमा चार तहको चट्टान आरोहण प्रारम्भ भएको हो। त्यसमध्ये सुरुको ग्रेडिङमा एक-दुई पटकको व्यावहारिक सिकाइपछि, जो-कोहीले चढ्न सक्ने खालको (नर्मल रुट) छ भने अन्य तीनवटा रुटका लागि केही हद र एक रुटका लागि बाँदरसरह फिजिकल फिटनेस हुनुपर्छ। बालाजुबाहेक एनएमएले लाङटाङमा पनि रक क्लाइम्बिङ सेन्टर खोलेको भए पनि त्यो उसले उपेक्षित छ।

बरु कृत्रिम चट्टान (वाल क्लाइम्बिङ) पासाङ ल्हामु प्रतिष्ठान शङ्खपार्कमा युवा, विद्यार्थीहरूका केही मात्रामा कहिलेकाही उपस्थिति देखिन्छ। कस्तो लाग्यो त वाल क्लाइम्बिङ भन्ने प्रश्नमा सुदेश थापामगर भन्छन्– 'सुरुमा त साह्रै जीउ दुख्यो। तर बिस्तारै ठीक हुँदै गयो। नजानिँदो तरिकाले स्फूर्ति पनि बढ्दै गयो। अहिले त कतिखेर जाऊँ ? जस्तो लाग्छ।' वास्तवमा साता-दस दिन त हातखुट्टाका औंला, पिडुला, कुम, शरीरका विभिन्न भागहरू असाध्यै दुख्छ, तर निरन्तरता दिन सके नसासमेत कसिलो हुन्छ, स्फूर्ति मानसिक सन्तुलन कसरी ठीक हुन्छ ? भन्ने प्रश्नको जवाफमा शेर्पा भन्छन्– 'कुनै पनि खेलाडी आरोही वा खेलाडीले आ□नो ध्यान अन्यत्र नलगाई प्याइन्ट (ग्रिप) मा दिनुपर्छ। यसले गर्दा उसको ध्यान अन्यत्र जाँदैन।' रक क्लाइम्बिङ वा वाल क्लाइम्बिङ खेल अलि महँगो छ। दैनिक ३-४ सयमा चाहिने सामग्रीहरू जस्तै हार्नेस, रक शु, क्याराबिनर, रोप, टेपस्लिङ आदि (कोचसमेत) उपलब्ध गराउँछ। यी सामानहरू ठमेलको 'ट्रेपकङ शप' हरूमा पनि हायर अर्थात् भाडामा पाउन सकिन्छ।

**–निनाम कुलुङ**

# राष्ट्रिय कराँतेमा नेपाल प्रहरीलाई अग्रस्थान

पोखरा- पोखरा रंगशालामा सञ्चालन भएको ११ औं राष्ट्रिय कराँते प्रतियोगितामा नेपाल प्रहरी अग्रस्थान हात पार्न सफल भएको छ। नेपाल प्रहरीले ५ स्वर्ण पदक जितेर सो स्थान हासिल गरेको हो। प्रतियोगितामा सशस्त्र प्रहरीको नेपाल एपीएफ ४ स्वर्णसहित दोस्रो र बाग्मती अञ्चलले ३ स्वर्णसहित तेस्रो स्थान हासिल गरेको छ।

महिलातर्फको ६० किलोग्राम तौल समूहमा सगरमाथाकी उदय राई प्रथम, जनमुक्ति सेनाकी कल्पना विष्ट द्वितीय तथा जनकपुरकी अन्जु विक र कोसी अञ्चलकी उषा राई तृतीय भए। ६० किलोग्रामभन्दा माथिको तौल समूहमा एपीएफकी गंगा अधिकारी पहिलो र जनमुक्ति सेनाकी निरा विक दोस्रो भइन्।

महिला ४८ किलोग्राम तौल समूहमा एपीएफकी कल्पना बस्नेत प्रथम, बाग्मती अञ्चलकी सिर्जना तामाङ दोस्रो, जनकपुरकी गंगा धिमाल र गण्डकी अञ्चलकी संगीता लामा तृतीय भए। महिला ५३ किलोग्राम तौल समूहमा नेपाल प्रहरीकी सुभद्रा श्रेष्ठ प्रथम,



बाग्मतीकी रोशनी खड्का द्वितीय, जनमुक्ति सेनाकी सपना लामा र मेचीकी सुनिता श्रेष्ठ तृतीय भए।

पुरुषतर्फको ८० किलोग्रामभन्दा माथिको तौल समूहमा जनमुक्ति सेनाका दुष्पी राना प्रथम र बाग्मतीका श्यामसुन्दर मानन्धर द्वितीय भए भने ८० किलोग्राम तौल समूहमा एपीएफका लालबहादुर बढुवाल पहिलो र नारायणीका सुरेश अधिकारी द्वितीय भए। ७५ किलोग्राम तौल समूहमा द्विगदेव भट्ट पहिलो र बाग्मतीका सुनिल थिङ द्वितीय भए।

७० किलोग्राममा एपीएफका नवीन कार्की पहिलो र जनकपुरका रोशन लालकर्ण द्वितीय भए। ६५ किलोग्राम तौल समूहमा बाग्मतीका साहिला धमला पहिलो र जनकपुरका गंगा पुष्कर द्वितीय भए। ५० किलोग्राम तौल समूहमा बाग्मतीका सुनील नकर्मी पहिलो र एपीएफका सुनील लामा द्वितीय भए। ५५ किलोग्राममा नेपाल प्रहरीका रवीन्द्र दाहाल प्रथम र एपीएफका विष्णु श्रेष्ठ द्वितीय भए। प्रतियोगितामा पुरुषतर्फ नेपाल प्रहरीका रवीन्द्र दाहाल र महिलातर्फ सगरमाथाकी उदय राई उत्कृष्ट खेलाडी घोषित भए। प्रतियोगितामा १४ अञ्चल र तीन विभागीय टोली गरी कुल ३ सय ७४ खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

**–शिव शर्मा**

# लामो समयपछि विराटनगरमा कुस्ती

विराटनगर- लामो समयको अन्तरालमा गएको शनिबार विराटनगरमा कुस्ती प्रतियोगिता सम्पन्न भएको छ। मोरङ खेलकुद विकास समिति र कुस्ती संघ, मोरङको आयोजनामा भएको मोरङ जिल्लास्तरीय खुला कुस्ती प्रतियोगितामा विभिन्न तौल समूहका १७ जना खेलाडी सहभागी थिए।

पोखरियास्थित जेम्स स्कुलको मैदानमा भएको खेलमा राष्ट्रिय खेलाडी गंगा यादवको प्रतिस्पर्धी नभएकाले उनलाई विजयी घोषित गरियो। १ सय २० किलो तौल समूहबाट मैदानमा उत्रिएका यादवको वलिष्ठ शरीर देखेर उनीसँग प्रतिस्पर्धा गर्ने कोही भएनन्। अर्का ८४ किलो तौल समूहका खेलाडी प्रकाश सुवेदीसँग प्रतिस्पर्धा गर्ने कोही पनि नआएकाले उनलाई विजेता घोषित गरियो। ७४ किलो तौलका राष्ट्रिय खेलाडी पशुपति यादवले छोराको उमेरका सुनिल चौधरीलाई चित गरेर विजय हात पारे।

सीयाराम यादवलाई हराएर ६६ किलो समूहमा सोमी मेहताले जित हासिल गरे। वीरेन्द्र यादवले ६० किलो तौलको वजनमा शालिग्राम कोइरालालाई अंकका आधारमा हराए। ५५ किलोमा विदुरकुमार यादव र ५० किलो तौल समूहमा उपेन्द्र राजवंशी प्रथम भए। ५५ किलोमा अरविन्द राजवंशी र ५० किलो तौलमा दामोदर यादव दोस्रो स्थानमा आए। ४८ किलो तौल समूहमा राजेश मण्डलले मनोजकुमार साहलाई चित पारेर उपाधि हात पारे। विजेताहरूलाई पुरस्कार वितरण गर्ने समारोहमा कुस्ती खेलको विकासमा योगदान गरेबापत कृष्णराज पोखरेल, गंगा यादव र मनोजकुमार शर्मालाई सम्मान गरियो।

**–कमल रिमाल**

● मैदान बाहिर ●



## मन्दीमा खेलाडीका प्रेमिका

विश्वभर आर्थिक मन्दी छाएपछि त्यसको मारमा युरोपियन फुटबलमा नाम र दाम कमाएका खेलाडीका प्रेमिका एवं पत्नीहरू पनि पर्न थालेका छन्। आर्थिक मन्दी हुनुभन्दा अघि सर्वाधिक खर्चालु महिलाको सूचीमा पर्ने खेलाडीका प्रेमिका र पत्नीहरू अहिले कम खचार्लु महिलामा गनिन थालेका छन्। यस क्रममा इङ्ल्यान्डका फुटबलर स्टेभन गेरार्डकी पत्नी एलेक्स पनि कम खर्च गर्न थालेकी छिन्। सन् २००६ मा जर्मनीमा विश्वकप हुँदा सर्वाधिक खर्चालु महिलामा पर्ने एलेक्स अहिले मुस्किलले सातामा दुई पटक मात्र केश बनाउन ब्युटिपार्लर जान्छिन् भने उनी नङ बनाउन केबल दुई पाउन्ड मात्र खर्च गर्छिन्।

## रोनाल्डोको जीवनमा प्रशिक्षक

पोर्चुगलका फुटबल स्ट्राइकर क्रिस्टियानो रोनाल्डोको जीवनमा नयाँ युवतीले स्थान पाएकी छिन्। प्लेब्वाइ स्वभावका रोनाल्डोको जीवनमा धेरै युवती आए पनि अहिले ब्राजिलियन मूलकी ग्याब्रिएला उनकी केटी साथीका रूपमा देखापरेकी छिन्। पेसाले व्यायाम प्रशिक्षक ग्याब्रिएलाको भेट रोनाल्डोसँग एक नाइट क्लबमा भएको थियो। पहिलो भेटमै माया बसेपछि रोनाल्डोले (मायाले ग्याब्रिएलालाई बोलाउने ग्याबी) लाई फिनल्यान्डविरुद्धको मैत्रीपूर्ण खेल हेर्न निमन्त्रणा गरेका थिए। ग्याबीले उक्त प्रतियोगितामा रोनाल्डोको दिलोज्यानले समर्थन गरेकी थिइन्। हाल पोर्चुगलको ब्रिस्बनमा जिममा कार्यरत ग्याबीलाई रोनाल्डोले आफूले हालै किनेको ४० लाख पाउन्ड पर्ने घर समेत लगेका थिए। रोनाल्डोका निकटतम मित्रहरूका अनुसार २७ वर्षीया ग्याबी पनि रोनाल्डोजस्तै कुनै मादक पदार्थ सेवन गर्दिनन् र



आफ्नो शरीरको पूर्ण ख्याल राख्छिन् भने रोनाल्डोको पनि शरीरको हेरचाह गर्छिन्। इङ्ल्यान्डको म्यानचेस्टर युनाइटेडबाट फुटबल खेलिरहेका रोनाल्डोको म्यानचेस्टर युनिभर्सिटीमा अध्ययनरत १८ वर्षीया ओलिभिया स्यान्डेर्ससँग घनिष्ठता बढेको थियो।

## बेकह्याम भिएग्रामा

इङ्ल्यान्डका पूर्व-फुटबल कप्तान डेभिड बेकह्यामसँग जोडेर कुनै पनि उत्पादनको विज्ञापन गर्न सके त्यसले बढी बजार पाउने विश्वास उद्योगपतिहरूको छ। यसै क्रममा चीनको स्पुफ टेलिभिजनले हालै डेभिड बेकह्यामलाई भिएग्रा प्रकृतिको एक उत्पादनको विज्ञापनमा प्रस्तुत गरेको छ। करिब ३० सेकेन्डको उक्त विज्ञापन डेभिड र भिक्टोरिया बेकह्यामका पुराना फुटेजहरूलाई जोडेर तयार पारिएको छ, जसमा डेभिडले सुनौलो बल समाउँदै आफ्नो यौनसन्तुष्टिको मुख्य कारण 'युएसए सिलिकोन' रहेको बताएका छन्। उक्त विज्ञापन प्रसारण भएपछि डेभिडले आफ्नो यौनक्षमतालाई उक्त विज्ञापनले कमजोर रहेको भ्रम सिर्जना गरेको बताएका छन्। ३३ वर्षीय डेभिडले भनेका छन्– 'यो विज्ञापन रमाइलो ढंगले प्रस्तुत गरिएको छैन, यदि यसलाई केही काल्पनिक बनाएको भए राम्रो हुने थियो।'



प्रतीक्षा गर्नुहोस्



# धनकुटामा पनि फेसन सो



**भिषा काफ्ले**

धनकुटा- नेपथ्यमा कुटुम्ब ब्यान्डको 'सय थरी बाजा एउटै ताल' को ट्र्याक बज्न थालेपछि धिमाल समुदायको पहिरनमा धनकुटेली युवती प्रनिता परियार बिरालो चालमा मञ्चमा देखापरिन्। त्यसपछि क्रमशः लिम्बू, राई, मगर, आठपहरिया, तामाङ, नेवार, नेपाली गुन्यूचोली लगाएर रेश्मा तामाङ, जोगमाया लिम्बू, रीता बराइली, सन्तोषी राई, जमुना पराजुली, रीना बस्ती आदि १५ जना मोडल लगातार एकपछि अर्को गर्दै ऱ्याम्पमा उत्रँदा धनकुटेलीहरूले तालीको गडगडाहटका साथ उनीहरूको स्वागत गरे। धनकुटामा पहिलो पटक आयोजित गरिएको वेशभूषा प्रदर्शनीको पहिलो झलक सांस्कृतिक पहिरनको थियो।

फेन्सी ड्रेस सो शीर्षक दिइएको कार्यक्रमको दोस्रो चरणमा नेपाली, हिन्दी र अंग्रेजी रिमिक्स गीतहरूको म्युजिकमा १५ मोडलले पुनः बिरालो चालमा एकपछि अर्को गर्दै ड्रेस डिजाइनर तथा आयोजक कुसुम रानाले डिजाइन गरेका पहिरन प्रस्तुत गरे। कुसुम सीप विकास केन्द्रकी सञ्चालिका रानाले आफ्नो १५ वर्षको अनुभवका आधारमा डिजाइन गरेका उत्कृष्ट वेशभूषाहरूलाई धनकुटाका स्थानीय मोडलहरूमार्फत् प्रदर्शन गरेकी थिइन्।

चार राउन्डमा विभाजित फेसन सोको मुख्य अकर्षण तेस्रो सो रह्यो जसमा प्लास्टिक, कागज र सल्लाको सल्लिपिरबाट डिजाइन गरिएका पहिरनहरू प्रस्तुत गरिए। जसअन्तर्गत पहिले प्लास्टिकबाट बनेको टिसर्ट र स्कट लगाएर दुई युवतीहरू ऱ्याम्पमा उत्रिए। त्यसपछि स्थानीय पत्रिकाहरूलाई डिजाइन गरेर तयार पारिएको स्टकोट र हाफपाइन्टमा दुई युवाले मोडलिङ गरेका थिए भने सल्लाबाट बनेको पहिरन प्रस्तुत हुँदा दर्शकहरूले लामो हुटिङ गरेका थिए।

नारी दिवसका अवसरमा धनकुटामा पहिलो पटक आयोजित फेसन सोको अन्तिम प्रस्तुतीका रूपमा ९९ औं नारी दिवसलाई आधार मानी तयार गरिएका ९९ टुक्रा कपडाबाट डिजाइन गरिएका पहिरन लगाएर मोडलहरू ऱ्याम्पमा उत्रिएका थिए। फेसन सो धनकुटेली ड्रेस डिजाइनर कुसुम रानाको डिजाइन तथा धनकुटाकै नवकोरियोग्राफर सरोज भुजेलको कोरियोग्राफीमा समपन्न भएको थियो।

फेसन सोलाई अझ रमाइलो बनाउन आमन्त्रण गरिएका कलाकारहरू दुर्गा पराजुली र सरिता राईले लोक तथा पप गीत सुनाए भने हास्य गायक दुर्गा पाठकले दर्शकहरूलाई हँसाएका थिए। स्थानीय गायक-गायिकाहरू दुर्गा विक, नारायण विक एवं ऋतुराज लिम्बूले पनि वातावरणलाई तताए। त्यसैगरी त्रिवेणी सांस्कृतिक समूहको 'गैरीखेतको शिरै हान्यो' नृत्यले फेसन सोलाई अझ रमाइलो बनाएको थियो।

# मोनिकाको शिरमा किड क्वीनको ताज



तस्बिर : नवराज बाले

मनमोहक रंगहरूको सुन्दर संयोजनमा तयार पारिएका थरी-थरीका पहिरन अनि तिनमा □लावरी लुकको आकर्षण। आईईसी फेसन डिजाइनिङ इन्स्टिच्युटका विद्यार्थीहरूले तयार पारेका पहिरनमा सजिएका ४१ जना प्रतिस्पर्धीले अंग्रेजी संगीतको तालमा आकर्षक ढंगबाट स्वागत नृत्य प्रस्तुत गरेपछि प्रारम्भ भयो– वाईवाई क्विक किड क्विन नेपालको सातौं संस्करण। त्यसपछि प्रतिस्पर्धीहरूले आ-आफ्नो परिचय दिए। गत आइबार प्रज्ञाभवनको डबलीमा नेप्लिज फेसन होमले आयोजना गरेको किड क्विन प्रतिस्पर्धाको बेस्ट ड्रेस राउन्डको बेग्लै आकर्षण थियो, प्रतिस्पर्धी बालिकाहरूको आत्मविश्वासले भरिपूर्ण आकर्षक बिरालो चालको हिंडाइ अनि तिनीहरूको पहिरनका दर्जनौं थरीका आकर्षक पहिरनहरू। कतिपयले परिमार्जित परम्परागत पहिरन लगाएका थिए त कोही परी बनेका थिए। कोही दुलही त कोही जातीय पहिचान झल्काउने वेशभूषामा थिए।

विवेक श्रेष्ठ र रोहिया मर्हजनको कोरियोग्राफी रहेको उक्त कार्यक्रमा बेस्ट ड्रेस राउन्डपछि उत्कृष्ट १५ को छनौट गरियो अनि प्रश्नोत्तरको सिलसिला प्रारम्भ भयो। त्यसपछि छनौट भएका सात जना प्रतिस्पर्धीले अन्तिम चरणमा स्थान पाए। निर्णायक प्रश्नको उत्तर दिने क्रममा सबैभन्दा प्रभावकारी उत्तर दिन सफल भइन् मोनिका शेरचन र उनी छनौट भइन् वाईवाई क्विक किड क्विन नेपालका रूपमा।

Computer Hardware & Networking
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor: Tel: 016217094 | Adwait Marg Old Buspark: Tel: 4232866 | Lagankhel: Tel: 5004018

मोबाईल तालिम
○ मोबाईल फोन (Chinese मोबाईलको सफ्टवेयर मराईन्छ)
○ रेडियो क्यासेट DVD, VCD, TV
○ एसि/फ्रिज
○ हाउसवायरिङ्ग
○ मोटरवाईण्डिङ
○ कम्प्युटर हार्डवेयर, सफ्टवेयर
Guarantee
१२ वर्ष पुरानो
30% छुट्ना
Job का लागि सम्पर्क
तालिमको लागि सम्पर्क :
राज इलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: 4495581
कालिमाटी: 01-6224798
नोट: विदेश जानेलाई विशेष कोर्ष।

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
आश्चर्यजनक सफलता थोरै लगानीमा व्यवसायी बन्न सकिने !
नेपालमा पहिलो उद्यमशीलता तालिम तथा रोजगारी विकास
DIGITAL VIDEO-EDITING & ANIMATION
WORK IN USA
फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (WORLDWIDE VALID CERTIFICATE)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

अंग्रेजी दुई महिना मै !!!
Free: Books, Audio/Video CDs
Regular Handouts
Daily Listening Class
Focused on Conversation
Free Internet Email course
IELTS Rs. 2000/- only
Free Materials
Library Facilities
Expert Teachers
Study in : UK, USA, Australia, Cyprus
Getway Educational Consultancy
Bagbazar, Kathmandu
Contact: 4239719, 4241870

३ महिनामा ४" उचाइ बढाउने
◆ केश झर्न तुरुन्तै रोकी उमार्ने
◆ १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆ जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆ तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆ १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5550195
Mo:9841556532
शाखा कार्यालय बनेपा 011- 660924

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधीको लागि मात्र।
▶ कुक १ ½ महिना रू. २७००/-
▶ कुक ३ महिना रू. ३७००/-
▶ वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२.थप तालिमको लागि 4/5 star होटलमा पठाइने।
३.तालिमपछि दुबई,बहराइन,कतार पठाईने।
४.Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

होटल तालीम
छुट्टा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

ग्लोवलको तालिम 5★ मा
★Hotel Mgmt. Basic/Adv.
★F&B Mgmt. Basic/Adv
★Bartender Mgmt. Basic/adv
★Culinary Arts Mgmt. (Cook) Basic/Adv
★F & B Service Mgmt (Waiter) Basic/Adv
★Bakery Pastery Mgmt. / Ice / veg carving
★Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate
(Next to the Petrol Pump)
☎4484098,2134544

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।